# किसानको अधिकार
# कानुन पुनरावलोकन
## अध्ययन प्रतिवेदन



राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल
२०७५

# किसानको अधिकारसम्बन्धी कानुनको पुनरावलोकन अध्ययन प्रतिवेदन


राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

मा. अनूप राज शर्मा, अध्यक्ष

मा. प्रकाश वस्ती, सदस्य

मा. सुदिप पाठक, सदस्य

मा. मोहना अन्सारी, सदस्य

मा. गोविन्द शर्मा पौड्याल, सदस्य

## सचिव

वेदप्रसाद भट्टराई

**पुनरावलोकनकर्ता**
राजु चापागाईं, अधिवक्ता
श्यामबाबु काफ्ले, नि. महाशाखा प्रमुख, कानुन
राष्ट्रिय मानव अधिकार अयोग

**प्रकाशक**
राष्ट्रिय मानव अधिकार आयोग
कानुन महाशाखा
हरिहरभवन, ललितपुर

**प्रकाशन मिति :** २०७५ असार
**प्रकाशन प्रति :** ५००

**रामाअआ के.का :** २२९

**सर्वाधिकार :** राष्ट्रिय मानव अधिकार आयोग

आयोगको स्वीकृतिविना यस अध्ययनलाई पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरूमात्र साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# मन्तव्य

सुरक्षित र पर्याप्त खाद्यान्नको अभावमा व्यक्तिको जीवनयापन असम्भव छ । व्यक्तिको जीवनको अधिकार संरक्षणको सन्दर्भमा खाद्यान्नको अधिकारको परिपूर्ति आधारभूत सर्त हो । किसानको परिश्रम र लगानीको अभावमा खाद्यान्न अधिकारको परिपूर्ति प्रायः असम्भव छ । खाद्यान्नको अभावमा व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादा सङ्कटमा पर्दछ । यी सबै अवस्था आउन नदिन किसान समुदायको महत्वपूर्ण योगदान रहेको हुन्छ । अर्थात किसान व्यक्तिको जीवनको अधिकारका अग्रपंक्तिका संरक्षक हुन् । तर किसानका अधिकार सधैं जोखिममा छन् । उनीहरूको आर्थिक, सामाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरूको संरक्षणको विषय व्यवहारमा राज्यको प्राथमिकतामा रहेको अनुभव किसान समुदायबाट अझैपनि हुन सकेको छैन । किसान भए वापत राज्यबाट प्राप्त गर्नुपर्ने आधारभूत आवश्यकताका सामग्री, अवसर र सेवा प्राप्ती उनीहरूको लागि चुनौतीपूर्ण छ ।

उल्लिखित अवस्थामा राष्ट्रिय मानव अधिकार आयोगलाई नेपालको संविधानको धारा २४९(१) को खण्ड (च) ले प्रदान गरेको कार्यादेश, सो कार्यादेशबमोजिम तयार भएको रणनीतिक योजना सन् २०१५-०२० र संयुक्त राष्ट्रसङ्घले किसान तथा ग्रामीण जनताका अधिकार संरक्षणसम्बन्धी स्थायी संयन्त्रको निर्माणको पहल गरी सकेको सन्दर्भलाई समेत ध्यानमा राखी आयोगबाट **किसानका अधिकारसम्बन्धी कानुनहरूमा पुनरावलोकन** अध्ययन गरिएको हो । यस अध्ययनबाट संवैधानिक रूपमा अन्य नागरिक सरह किसानलाई पनि सम्मानपूर्वक बाँच्न, संस्था खोल्न, समान कानुनी संरक्षण प्राप्त गर्न, कानुनको अधिनमा रही सम्पत्तिको प्रयोग गर्न पाउनेलगायतका अधिकारहरूको प्रत्याभूति रहेको देखिएको छ । समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यका सबै निकायहरूमा सहभागिता, कृषि कार्यकोलागि भूमिमा पहुँच, परम्परादेखि प्रयोग गरिएका स्थानीय बिउबिजन, कृषि प्रजातिको छनौट र संरक्षणको हकलाई किसानको मौलिक हकमा समावेश गरी संविधानबाट नै सकारात्मक सन्देश प्रवाह गरेको पनि अध्ययनको निष्कर्ष रहेको छ ।

अधिकारहरूको वास्तविक उपभोगको लागि किसानका अधिकारसम्बन्धी एकीकृत कानुनको अभाव रहेको र त्यसलाई तत्काल सम्बोधन हुनुपर्ने पनि अध्ययनको निष्कर्ष छ । कृषिमा संलग्न सबै नागरिकको सम्मान र पहिचान, खाद्य-अधिकार तथा खाद्य-सम्प्रभुता, बिउबिजन छनौट तथा संरक्षण, परम्परागत ज्ञानको संरक्षण, प्राकृतिक स्रोत माथिको पहुँच, सामुदायिक स्वामित्वको मान्यता, क्षतिपूर्ति तथा हर्जनाको अधिकार, सिँचाइ सुविधा,

कृषि पूर्वाधारमा पहुँच, कृषि मजदुरहरूको हकहित संरक्षण, जबर्जस्ती विस्थापनबाट संरक्षणजस्ता विषयहरूमा रहेका कानुनी रिक्ततालाई एकीकृत कानुनमा समावेश गर्न अध्ययनले सिफारिस गरेको छ ।

अतः आयोगबाट भएको यस अध्ययनबाट किसानको अधिकार सम्बन्धी एकीकृत कानुन निर्माण प्रकृया अगाडी बढाउने सन्दर्भमा नेपाल सरकार, संघिय संसद, किसानको अधिकार सम्बन्धमा चासो राख्ने बुद्धिजीवि, प्राज्ञ, अध्ययनकर्ता, स्वयं किसान समुदाय, सर्वसाधारण लगायत सबैलाई सहयोग पुग्ने र त्यसबाट सबै व्यक्तिको लागि विशेषतः खाद्यान्नको अधिकारको प्रचलनमा सहजता आउने अपेक्ष यस आयोगले गरेको छ । यो अध्ययन किसानको अधिकार सँग सरोकार राख्ने सबै पक्षको लिखित, मौखिक वा अन्य माध्ययमबाट प्राप्त सहयोगबाट मात्र सम्भव भएको सन्दर्भमा यस कार्यमा कुनै न कुनै रूपमा संलग्न सबैलाई धन्यवाद दिन चाहन्छु । अन्त्यमा, छरिएर रहेका राष्ट्रिय र अन्तराष्ट्रिय कानुनी व्यवस्थाहरू, अन्तराष्ट्रिय रूपमा विकास भइरहेका विषयहरू, न्यायालयबाट भएका आदेशहरू, यस आयोगबाट भएका सिफारिसहरू, किसान आयोगबाट भएका सिफारिसहरूको समेतको विस्तृत अध्ययन गरि अत्यन्त मेहनतका साथ यो अध्ययन प्रतिवेदन तयार गर्नुहुने यस आयोगका कानुन महाशाखाका निमित्त प्रमुख श्यामबाबु काफ्ले र परामर्शदाता राजु चापागाईलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

अनूप राज शर्मा

अध्यक्ष

## विषयसूची


| | | |
|---|---|---|
| **१.** | **प्रारम्भिक** | **१** |
| | १.१. परिचय | १ |
| | १.२. पृष्ठभूमि तथा सन्दर्भ | १ |
| | १.३. अध्ययनको उद्देश्य | ४ |
| | १.५. अध्ययनको सीमा | ४ |
| | १.६. अध्ययनको विधि तथा प्रक्रिया | ५ |
| | १.७. अध्ययन प्रतिवेदनको संरचना | ५ |
| **२.** | **किसानका अधिकारको संवैधानिक संरक्षण** | **७** |
| | २.१. ऐतिहासिक सन्दर्भ | ७ |
| | २.२. नेपालको संविधान २०७२ | ८ |
| **३.** | **अन्तर्राष्ट्रिय कानुन र किसानका अधिकार** | **१७** |
| | ३.१. अन्तर्राष्ट्रिय मानव अधिकार कानुन | १७ |
| | ३.२. अन्तर्राष्ट्रिय वातावरण कानुन | ३२ |
| | ३.३. अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी कानुन | २४ |
| | ३.४. आनुवांशिक स्रोत संरक्षणसम्बन्धी कानुन | २६ |
| | ३.५. आदिवासीका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रम संगठनसम्बन्धी कानुन | २६ |
| | ३.६. खाद्यसम्बन्धी सार्क सम्झौता | २७ |
| **४.** | **किसानको अधिकारसम्बन्धी कानुनी व्यवस्था** | **२८** |
| | ४.१. किसानको पहिचान र सम्मान | २८ |
| | ४.२. कृषि कार्यका लागि भूमिमा पहुँच | २९ |
| | ४.३. सिँचाइमा पहुँच | ३२ |
| | ४.४. कृषि श्रमिकको हकहित संरक्षण | ३३ |
| | ४.५. गुणस्तरीय विउबिजनमा पहुँच | ३७ |
| | ४.६. कृषि उपजको बजारीकरण | ३८ |
| | ४.७. सङ्गठित हुने स्वतन्त्रता तथा सूचनाको हक | ४० |
| | ४.८. जैविक विविधता, वन तथा वातावरण | ४३ |
| | ४.९. सहकारी, गरिबी निवारण तथा सामाजिक कल्याण | ४५ |
| | ४.१०. जबर्जस्ती उठिवासविरूद्धको संरक्षण | ४७ |
| | ४.११. कृषि उपजको निकासी पैठारी | ४८ |
| | ४.१२. पशुसेवा तथा स्वास्थ्य | ४८ |
| | ४.१३. कृषि अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास | ४९ |
| | ४.१४ स्थानीय तह र किसान | ५० |

| | | |
|---|---|---|
| | ४.१५ देवानी संहिता र किसान | ५१ |
| **५.** | **किसानका हकअधिकारसँग सम्बन्ध राख्ने न्यायिक निर्णय** | **५२** |
| | ५.१. राष्ट्रिय निकुञ्जका वन्यजन्तुले गरेको बालीनालीको नोक्सानी | ५२ |
| | ५.२. भोकमरीबाट संरक्षण | ५४ |
| | ५.३. सुरक्षित खानेपानीको पहुँच | ५६ |
| | ५.४ लैङ्गिक विभेद र महिलाको आर्थिक सशक्तीकरण तथा सम्पत्ति (भूमि) | ५९ |
| | ५.५ संवैधानिक प्रत्याभूतिको कार्यान्वयन | ६२ |
| | ५.६ मुक्त बँधुवा श्रमिकको पुनर्स्थापना | ६४ |
| | ५.७ सशस्त्र द्वन्द्वमा कब्जाभूमि तथा सम्पत्ति फिर्ता | ६७ |
| | ५.८ जग्गाको हदबन्दी कार्यान्वयन | ६८ |
| | ५.९ प्राकृतिक स्रोतको दोहन रोक | ६९ |
| | ५.१० सडेगलेका जीवनाशक विषादीको वातवरणमैत्री व्यवस्थापन | ७० |
| **६.** | **राष्ट्रिय मानव अधिकार आयोगको पहल** | **७३** |
| | ६.१ किसानको अधिकार संरक्षण | ७३ |
| | ६.२ किसानको अधिकारमा नीतिगत पहल | ७३ |
| | ६.३ किसानको अधिकारमा आयोगको प्राथमिकता | ७५ |
| | ६.४ आयोगको योजनामा किसानको अधिकार | ७६ |
| **७.** | **किसानको अधिकारमा सरकारको पहल** | **७७** |
| | ७.१ नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना | ७७ |
| | ७.२ कृषि विकास मन्त्रालय | ७९ |
| | ७.३ नेपाल कृषि अनुसन्धान परिषद् | ८० |
| | ७.४ पशुसेवा विभाग | ८१ |
| | ७.५ कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | ८१ |
| | ७.६ सहकारी तथा गरिबी निवारण मन्त्रालय | ८१ |
| **८.** | **किसानको अधिकारमा राजनीतिक दलहरूको धारणा** | **८४** |
| | ८.१ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एमाले) | ८४ |
| | ८.२ नेपाली काङ्ग्रेस | ८५ |
| | ८.३ तत्कालीन नेकपा (माओवादी केन्द्र) | ८५ |
| | ८.४ नेपाल मजदुर किसान पार्टी | ८५ |
| **९.** | **किसानको अधिकारमा राष्ट्रिय किसान आयोगको पहल** | **८८** |
| **१०.** | **निष्कर्ष, सुझाव तथा सिफारिसहरू** | **९१** |
| | १०.१ निष्कर्ष | ९१ |
| | १०.२ सुझाव/सिफारिसहरू | ९४ |

# परिच्छेद एक

# प्रारम्भिक

## १.१. परिचय

कृषि र किसानको हक हितको विषय मुख्यतः राज्यको निर्देशक सिद्धान्त तथा नीतिको विषय बन्दै आएको थियो । तर संविधानसभाबाट जारी नेपालको संविधान (२०७२) ले कृषिलाई मौलिक हकअन्तर्गत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको महत्वपूर्ण अवयवका रूपमा मान्यता दियो । राष्ट्रिय मानव अधिकार आयोगले कृषि तथा कृषकका अधिकारका विषयहरूलाई आफ्नो रणनीतिक प्राथमिकताका क्षेत्रहरूअन्तर्गत समाहित गरेको छ । 'सबैका लागि घरघरमा मानव अधिकारः शान्ति र विकासको आधार' दूरदृष्टि राखेको आयोगको रणनीतिक योजना २०१५-२०२० हाल कार्यान्वयनमा छ । रणनीतिक योजनाबमोजिम किसान तथा सिमान्तीकृत वर्गका हकहितमा आयोगले धेरै काम गर्नुपर्ने अवस्था छ ।[1] रणनीतिक योजनाले कृषि प्रधान देशमा किसानका अधिकार उपभोगको अवस्थामा सुधार हुनुपर्ने र त्यसको लागि राज्यको पर्याप्त ध्यान पुग्न आवश्यक भएको उल्लेख छ । किसानलाई कृषि उत्पादनका लागि आवश्यक सिँचाइ, मल, बिउबिजन, उन्नत प्रविधि, यातायातको पहुँच, बजार र उचित मूल्यको अभाव रहेको तथ्यलाई आत्मसात् गरेको छ । सोही निष्कर्षमा आधारित भएर रणनीतिक योजनाले किसान, मजदुर, विपन्न, सीमान्तीकृत र पिछडिएका वर्गको अधिकारसम्बन्धी विद्यमान कानुनको पनुरावलोकन गर्ने, नीति तथा कानुन निर्माणका लागि सिफारिस गर्ने एवम् समाजमा चेतना जागृत गर्नेलगायतको रणनीति अख्तियार गरेको छ । सोही रणनीतिलाई कार्यान्वयन गर्ने प्रयासस्वरूप आयोगले "नेपालमा किसानको अधिकारसम्बन्धी कानुनको पुनरावलोकन" विषयक अध्ययन सम्पन्न गरेको हो ।

## १.२. पृष्ठभूमि तथा सन्दर्भ

नेपालमा झन्डै दुईतिहाई जनसङ्ख्या रोजगारी तथा जीविकाको लागि कृषि पेसामा निर्भर छन् ।[2] उद्योग तथा बन्द व्यापार पनि प्रायःजसो कृषि उपजमा नै आधारित हुने भएकाले

१ आयोगले मानव अधिकार सरंक्षण र सवंद्धर्न गर्ने आफ्नो कर्तव्य निर्वाह गर्ने क्रममा सीमान्तकृत, विपन्न, ज्येष्ठ नागरिक, बालबालिका, शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्ति, दलित, गरिब किसान, पिछडिएका वर्गलाई विशेष प्राथमिकता दिनुपर्नेमा व्यवहारतः त्यसो हुन सकको छैन । यसले गर्दा मानव अधिकार संरक्षण र संवर्द्धनको जुन व्यक्ति वा समुदायलाई बढी आवश्यक रहेको छ तिनीहरु नै अधिकारबाट वञ्चित रहेको अवस्था छ ।

२ प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना दस्तावेज, नेपाल सरकार कृषि विकास मन्त्रालय, सिंहदरबार, काठमाडौँ, २०७३।९।२६ पृष्ठ १

अप्रत्यक्ष रूपमा कृषिमा निर्भर हुने जनसङ्ख्याको प्रतिशत ठूलो छ । कृषि उत्पादनले कुल गार्हस्थ उत्पादनको एकतिहाई ओगट्दछ । तर नेपालको समग्र अर्थतन्त्रको महत्वपूर्ण खम्बाको रूपमा रहेको कृषि क्षेत्र तथा यसमा संलग्न हुने किसानहरूको अधिकार प्रचलनको अवस्था भने दयनीय छ । कृषि तथा भूमि सुधारका विभिन्न प्रयासहरु विगतमा हुँदै आएको भए तापनि त्यसले सार्थक रूप प्राप्त गरि सकेको देखिँदैन । कृषि क्षेत्र उपेक्षित हुँदै जाँदा जनताका आर्थिक तथा सामाजिक अधिकार उपभोगको अवस्था नाजुक रहने अवस्थामा सूधारको आवश्कता छ ।

संयुक्त राष्ट्रसङ्घीय मानव विकास प्रतिवेदन, २०१६ अनुसार १४४ औँ स्थानमा रहेको नेपालमा[३] गरिबी, अशिक्षा, भोकमरी तथा कुपोषणजस्ता समस्याबाट ठूलो जनसङ्ख्या पीडित हुनुपर्ने अवस्था विद्यमान छ । समग्र जनसङ्ख्याको २५% जनता गरिबीको रेखामुनि[४] छन् । राष्ट्रिय योजना आयोग र Oxford Poverty and Human Development Initiative, University of Oxford ले प्रकाशित गरेको Nepal Multidimensional Poverty Index, 2018 ले नेपालमा २८.६ प्रतिशत multidimensionally गरिबी रहेको उल्लेख छ ।[५] नेपालमा करिब ५० लाख जनता कुपोषित अवस्थामा छन् ।[६] Global Hunger Index (GHI), 2017 अनुसार ११९ देशहरूमध्येमा नेपाल ७२ औँ स्थानमा छ ।[७] सहरी जनसङ्ख्याको १५% र ग्रामीण जनसङ्ख्याको २७% गरिब छन् । बालबालिकामा कुपोषणको समस्या विकराल छ । संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमअनुसार ४६% बालबालिका तथा प्रजनन उमेरका ३५% महिलाहरु कुपोषण तथा भोकबाट पीडित छन् ।[८] नमुना

३ UNDP, *Human Development Report 2015*, p. 208-209

४ गरिबी मापनको लागि सन् २००५ मा विश्वबैंकद्वारा विकास कोरिएको गरिबीको रेखा अनुसारन्यून आय भएका मुलुकहरूमा प्रतिदिन अमेरिकी डलर १.२५ सम्म र मध्यम आय भएका मुलुकहरूमा प्रतिदिन अमेरिकी डलर २ सम्म आम्दानी गर्ने परिवार निरपेक्ष गरिबको परिभाषाभित्र पर्दछन् । नेपालको सन्दर्भमा राष्ट्रिय जीवनस्तर सर्वेक्षणको अध्ययनअनुसार गरिबी मापनलाई आधारभूत आवश्यकताको मूल्यमा आधारित गरिएको छ । यस विधिअनुसार गरिबीको रेखालाई स्थानीय मुद्रामा कुनै व्यक्तिले खाद्य तथा गैरखाद्य वस्तुको उपभोगको लागि गर्नुपर्ने खर्चको आधारमा निर्धारण गरिएको छ । प्रतिदिन न्यूनतम २,२२० क्यालोरी शक्ति आर्जनको लागि आवश्यक खर्चलाई खाद्य वस्तुको खर्च मानी यसको लागि रू. ११,९२९ तथा गैरखाद्यवस्तुको लागि रू.७,३३२ समेत गरी जम्मा रू. १९,२६१ को वार्षिक खर्चलाई (सन् २०१०-११ को मूल्यमा आधारित) नेपालको सन्दर्भमा गरिबीको रेखा निर्धारण गरिएको छ ।(हेर्नुहोस्, गरिबी निवारण कोष, सहरी गरिबीका विविध पक्षको अध्ययन तथा उपयुक्त कार्यान्वयन संयन्त्रको पहिचान । आ.व. २०७०/७१, काठमाडौँ ।)

५ Government of Nepal, National Planning Commission, Nepal Multidimensional Poverty Index, Analysis Towards Action, 2018, National Planning Commission, Nepal & Oxford Poverty and Human Development Initiative, University of Oxford page viii

६ See,<https://www.wfp.org/stories/top-facts-about-hunger-nepal> accessed on 12/11/2016 .

७ See, <http://www.globalhungerindex.org/results-2017/ accessed on 1/06/2018

८ See,<https://www.wfp.org/stories/top-facts-about-hunger-nepal> accessed on 12/11/2016

कृषिगणना २०११ अनुसार आफ्नो उत्पादन मात्रैले खाद्यको आवश्यकतापूर्ति नहुने किसानहरू ४०% छन् । खाद्यान्नको आयात-निर्यात असन्तुलित छ । सन् २०१३ र १४ को बीचमा नेपालले ११.४ मिलियनको निर्यात गऱ्यो भने २१९५३.९ मिलियनको आयात गऱ्यो । समग्रमा गरिबी विगतको तुलनामा घटेको देखिए पनि खाद्य असुरक्षित परिवार नोभेम्बर २०१३ मा १५.९% रहेकोमा मार्च २०१४ मा १९.६% छ । जसमध्ये हिमालमा ३९.२, पहाडमा १८.५ र तराईमा १७.२% रहेको छ ।[९] कृषिमा आधारित एउटा परिवारलाई खाद्य सुरक्षित बन्नका लागि हिमाली भेगमा ०.७४ हेक्टर जग्गा, पहाडमा ०.५२ र तराईमा ०.४२ हेक्टर जग्गाको आवश्यक पर्दछ । तर, ८०.६% परिवारसँग १ हेक्टरभन्दा कम, ५५.९% सँग ०.५ हेक्टर र औसतमा एक परिवारसँग जम्मा ०.२३ हेक्टर जग्गा छ । ६०% किसानको आफ्नो उत्पादन वार्षिक उपभोगका लागि अपुग छ ।[१०] आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको उपभोगबाट बञ्चित रहेको उल्लिखित अवस्था नै नेपालमा दशक लामो सशस्त्र द्वन्द्व तथा अन्य राजनीतिक एवम् सामाजिक अन्दोलनहरूको मूल कारण बन्ने गरेको उल्लेख भएको पाईन्छ ।[११] समाजमा दिगो शान्तिको प्रवर्द्धन गर्न आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारको संरक्षण र प्रवर्द्धनलाई पनि त्यत्तिकै महत्व दिनुपर्नेतर्फ विस्तृत शान्ति सम्झौताले पनि जोड दिएको देखिन्छ ।[१२]

उल्लिखित पृष्ठभूमिमा नेपालको संविधानले गरिबीको अवस्थालाई सम्बोधन गरी आर्थिक तथा सामाजिक समृद्धि हासिल गरी दिगो शान्ति सुनिश्चित गर्ने उद्देश्यका साथ मौलिक हकअन्तर्गत नै खाद्य, आवास, शिक्षा, स्वास्थ्य, वातावरणीय स्वच्छता, सामाजिक न्याय तथा समाजिक सुरक्षाजस्ता अधिकारहरूलाई समाहित गरेको छ । जसअन्तर्गत किसानका अधिकारलाई पनि प्रत्यक्ष रूपमा समाहित गरिएको छ । द्वन्द्वका मूल कारणहरूको

---

९ स्रोतः खाद्य तथा पोषण सुरक्षा कार्ययोजना, २०१६ तथा शून्य भोकमरी प्रयास सम्बन्धी कार्ययोजना, (२०१६-२०२५) ।

१० राष्ट्रिय कृषिगणना २०६८ को सङ्क्षिप्त नतिजा बुँदा नं. ५

११ नेकपा (माओवादी) "४० बुँदे मागपत्र", २०५२ माघ २१ । यस्ता मुख्य मुद्दाहरूमा सम्पत्तिमाथि महिलाको समान अधिकार, जातीय भेदभाव र छुवाछुतको उन्मूलन गर्नुपर्ने, स्थानीय जनताको प्राकृतिक स्रोत-साधनमाथि नियन्त्रण र पहुँचलाई सुनिश्चित गर्ने, अर्थपूर्ण विकेन्द्रीकरण, वास्तविक जोताहाको स्वामित्वमा जग्गा हुनुपर्ने, भूमिपतिहरूबाट जग्गा जफत गरी भूमिहीनहरूलाई वितरण गर्नुपर्ने, रोजगारी र काम गर्ने अधिकारको प्रत्याभूति, काम गर्ने अवसर नदिइँदासम्म बेरोजगार भत्ताको व्यवस्था, कृषि ऋण वा कर्जाबाट गरिब किसानको मुक्ति, सर्वसुलभ मलखाद र बिउमा पहुँच, प्राकृतिक प्रकोपका पीडितहरूलाई मानवीय सहायता, महँगी नियन्त्रण, कृषि श्रमिकलगायतलाई न्यूनतम ज्यालाको कानुनी संरक्षण, खानेपानीमा पहुँच, घरेलु उद्योगको प्रवर्द्धन, कालोबजारी नियन्त्रण, भ्रष्टाचार र वित्तीय अनुशासनहीनताको नियन्त्रण, टुहुरा बेसहारा, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा तथा बालबालिकालगायतका असुरक्षित समूहका लागि विशेष संरक्षणजस्ता कुराहरू थिए ।

१२ विस्तृत शान्ति सम्झौता, २०६३ मंसिर ५, धारा ३.५ र ७.१.१ ।

सम्बोधन गर्न संविधानले गरेका त्यस्ता मौलिक कानुनी प्रत्याभूतिलाई व्यावहारिक रूपमा नै नागरिकले उपभोग गर्ने वातावरण सृजना गर्न आवश्यक पर्ने कानुनको विद्यमानता तथा त्यस्ता कानुनको कार्यान्वयनको प्रभावकारिता अपेक्षित हुन्छ । यसै सन्दर्भमा संवैधानिक प्रत्याभूति एवम् अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको परिप्रेक्ष्यमा विद्यमान कानुनको पुनरावलोकन गरी कृषि तथा किसानमुखी तथा किसानका हकहित विरूद्धका कानुनी प्रावधानहरूको पुनरावलोकन गरिएको छ । कानुनी व्यवस्थाहरूको समीक्षा तथा पुनरावलोकनले पहिल्याएका तथ्यहरूको आधारमा आवश्यक सुझावहरु दिइएको छ । यस अध्ययन प्रतिवेदनमा समाहित गरिएका सुझावहरूको आधारमा नै आयोगले सरकारका सम्बन्धित निकायहरूलाई जबाफदेही बनाउन भूमिका खेल्न सहयोग पुग्नेछ ।

## १.३. अध्ययनको उद्देश्य

नेपालको संविधान तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गतका प्रत्याभूतिअनुरूप किसानका अधिकारहरु संरक्षण तथा प्रवर्द्धनको विषयलाई मूल प्रवाहीकृत गर्न तथा त्यसतर्फका प्रयासहरूलाई ठोस आधार सृजना गर्नका लागि आयोगले यो अध्ययन अगाडि बढाएको हो । यस अध्ययनका खास उद्देश्यहरु निम्नानुसार छन् :

- नेपालको संविधान तथा नेपाल पक्ष भएका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनको परिप्रेक्ष्यमा कृषि क्षेत्रको विकास तथा किसानको अधिकारको संरक्षण तथा प्रवर्द्धनका लागि गरिएका कानुनी प्रावधान तथा न्यायिक प्रयासहरूको पहिचान तथा समीक्षा गर्ने ।
- कृषि क्षेत्रको विकास तथा किसानको अधिकारको परिप्रेक्ष्यबाट कानुनी तथा नीतिगत प्रावधानहरूको सुधारका लागि आवश्यक सुझावहरु दिने ।
- पहिचान गरिएका सकारात्मक कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयनका उपायहरु पहिल्याउने तथा तिनको कार्यान्वयनका लागि सुझावहरु दिने ।
- संवैधानिक प्रत्याभूति एवम् नेपालको अन्तर्राष्ट्रिय मानव अधिकार कानुनी दायित्वको सन्दर्भमा कृषि क्षेत्रको विकास तथा किसानका अधिकारको सुदृढीकरणका लागि उपायहरु सुझाउने ।

## १.४. अध्ययनको सीमा

प्रस्तुत अध्ययन मुख्यतः किसानको हकहितका सन्दर्भमा प्रचलित रहेका कानुनी व्यवस्थाहरु तथा न्यायिक आदेश तथा फैसलाहरूलाई पहिचान गर्ने तथा तिनको विश्लेषणमा नै केन्द्रित छ । विद्यमान कानुनको पुरावलोकन गर्दा कृषि क्षेत्रको विकासमा बाधा पार्ने

तथा किसानको हकहितमा प्रतिकूल प्रभाव पार्न सक्ने प्रकृतिका कानुनी व्यवस्थाहरूको पनि यथाशक्य पहिचान गर्ने तथा त्यस्ता कानुनी प्रावधानहरूमा सुधार तथा संशोधनका प्रयास अगाडि बढाउन सघाउ पुगोस् भन्नेतर्फ पनि अध्ययनले ध्यान दिएको छ । कृषि क्षेत्रको विकास तथा किसानको अधिकारसँग सम्बन्धित कानुनी प्रावधानहरूको पहिचान तथा तिनको विश्लेषणमा नै अध्ययन मुलभूत रूपमा केन्द्रित हुँदाहुँदै पनि पहिचान गरिएका गरिबमुखी कानुनी प्रावधानहरूको कार्यान्वयन अवस्थाको सन्दर्भमा पनि केही हदसम्म औंल्याउने प्रयास गरिएको छ तथापि कार्यान्वयन अवस्थाको पूर्ण प्रतिचित्रणका लागि अलग्गै अध्ययनको आवश्यकता पर्ने छ ।

## १.५. अध्ययनको विधि तथा प्रक्रिया

यो अध्ययन सम्पन्न गर्नका लागि पहिलो चरणमा नेपालमा कृषि क्षेत्रको विकास तथा किसानको अधिकारको बारेका विभिन्न अध्ययन सामग्री तथा सान्दर्भिक विषयवस्तु तथा तथ्याङ्कहरूको सङ्कलन गरिएको थियो । दोस्रो चरणमा कृषि क्षेत्रको विकास तथा किसानको अधिकारसँग प्रत्यक्ष तथा परोक्ष सम्बन्ध राख्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनी प्रावधान एवम् न्यायिक निर्णय तथा नजिरहरूको अध्ययन गरिएको थियो । तेस्रो चरणमा नेपाल सरकारका सरोकारवाला निकायलगायत विविध स्रोतबाट प्राप्त हुन आएका जानकारी, तथ्याङ्क तथा विवरणहरु एवम् पहिचान गरिएका कानुनी प्रावधानहरूलाई अध्ययनको उद्देश्य तथा कार्यक्षेत्रअनुरूप समष्टिगत मूल्याङ्कन तथा विश्लेषणको कार्य सम्पन्न गरिएको थियो । चौथो चरणमा कानुनहरूको पुनरावलोकन तथा विश्लेषणमा आधारित भएर प्रारम्भिक रूपमा प्रस्तावित प्रतिवेदनको ढाँचाअनुसारका विषयहरु समावेश गरी प्रारम्भिक प्रतिवेदन तयार गरिएको थियो । उक्त प्रतिवेदनका बारेमा काठमाडौं र सर्लाहीमा विज्ञ तथा सरोकारवालाहरूसँग छलफल गरी रायसुझाव तथा प्रतिक्रिया लिइएको थियो । माथि उल्लेख भएबमोजिमका रायसुझाव तथा टिप्पणीहरूलाई यथोचित रूपमा समावेश गरी प्रतिवेदनलाई अन्तिम रूप दिइएको छ ।

## १.६. अध्ययन प्रतिवेदनको संरचना

प्रतिवेदनको पहिलो खण्डमा प्रतिवेदनको परिचय, उद्देश्य तथा तयारीका विधिहरूको बारेमा उल्लेख गरिएको छ । दोस्रो खण्डमा संविधानले कृषि क्षेत्रको विकास तथा किसानको अधिकारका सम्बन्धमा गरेका मौलिक कानुनी प्रत्याभूतिहरूलगायतका पक्षलाई समेटिएको छ । तेस्रो खण्डमा नेपालले अनुमोदन गरेका अन्तर्राष्ट्रिय सन्धि-सम्झौताहरूअन्तर्गत कृषि क्षेत्रको विकास तथा किसानका अधिकारको संरक्षण र प्रवर्द्धनमा राज्यका के-कस्ता दायित्वहरूलाई समेटिएको छ भन्ने बारेमा छलफल गरिएको छ । चौथो खण्डमा विधायिकी

कानुनअन्तर्गत कृषि क्षेत्रको विकास तथा किसानका अधिकारको संरक्षण र प्रवर्द्धनका सन्दर्भमा सरोकार राख्ने कानुनी व्यवस्थाहरूको समीक्षा प्रस्तुत गरिएको छ । पाचौँ खण्डमा किसानका अधिकार उल्लङ्घनविरूद्ध न्यायिक तथा गैरन्यायिक जबाफदेहिताका संयन्त्र एवम् तीनका प्रयासहरूलाई सङ्क्षिप्तमा विवेचना गरिएको छ । छैठौँ खण्डमा राष्ट्रिय मानव अधिकार आयोगबाट भएका पहलहरूको बारेमा उल्लेख गरिएको छ । सातौँ खण्डमा नेपाल सरकार, आठौँमा राजनीतिक दलहरू, नवौँमा राष्ट्रिय किसान आयोगबाट भएका पहलहरूका बारेमा सङ्क्षेपमा उल्लेख गरिएको छ । दसौँ खण्डमा अध्ययनका निष्कर्ष, सुझाव तथा सिफारिसहरू प्रस्तुत गरिएको छ ।

# परिच्छेद दुई

# किसानका अधिकारको संवैधानिक संरक्षण

## २.१. ऐतिहासिक सन्दर्भ

नेपालको अन्तरिम शासन विधान २००७ ले राज्यका निर्देशक सिद्धान्तअन्तर्गत कृषकको हकहित संरक्षणमा भूमिका खेल्ने केही महत्वपूर्ण व्यवस्था गरेको थियो । विधानको धारा ५ अन्तर्गत जीवन निर्वाहका लागि चाहिने पर्याप्त साधनमा सबै नागरिकको समान पहुँच हुने तथा जनताका लागि हानि हुने गरी उत्पादनका साधनहरूको एकीकरण हुन नदिने प्रत्याभूति गरिएको थियो । नेपाल अधिराज्यको संविधान २०१५ र नेपालको संविधान २०१९ ले कृषिक्षेत्र तथा किसानको हकका विषयवस्तुहरूलाई समेटेको पाइँदैन

प्रजातन्त्रको पुनर्स्थापनापछि जारी नेपाल अधिराज्यको संविधान २०४७ ले मौलिक हकअन्तर्गत नभएर राज्यका निर्देशक सिद्धान्तअन्तर्गत कृषिलाई नीतिगत प्राथमिकताको विषय बनाएको पाइन्छ । धारा २६ (५) मा राज्यले कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गर्ने र भूमि सुधार कार्यक्रम सञ्चालन गरी कृषिलाई उद्योगको रूपमा विकास गर्ने महत्वपूर्ण व्यवस्था उल्लेख गरेको थियो ।

किसानको हकलाई मौलिक हकअन्तर्गत स्थान दिने सन्दर्भमा नेपालको अन्तरिम संविधान, २०६३ अन्तर्गतको व्यवस्थालाई महत्वपूर्ण ऐतिहासिक फड्को मान्नुपर्दछ । धारा १३(३) को प्रतिबन्धात्मक वाक्यांशले किसानलाई राज्यबाट विशेष कानुनी संरक्षण प्राप्त गर्ने वर्गको रूपमा सूचीकृत गरेको थियो । किसानसमेतको संरक्षण, सशक्तीकरण र विकासका लागि राज्यबाट विशेष कानुनी प्रबन्ध हुन सक्ने प्रबन्ध गरिएको थियो । धारा १८ अन्तर्गतका प्रत्येक नागरिकलाई खाद्य-सम्प्रभुताको हक हुने घोषणा गर्नुका साथै धारा २१ अन्तर्गतका आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछि परेका गरिब किसान र मजदुरसमेतलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको संरचनामा सहभागी हुने हक सुनिश्चित हुने व्यवस्था गरिएको थियो । धारा ३३ (घ१) मा मुलुकको राज्य संरचनाका सबै अङ्गहरूमा किसान सहित मधेसी, दलित, आदिवासी जनजाति, महिला, मजदुर, अपाङ्गता भएका, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने राज्यको दायित्व हुने व्यवस्था थियो । धारा ३५(१) को खण्ड (६) मा किसानलाई प्रोत्साहन गरी कृषि क्षेत्रमा उत्पादकत्व बढाई कृषिमा आधारित अधिकांश जनताको आर्थिक उन्नति हुने अवस्थाहरूको सिर्जना गरी कृषिलाई उद्योगका

रूपमा विकास गर्ने, खण्ड १० मा शिक्षा, स्वास्थ्य, आवास, खाद्य-सम्प्रभुता र रोजगारीमा निश्चित समयका लागि आरक्षणको व्यवस्था गरी सीमान्तीकृत समुदाय तथा गरिबीको रेखामुनिका मजदुर किसानको उत्थान गर्ने नीति अवलम्बन गरिएको थियो । धारा १५४ ले किसानलगायतको हकहितको संरक्षण र प्रवर्धन गर्न आवश्यक आयोग गठन गर्न सक्ने गरी राज्यलाई सशक्तीकृत गरेको थियो । अन्तरिम संविधानले यस्ता व्यवस्थाहरू गरेको भए पनि उल्लिखित व्यवस्थाहरू कार्यान्वयनमा ल्याउनका लागि खासै प्रयासहरू हुन सकेनन् । संविधानका व्यवस्थाहरू कार्यन्वयन हुन नपाई अन्तरिम संविधान, २०६३ लाई नेपालको संविधान २०७२ ले प्रतिस्थापित गर्‍यो ।

## २.२. **नेपालको संविधान** २०७२

### २.२.१. मौलिक हकअन्तर्गत किसानका अधिकार

किसानको अधिकार संरक्षण र संवर्द्धनको सन्दर्भमा नेपालको वर्तमान संविधान महत्वपूर्ण दस्तावेज हो । संविधानले किसानका अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा महत्वपूर्ण प्रावधानहरू समावेश गरेको छ । आर्थिक र सामाजिक अधिकारसँग समन्वय गरी हेर्ने हो भने यस संविधानमा भएका व्यवस्थाहरूले किसानका अधिकार प्रत्याभूतिका लागि राज्यलाई स्पष्ट दिशानिर्देश गरेको छ । संविधानको धारा १६(१) मा सबैलाई सम्मानपूर्वक बाँच्न पाउने हकको प्रत्याभूति गरिएको छ । यस प्रत्याभूतिले किसानको पनि सम्मानपूर्वक बाँच्न पाउने हक स्वतः समेटेको छ । धारा १७(१)ले कानुनबमोजिम बाहेक कसैको पनि वैयक्तिक स्वतन्त्रता अपहरित नहुने कुराको सुनिश्चितता गरेको छ । धारा १७(२)को खण्ड (च) मा जोसुकैलाई पनि कृषिलगायतका पेसा व्यवसायको स्थापना र सञ्चालन गर्ने स्वतन्त्रता सुनिश्चित छ । धारा १८ मा अविभेद तथा समानताको हक प्रत्याभूत छ । कृषि पेसा तथा व्यवसायमा संलग्न भएकै कारणले कानुनद्वारा वा कानुनको प्रयोगमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कुनै पनि भेदभाव गर्न प्रतिबन्धित छ । बरू धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशले किसानलाई पनि राज्यबाट विशेष संरक्षण प्राप्त गर्ने वर्ग तथा समूहको रूपमा सूचीकृत गरेको छ । किसानलगायतका ग्राह्यताप्राप्त वर्ग तथा समूहको संरक्षण, सशक्तीकरण तथा विकासका लागि राज्यले कानुन बनाएर विशेष व्यवस्था गर्न सक्ने गरी सारभूत समानताको अवधारणालाई आत्मसात् गरिएको छ । यस व्यवस्थाबाट राज्यलाई किसानको अधिकार संरक्षण तथा भलाइका लागि विशेष व्यवस्था गर्न संवैधानिक निर्देशन भएको अवस्था छ ।[१३] समान कामका लागि महिला र पुरूषबीच

१३ (३) राज्यले नागरिकहरूका बीच उत्पत्ति, धर्म, वर्ण, जात, जाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन । तर, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका महिला, दलित, आदिवासी, आदिवासी जनजाति, मधेसी, थारू, मुस्लिम, उत्पीडित वर्ग, पिछडा वर्ग, अल्पसङ्ख्यक, सीमान्तीकृत, किसान, श्रमिक, युवा, बालबालिका,

समान ज्याला र सामाजिक सुरक्षा पनि संविधानको धारा १८(४)अन्तर्गत सुनिश्चित गरिएको छ । संविधानको धारा २४ ले जातीय विभेद र छुवाछुतविरूद्धको हकको छुट्टै प्रत्याभूति प्रदान गरेको छ । यसले जातीय आधारमा कुनै पनि स्थान, वस्तु वा सेवाको प्रयोगको पहुँचमा रोक लगाउने कुरालाई निषेध गरेको छ ।

नेपालको अन्तरिम संविधानको धारा १८ मा "प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य-सम्प्रभुताको हक हुने"[१४] भनी प्रत्याभूति गरिएको भए तापनि खाद्य-अधिकारको प्रस्ट उल्लेखन थिएन । तर, नेपालको संविधानको धारा ३६ ले पहिलोपटक प्रस्टरूपमा "प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ" भन्ने व्यवस्था गरेको छ । सोही धाराअन्तर्गत 'खाद्य-अधिकार'को अवयवका रूपमा "खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक"को प्रत्याभूति गरिएको छ । खाद्यको उपलब्धता तथा पहुँच सुनिश्चित गरी खाद्यको अभावका कारण भोकमरीको अवस्था सृजना हुन नदिन राज्यले पर्याप्त उपायहरू अबलम्बन गर्नुपर्ने दायित्व रहेको देखिन्छ । त्यसैगरी, नेपालको अन्तरिम संविधान २०६३ को धारा १८ अन्तर्गतको खाद्य-सम्प्रभुतासम्बन्धी हकलाई यथावत्रूपमा धारा ३६ मा खाद्यसम्बन्धी हकअन्तर्गत समाहित गरिएको छ ।[१५] धारा ३६ को संरचना हेर्दा खाद्यसम्बन्धी अधिकारकै अन्तरवस्तुका रूपमा खाद्य असुरक्षा तथा भोकमरीबाट संरक्षण एवम् खाद्य-सम्प्रभुतालाई आत्मसात् गरिएको पाइन्छ ।

यसै संविधानको धारा ४२ मा सामाजिक न्यायको हकअन्तर्गत "आर्थिक रूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पाउने" हक हुने प्रत्याभूति संविधानले गरेको छ । मौलिक हकअन्तर्गत प्रत्येक किसानलाई कानुनबमोजिम कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हक हुने व्यवस्था गरिएको छ । पहिलोपटक संविधानले उपभोक्ताको अधिकारलाई पनि मौलिक हकमा समावेश गरेको छ । संविधानको धारा ४४ मा प्रत्येक उपभोक्तालाई गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने हक हुने व्यवस्था गर्नुका साथै गुणस्तरहीन वस्तु वा सेवाबाट

---

ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, गर्भावस्थाका व्यक्ति, अशक्त वा असहाय, पिछडिएको क्षेत्र र आर्थिक रूपले विपन्न खस-आर्यलगायत नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुनबमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन ।

१४ धारा १८(३): प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम खाद्य-सम्प्रभुताको हक हुनेछ ।

१५ धारा ३६(१) प्रत्येक नागरिकलाई खाद्यसम्बन्धी हक हुनेछ । (२) प्रत्येक नागरिकलाई खाद्यवस्तुको अभावमा जीवन जोखिममा पर्ने अवस्थाबाट सुरक्षित हुने हक हुनेछ । (३) प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य-सम्प्रभुताको हक हुनेछ ।

क्षति पुगेको व्यक्तिलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत प्रत्याभूत गरिएको छ ।

किसानको अधिकारको सन्दर्भमा धारा २५ बाट प्रत्याभूत गरिएको सम्पत्तिको हक पनि विशेष महत्वपूर्ण छ । यस धाराको उपधारा (१)मा "प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ" भन्ने व्यवस्था छ । तर, प्रतिबन्धात्मक वाक्यांशमा "राज्यले व्यक्तिको सम्पत्तिमा कर लगाउन र प्रगतिशील करको मान्यताअनुरूप व्यक्तिको आयमा कर लगाउन सक्ने" व्यवस्था गरेको छ । उपधारा २ मा सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्न रोक लगाइएको छ । उपधारा ३ अन्तर्गत सार्वजनिक हितका लागि राज्यले कुनै पनि व्यक्तिको सम्पत्ति अधिग्रहण गर्दा कानुनमा तोकिएका आधारमा क्षतिपूर्ति दिनुपर्दछ । सम्पत्तिको हकसम्बन्धी यस प्रत्याभूतिले कुनैपनि व्यक्तिले कृषि प्रयोजनका लागि आफ्नो सम्पत्तिको उपयोग गर्न सक्ने तथा त्यस्तो कृषि प्रयोजनका लागि उपयोग गरिएको सम्पत्तिलाई सार्वजनिक प्रयोजनको लागि बाहेक अधिग्रहण गर्न नसक्ने संविधानतः सुनिश्चित भएको छ । उपधारा (४) ले कृषिको विकासलाई महत्व दिँदै "भूमिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, कृषिको आधुनिकीकरण र व्यावसायिकरण, वातावरण संरक्षण, व्यवस्थित आवास तथा सहरी विकास गर्ने प्रयोजनका लागि राज्यले कानुनबमोजिम भूमि सुधार, व्यवस्थापन र नियमन गर्न" सक्ने अख्तियार प्रदान गरेको छ ।

त्यसैगरी मौलिक हकअन्तर्गत कानुनबमोजिम बेरोजगार सहायता प्राप्त गर्ने हक[१६], श्रमिकले उचित पारिश्रमिक तथा सुविधा प्राप्त गर्ने हक[१७], स्वच्छ खानेपानी तथा सरसफाइमा सबैको पहुँच[१८], स्वच्छ वातावरणमा बाँच्न पाउने तथा वातावरणीय प्रदूषणबाट पुगेको क्षतिविरूद्ध क्षतिपूर्ति प्राप्त गर्ने हक[१९], आवासबाट जबर्जस्ती विस्थापनविरूद्धको संरक्षणसहित प्रत्येक नागरिकलाई पर्याप्त आवासको अधिकार[२०], जेष्ठ नागरिकलाई

१६ धारा ३३(१): प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारीको सर्त, अवस्था र बेरोजगार सहायता सङ्घीय कानुनबमोजिम हुनेछ ।

१७ धारा ३४(२): प्रत्येक श्रमिकलाई उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक हुनेछ ।

१८ धारा ३५(४): प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ ।

१९ धारा ३०:(१) प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हक हुनेछ । (२) वातावरणीय प्रदूषण वा ह्रासबाट हुने क्षतिबापत पीडितलाई प्रदूषकबाट कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ । (३) राष्ट्रको विकाससम्बन्धी कार्यमा वातावरण र विकासबीच समुचित सन्तुलनका लागि आवश्यक कानुनी व्यवस्था गर्न यस धाराले बाधा पुऱ्याएको मानिने छैन ।

२० धारा ३७: (१) प्रत्येक नागरिकलाई उपयुक्त आवासको हक हुनेछ । (२) कानुनबमोजिम बाहेक कुनै पनि नागरिकलाई निजको स्वामित्वमा रहेको वासस्थानबाट हटाइने वा अतिक्रमण गरिने छैन ।

राज्यबाट विशेष सामाजिक संरक्षण प्राप्त गर्ने अधिकार[२१], लैङ्गिकताको आधारमा गरिने सबै खाले (मानसिक, शारीरिक, सामाजिक तथा आर्थिक) हिंसाबाट संरक्षित हुन पाउने महिलाको हक, शोषण तथा दासत्वबाट संरक्षित हुन पाउने हक[२२], भूमिहीन दलितलाई एकपटकको लागि जमिन प्राप्त गर्ने हक[२३] एवम् आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक[२४] समेतको प्रत्याभूति गरिएको छ ।

### २.२.२. राज्यका निर्देशक सिद्धान्त

विगतको संवैधानिक परम्परालाई पच्छयाउँदै संविधानले राज्यका दायित्व, निर्देशक सिद्धान्त तथा नीतिहरूको अलग्गै व्यवस्था गरेको छ । निर्देशक सिद्धान्त तथा नीतिअन्तर्गतका कैयौँ व्यवस्थाहरू प्रत्यक्ष वा परोक्ष रूपमा कृषि क्षेत्रको विकास तथा किसानका हकहितलाई सम्बोधन गर्नेतर्फ लक्षित देखिन्छन् । खासगरी मौलिक हकअन्तर्गतका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी प्रत्याभूतिलाई व्यावहारिक कार्यान्वयनमा पुऱ्याउन यी सिद्धान्त तथा नीतिहरूको परिपालना किसानको हकको संरक्षण तथा प्रवर्द्धनमा महत्वपूर्ण हुने देखिन्छन् । किसानको हकहितको संरक्षणका उपायहरूको अवलम्बन गर्दा विशेष ध्यान दिनुपर्ने त्यस्ता महत्वपूर्ण नीतिगत व्यवस्थाहरू निम्नानुसार छन् :

---

२१ धारा ४१: ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हक हुनेछ ।

२२ धारा३८(५): महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।

२३ धारा ४०: (४) दलित समुदायलाई आफ्नो परम्परागत पेसा, ज्ञान, सीप र प्रविधिको प्रयोग, संरक्षण र विकास गर्ने हक हुनेछ । राज्यले दलित समुदायका परम्परागत पेसासँग सम्बन्धित आधुनिक व्यवसायमा उनीहरूलाई प्राथमिकता दिई त्यसका लागि आवश्यक पर्ने सीप र स्रोत उपलब्ध गराउनेछ । (५) राज्यले भूमिहीन दलितलाई कानुनबमोजिम एकपटक जमिन उपलब्ध गराउनुपर्नेछ । (६) राज्यले आवासविहीन दलितलाई कानुनबमोजिम बसोबासको व्यवस्था गर्नेछ ।

२४ धारा ४३: आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, असहाय एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकलाई कानुनबमोजिम सामाजिक सुरक्षाको हक हुनेछ ।

## (क) कृषि र भूमिसुधार[२५]

संविधानको धारा ५१ को देहाय (ङ) मा कृषि तथा भूमिसम्बन्धी राज्यको नीतिगत प्राथमिकताको बारेमा व्यवस्था गरिएको छ । खासगरी भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्ने तथा किसानको हकहितको संरक्षण र संवर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भू-उपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यावसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने व्यवस्था छ । त्यसैगरी, भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गरी समुचित उपयोग गर्ने तथा कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँच प्रवर्द्धन गरिने व्यवस्था छ । यस्तै धारा २९० मा गुठी जग्गामा भोगाधिकार भैरहेका किसानको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउने[२६] व्यवस्था पनि गरिएको छ ।

## (ख) प्राकृतिक स्रोतसाधनको संरक्षण, संवर्द्धन र उपयोग[२७]

धारा ५१(छ) अन्तर्गत प्राकृतिक स्रोत-साधनलाई लाभदायक उपयोग गरी सामाजिक न्यायलाई प्रवर्द्धन गर्नेतर्फ निर्देशित नीतिगत व्यवस्थाहरु छन् । अन्तरपुस्ता समन्यायको मान्यताका आधारमा उपलब्ध प्राकृतिक स्रोत-साधनको दिगो उपयोग गर्ने र स्थानीय समुदायलाई प्राथमिकता र अग्राधिकार दिँदै प्राप्त प्रतिफलहरूको न्यायोचित वितरण गर्ने,

---

२५ (ङ) कृषि र भूमिसुधारसम्बन्धी नीति : (१) भूमिमा रहेको दोहोरो स्वामित्व अन्त्य गर्दै किसानको हितलाई ध्यानमा राखी वैज्ञानिक भूमिसुधार गर्ने, (२) अनुपस्थित भू-स्वामित्वलाई निरूत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, (३) किसानको हकहित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायीकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने, (४) भूमिको उत्पादनशीलता, प्रकृति तथा वातावरणीय सन्तुलनसमेतका आधारमा नियमन र व्यवस्थापन गर्दै त्यसको समुचित उपयोग गर्ने, (५) कृषकका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने ।

२६ (१) गुठीको मूलभूत मान्यतामा प्रतिकूल असर नपर्ने गरी गुठी जग्गामा भोगाधिकार भैरहेका किसान एवम् गुठीको अधिकारका सम्बन्धमा सङ्घीय संसद्ले आवश्यक कानुन बनाउनेछ ।

२७ (ज) नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति :(१२) कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य-सम्प्रभुताको मान्यताअनुरुप जलवायु र माटोअनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्ने, (१३) आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्दै दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्ने,

जलउत्पन्न प्रकोप नियन्त्रण र नदीको व्यवस्थापन गर्दै दिगो र भरपर्दो सिँचाइको विकास गर्ने तथा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई भौतिक विकासबाट वातावरणमा पर्नसक्ने जोखिमलाई न्यूनीकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र दिगो उपयोग गर्न तथा वातावरणिय सन्तुलनका लागि आवश्यक भूभागमा वन क्षेत्र कायम राख्ने व्यवस्था महत्वपूर्ण छन् । त्यसैगरी प्राकृतिक प्रकोपबाट हुने जोखिम न्यूनीकरण गर्न पूर्वसूचना, तयारी, उद्धार, राहत एवम् पुनर्स्थापना गर्ने कुरालाई पनि प्राथमिकतामा राखिएको छ ।

## (ग) नागरिकका आधारभूत आवश्यकता

धारा ५१(ज) अन्तर्गत आधारभूत आवश्यकतासम्बन्धी नीतिगत व्यवस्था गरिएको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थापन गर्ने तथा योजनाबद्ध र व्यवस्थित बस्ती विकास गर्ने, कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्दै खाद्य-सम्प्रभुताको मान्यताअनुरूप जलवायु र माटोअनुकूलको खाद्यान्न उत्पादनलाई प्रोत्साहन गरी खाद्यान्नको दिगो उत्पादन, आपूर्ति, सञ्चय, सुरक्षा र सुलभ तथा प्रभावकारी वितरणको व्यवस्था गर्नुपर्ने गरी राज्यलाई मार्गनिर्देश गरेको छ । त्यसैगरी राज्यले आधारभूत वस्तु तथा सेवामा सबै नागरिकहरूको समान पहुँच सुनिश्चित गर्न दुर्गम र पछाडि पारिएको क्षेत्रलाई विशेष प्राथमिकता दिई योजनाबद्ध आपूर्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था छ ।

## (घ) सामाजिक न्याय र समावेशीकरण[२८]

धारा ५१(ञ) मा सामाजिक न्यायसम्बन्धी नीतिहरु समेटिएका छन् । यसअन्तर्गत असहाय अवस्थामा रहेका एकल महिलालाई रोजगारीमा प्राथमिकता दिंदै जीविकोपार्जनका लागि समुचित व्यवस्था गर्ने, जोखिममा परेका, बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण, सशक्तीकरण गरी स्वावलम्बी बनाउने, बालबच्चाको पालनपोषण एवम् परिवारको हेरचाहजस्ता काम र योगदानलाई आर्थिक रूपमा मूल्याङ्कन गर्ने, बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रूपमा ध्यान दिनुपर्ने राज्यको नीतिगत प्राथमिकता रहनुपर्ने व्यवस्था छ । त्यसैगरी मुक्तकमैया, कम्लहलरी, हरवा,

---

२८ (ञ) सामाजिक न्याय र समावेशीकरणसम्बन्धी नीति :(६) मुक्त कमैया, कम्हलरी, हरवा, चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घरघडेरी २९ तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने, (८) आदिवासी जनजातिको पहिचानसहित सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै यस समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा आदिवासी जनजाति र स्थानीय समुदायको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्धन गर्ने,

चरवा, हलिया, भूमिहीन, सुकुम्बासीहरूको पहिचान गरी बसोबासका लागि घर घडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने व्यवस्था पनि समेटिएको छ । आदिवासी जनजाति समुदायसँग सरोकार राख्ने निर्णयहरूमा सहभागी गराउने तथा उनीहरूको परम्परागत ज्ञान, सीप, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्ने तथा अल्पसङ्ख्यक समुदाय, मधेसी समुदाय, मुस्लिम र पिछडा वर्गलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अवसर र लाभको समान वितरण तथा त्यस्ता समुदायभित्रका विपन्न नागरिकको संरक्षण, उत्थान, सशक्तीकरण र विकासका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्ने कुरा पनि उल्लेख छ । उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्न तथा सामाजिक सुरक्षा र सामाजिक न्याय प्रदान गर्दा सबै लिङ्ग, क्षेत्र र समुदायभित्रका आर्थिक रूपले विपन्नलाई प्राथमिकता प्रदान गर्ने नीति राज्यले अख्तियार गर्नुपर्ने गरी व्यवस्था गरिएको छ । संविधानमा गरिएका यी व्यवस्थाहरूबाट किसानहरूसमेत स्वतः समाविष्ट हुने अवस्था छ ।

### २.२.३. सङ्घीयताको सन्दर्भमा किसानको अधिकार

संविधानले सङ्घीय पद्धतिलाई संस्थागत गरेको छ । जनताले खाद्य-अधिकारको प्रभावकारी उपभोग गर्ने वातावरण सृजना गर्नको लागि सङ्घ, प्रदेश तथा स्थानीय गरी तीनै तहका सरकारको सकारात्मक भूमिका अपेक्षित देखिन्छ । संविधानले प्रत्येक तहको लागि अधिकारहरूको सूची निर्धारण गरिदिएको छ । कतिपय विषयहरूलाई साझा सूचीको रूपमा राखिदिएको छ । अनुसूची ५ मा सूचीकृत केन्द्रका अधिकारहरूअन्तर्गत वातावरण व्यवस्थापन, राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष तथा सिमसार क्षेत्र, राष्ट्रिय वन नीति, सहकारी नियमन, भूउपयोग नीति, बस्ती विकास नीति, वातावरण अनुकूलन, सामाजिक सुरक्षा र गरिबी निवारणलगायतका विषयहरु समेटिएका छन् । त्यसैगरी, अनुसूची ६ अन्तर्गत निर्दिष्ट प्रदेशको अधिकारहरूमा भूमि व्यवस्थापन, प्रदेशभित्रको राष्ट्रिय वन, जलउपयोग तथा वातावरण व्यवस्थापन, कृषि तथा पशु विकासलाई समावेश गरिएको छ ।

अनुसूची ८ मा स्थानीय तहको अधिकारहरूअन्तर्गत आधारभूत स्वास्थ्य र सरसफाइ, स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता, स्थानीय ग्रामीण तथा कृषि सडक, सिँचाइ, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन, बेरोजगारको तथ्याङ्क सङ्कलन, कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण, खानेपानी, साना जलविद्युत् आयोजना, वैकल्पिक ऊर्जा, विपद व्यवस्थापन तथा जलाधार, वन्यजन्तु, खानी तथा

खनिज पदार्थको संरक्षणसमेत पर्दछन् । आवश्यक वस्तु तथा सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमन; सामाजिक सुरक्षा र रोजगारी, श्रमिकका हक; प्राकृतिक तथा गैरप्राकृतिक विपद पूर्वतयारी, उद्धार तथा राहत र पुनर्लाभ; खानेपानी तथा सरसफाइ; भूमि नीति र सोसम्बन्धी कानुन; तथा रोजगारी र बेरोजगार सहायतालगायतलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा राखिएको छ ।

त्यसैगरी अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूची दिइएको छ, जसले सहकारी, कृषि, खानेपानी, सिँचाइजस्ता सेवाहरू, वनजङ्गल, वन्यजन्तु, चराचुरूङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता, विपद व्यवस्थापन, सामाजिक सुरक्षा र गरिबी निवारण, सुकुम्बासी व्यवस्थापन तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टीसमेतलाई समावेश गरेको छ । समष्टिगत रूपमा अध्ययन गर्दा खाद्य-अधिकारको उपभोगलाई प्रभावित पार्ने महत्वपूर्ण विषयहरूलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा दायित्वको विषय बनाएको देखिन्छ । संविधानको यस प्रावधानलाई ध्यानमा राख्दै खाद्य-अधिकारसम्बन्धी कानुनले विभिन्न तहगत सरकारको दायित्वलाई स्पष्टसँग व्यवस्था गर्नुपर्ने देखिन्छ

## समीक्षा

संविधानले किसानका हकहितको संरक्षण गरी कृषि क्षेत्रको विकासमार्फत खाद्यको अधिकार तथा खाद्य-सम्प्रभुताको अधिकारको व्यावहारिक उपभोगको वातावरण सृजना गर्न एउटा बलियो आधार सृजना गरेको छ । मौलिक हकअन्तर्गत गरिबी तथा विपन्नता विरूद्ध महत्वपूर्ण प्रत्याभूतिहरू समेटिएको छ । खासगरी सम्मानजनक तरिकाले बाँच्न पाउने हकसँगै खाद्य, आवास, सामाजिक न्याय, सम्पत्तिसम्बन्धी हकअन्तर्गतका प्रत्याभूतिहरू किसानको अधिकारको संरक्षण र प्रवर्धनका लागि विशेष महत्वका छन् । मौलिक हकका प्रावधान एवम् माथि विवेचित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूअन्तर्गत कृषि क्षेत्रको विकास, किसानको अधिकारको संरक्षण तथा भूमिको सुधार समेतका लागि राज्यलाई उल्लेख्य सकारात्मक दायित्व सृजना गरिएको छ ।

तरपनि किसानको हकहितलगायत आर्थिक तथा सामाजिक न्यायसँग सिधा सम्बन्ध राख्ने मौलिक हकअन्तर्गतका धेरैजसो प्रत्याभूतिहरूलाई विधायिकी कानुन अधीनस्थ राखिएकोले किसानको न्यायप्राप्तिको अवस्थामा चुनौति रहेको देखिन्छ । संविधान जारी भएको तीन वर्षभित्रमा यस्ता मौलिक हकको रूपमा व्यवस्था गरिएका हकहरूका कार्यान्वयनको लागि कानुन निर्माण गरी सक्ने संवैधानिक सुनिश्चितता[२९] भए पनि तीन वर्ष पूरा हुन लाग्दा जारी कानुनहरूको सूचीले किसानका अधिकारसँग सम्बन्धित विषयहरु प्राथमिकतामा

२९ नेपालको संविधानको धारा ४७

रहेको अनुभूति हुन सकेको छैन । मौलिक हकको प्रबन्धमा अन्तरनिहित खोट रहेको पनि देखिन्छ । उदाहरणको लागि आवाससम्बन्धी हकअन्तर्गत भूमिहिन तथा सुकुम्बासीलाई जबर्जस्ती विस्थापनबाट संरक्षणको हकबाट वञ्चित गरिएको विषयलाई लिन सकिन्छ । यस व्यवस्थालाई न्यायिक व्याख्याद्वारा वा संशोधनमार्फत सच्याउनुपर्ने अवस्था रहेको छ । सामूहिक सम्पत्तिको अवधारणालाई आत्मसात् नगर्दा आदिवासी समुदायहरूको भूमि तथा प्राकृतिक स्रोतसाधन माथिको पहुँचलाई संरक्षित गर्नेतर्फ थप कार्य हुनुपर्ने अवस्था छ । कृषि कार्यका लागि भूमिमा पहुँच तथा परम्परागत बिउबिजनको छनौट र संरक्षणको विषयलाई किसानको अधिकारको रूपमा प्रत्याभूत गरिएको भए पनि कृषि पूर्वाधारमा पहुँच, कृषि उत्पादनको मूल्य निर्धारण, कृषि बजारमा पहुँचका कुराहरूलाई समेट्न सकेको देखिँदैन । यद्यपि खाद्य-अधिकार तथा खाद्य-सम्प्रभुताको हकको व्याख्याद्वारा यसलाई समेट्न सकिने देखिन्छ । राज्यका निर्देशक सिद्धान्तको कार्यान्वयनको अनुगमनका लागि संविधानले नै संसदीय अनुगमन समितिको परिकल्पना गरे पनि यसको कार्यान्वयनमा तदारूकता देखिएको छैन । यति हुँदाहुँदै पनि सरकारले किसानसम्बन्धी कानुनलाई नयाँ कानुन तर्जुमाको प्रक्रियामा दोस्रो प्राथमिकतामा राखी अगाडि वढाएको छ; जसले नयाँ बन्ने कानुनलाई गरिबी तथा विपन्नताविरूद्धको कानुनी संरक्षणको परिप्रेक्ष्यमा आवश्यक प्रबन्धका लागि विचार गर्न महत्वपूर्ण अवसरको सृजना गरेको देखिन्छ ।

# परिच्छेद तीन

# अन्तर्राष्ट्रिय कानुन र किसान

## ३.१. अन्तर्राष्ट्रिय मानव अधिकार कानुन

नेपाल वर्तमान अवस्थामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध[३०] लगायत तीन दर्जनभन्दा बढी मानव अधिकार सन्धिहरूको पक्ष भइसकेको छ । नेपाल पक्ष बनेका महत्वपूर्ण संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार सन्धिहरूमा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध,[३१] बालअधिकार महासन्धि,[३२] यातनाविरूद्धको महासन्धि,[३३] सबै किसिमका जातीय भेदभावको उन्मूलनसम्बन्धी महासन्धि,[३४] महिलाविरूद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलनसम्बन्धी महासन्धि[३५] र अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि (सीआरपीडी)[३६] रहेका छन् । यी महासन्धिहरूमा प्रत्यक्ष वा परोक्षरूपमा राज्यले कृषि क्षेत्रको विकास तथा किसानको हकहितको संरक्षणमार्फत जनताको पर्याप्त खाद्यको अधिकार तथा स्तरीय जीवन यापनको अधिकारको प्रभावकारी उपभोगको वातावरण सृजना गर्नका लागि आवश्यक उपायहरु अवलम्बन गर्ने दायित्व निहित रहेको छ । अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत नेपाल अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) को विभिन्न एघारवटा अभिसन्धिहरूको पनि पक्ष बनेको छ । जसअन्तर्गत श्रमिक तथा आदिवासी जनजातिलगायत विभिन्न समूहका अधिकारहरु संरक्षित छन् । त्यस्तै निकृष्ट स्वरूपका बालश्रमसम्बन्धी अभिसन्धि (नं १८२), न्यूनतम ज्यालासम्बन्धी अभिसन्धि (नं १३८), जबरजस्ती श्रममा लगाउने कार्यविरूद्धको अभिसन्धि (नं. २९) र आइएलओ अभिसन्धि नं.१६९ पनि छन् ।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ को धारा २५ मा आफू र आफ्नो परिवारले खाद्यान्नसहित स्वस्थ्य एवम् पर्याप्त जीवनस्तरको अधिकारसहित प्रत्येक व्यक्तिको जीवन धान्न पाउने हक प्रत्याभूत गरिएको छ । विश्वव्यापी घोषणापत्रको धारा २५ को व्यवस्थालाई आर्थिक सामाजिक अधिकारसम्बन्धी अनुबन्धले[३७] थप विस्तृत पार्दै समान

३० सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको, १४ सेप्टेम्बर १९९० ।
३१ सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको, १४ मे १९९१ ।
३२ सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको, १४ सेप्टेम्बर १९९० ।
३३ सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको, १४ सेप्टेम्बर १९९०
३४ सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको, १३ जनवरी १९७१ ।
३५ सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको, २२ एप्रिल १९९१ ।
३६ सम्मेलनमार्फत नेपाल पक्ष राष्ट्र भएको ७ मे २०१० ।
३७ आइसीइएससीआर धारा ११ (१)

रूपले सबैको पहुँच पुग्ने गरी खाद्य आपूर्ति तथा वितरण सुनिश्चित गर्न उत्पादनलाई सुदृढ गर्नेलगायत भोकबाट मुक्ति दिलाउन विभिन्न कदम चाल्ने दायित्व पक्षराष्ट्रलाई सुम्पिएको छ ।[३८] खासगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिको सन् १९९९ मा जारी सामान्य टिप्पणी नं. १२ ले विश्वमा भोक र कुपोषणको निराकरणका लागि खाद्यको उपलब्धता र उपलब्ध खाद्यमा पहुँच सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ । जल, जमिन र कर्जालगायतका उत्पादनमूलक स्रोतहरूमा पहुँच अभिवृद्धिको आवश्यकतामा जोड दिँदै खाद्य-अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घका विशेष समाधिक्षकले "ग्रामीण क्षेत्रमा भोकमरीको समस्या मुख्यतः भूमि, भोगचलनको अधिकारको अभाव, जग्गाधनी र जग्गा कमाउने किसानबीच अन्नको बाँडफाँडमा रहेको असमानताजस्ता साधन-स्रोतमा पहुँचमा कमी तथा खान पुग्ने खाद्यान्न आफै उत्पादन गर्न पुग्ने जग्गाजमिनको अभावजस्ता कुराहरूसँग जोडिएको छ" भन्ने उल्लेख गरेका छन् ।[३९]

आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार अनुबन्धको धारा ११ मा गरिएको व्यवस्था निम्नानुसार छ :

(१) प्रस्तुत अनुबन्धका पक्ष राष्ट्रहरूले प्रत्येक व्यक्तिको पर्याप्त भोजन, लुगा तथा आवाससमेत आफू स्वयं र आफ्नो परिवारको पर्याप्त जीवनस्तरको तथा जीवनावस्थाको निरन्तर सुधारको अधिकारलाई स्वीकार गर्दछन् । पक्ष राष्ट्रहरूले यस प्रयोजनका लागि स्वतन्त्र सहमतिमा आधारित अन्तर्राष्ट्रिय सहयोगको अत्यावश्यक महत्व स्वीकार गर्दै यस अधिकारको प्राप्ति सुनिश्चित गर्न उपयुक्त कदमहरू चाल्नेछन् ।

(२) भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको मौलिक अधिकार स्वीकार गर्दै प्रस्तुत प्रतिज्ञापत्रका पक्ष राष्ट्रहरूले व्यक्तिगत रूपमा अन्तर्राष्ट्रिय सहयोगमार्फत निम्न कुराका लागि आवश्यक विशेष कार्यक्रम र उपायहरू अवलम्बन गर्नेछन् :

(क) प्राविधिक तथा वैज्ञानिक ज्ञानको पूर्ण उपयोग गरी पोषणका सिद्धान्तको ज्ञान प्रचार गरी तथा प्राकृतिक स्रोतहरूको दक्षतम विकास र उपयोग हासिल गर्ने किसिमबाट कृषि प्रणालीहरूको विकास र सुधार गरी खाद्यान्नको उत्पादन, सञ्चय तथा वितरणको तरिकामा सुधार गर्ने,

(ख) खाद्यान्न आयात गर्ने तथा खाद्यान्न निर्यात गर्ने देशहरू दुबैका समस्यालाई ध्यान दिँदै आवश्यकताअनुरूप विश्वको खाद्यान्न आपूर्तिको समन्यायिक वितरण सुनिश्चित गर्ने ।

---

३८ नागरिक तथा राजनीतिक अधिकार विषयक अनुवन्ध, १९६६ को धारा ११ (२)

३९ खाद्य-अधिकारसम्बन्धी विशेष समाधिक्षक जिन जिगलरले संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्को ५९औं सत्रमा प्रस्तुत गरेको प्रतिवेदन, UN Doc. E/CN. 4/2003/54/Add.1.

महिला किसानको संरक्षण तथा विकासका लागि राज्यलाई जबाफदेही बनाउने सन्दर्भमा महिलाविरूद्धको भेदभावको उन्मूलनसम्बन्धी महासन्धि, १९७९ महत्वपूर्ण रहेको छ । यसले रोजगारी, स्वास्थ्य र आर्थिक तथा सामाजिक जीवनका विभिन्न क्षेत्रमा महिलाविरूद्ध हुने भेदभावलाई निषेध गर्दछ । विशेष गरी ग्रामीण महिलाहरूको लागि अन्य कुराका अतिरिक्त साधनस्रोत, सेवासुविधा र आर्थिक अवसरहरूमा पहुँचका लागि विभिन्न उपायहरु अपनाउनुपर्ने आवश्यकतामा जोड दिएको छ ।[४०] भोक र कुपोषणको उन्मूलनसम्बन्धी विश्वव्यापी घोषणा, १९७४[४१] ले भोक र कुपोषणबाट मुक्त हुने प्रत्येक पुरूष, महिला र बालबालिकाको नैसर्गिक अधिकार हो भन्दै खाद्यान्न उत्पादनमा उच्चवृद्धि गर्ने एवम् खाद्यान्नको समान तथा प्रभावकारी वितरणको जिम्मेवारी तोकेको छ ।[४२] घोषणापत्रले प्रत्येक राष्ट्रले नीतिगत सुधारमार्फत खाद्य उत्पादनमा देखिने अवरोध हटाउने र कृषिसँग सम्बन्धित उत्पादनकर्ताहरूलाई उचित प्रोत्साहन दिनुपर्ने जिम्मेवारी पनि तोकेको छ ।

खाद्य-अधिकारलगायत आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारको कार्यान्वयनको सन्दर्भमा नेपालले हासिल गरेको प्रगति वा गरेको कामको परीक्षण वा मूल्याङ्कन गर्दै संयुक्त राष्ट्रसङ्घीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समितिले नेपालको

---

४० धारा १४को व्यवस्था निम्नानुसार छः- १. पक्ष राष्ट्रहरूले ग्रामीण महिलाहरूले सामना गर्नुपरेका खास समस्याहरु र ग्रामीण महिलाहरूले आफ्नो परिवारको आर्थिक जीविकोपार्जनमा निर्वाह गर्ने महत्वपूर्ण भूमिकालाई उन्नतिमा पुर्‍याएको योगदान एवम् अर्थतन्त्रको गैरमौद्रिक क्षेत्रमा उनीहरूको कामलाई दृष्टिगत गर्नेछन् र प्रस्तुत महासन्धिका ब्यवस्थाहरु ग्रामीण क्षेत्रका महिलाहरूको हकमा लागू भएको सुनिश्चित गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्नेछन् । २. पक्ष राष्ट्रहरूले पुरूष र महिलाको समानताको आधारमा ग्रामीण महिलाहरु ग्रामीण विकासमा सहभागी भएको र त्यसबाट लाभान्वित भएको सुनिश्चित गनर्ग्रामीण क्षेत्रका महिलाविरूद्धको भेदभाव उन्मूलन गर्न सम्पूर्ण उपयुक्त उपायहरु अवलम्बन गर्ने र खासगरी त्यस्ता महिलालाई निम्नलिखित अधिकारहरु सुनिश्चित गर्नेछन्: (क) सबै तहका विकास योजनाहरूको विस्तार र कार्यान्वयनमा सहभागी हुने अधिकार, (ख) परिवार नियोजनसम्बन्धी सूचना, सल्लाह र सेवालगायतका पर्याप्त स्वास्थ्य हेरचाह सुविधामा पहुंचको अधिकार, (ग) सामाजिक सुरक्षा कार्यक्रमहरूबाट प्रत्यक्ष फाइदा लिने अधिकार, (घ) उनीहरूको प्राविधिक दक्षता अभिवृद्धि गर्न कार्यमूलक साक्षरतालगायत सबै प्रकारका औपचारिक तथा अनौपचारिक तालिमहरु र शिक्षा एवम्, अन्य कुराका अतिरिक्त, सबै सामुदायिक तथा विस्तारित सेवाहरूको लाभ प्राप्त गर्ने अधिकार, (ङ) रोजगारी वा स्वरोजगारीमार्फत आर्थिक अवसरहरूमा समान पहुँचप्राप्त गर्नको लागि स्वावलम्वी समूह तथा सहकारीहरु गठन गर्ने अधिकार, (च) सम्पूर्ण सामुदायिक कृयाकलापहरूमा भाग लिने अधिकार, (छ) कृषिकर्जा तथा ऋण, बजार सुविधाहरु, उपयुक्त प्रविधि र भूमिमा समान व्यवहार, कृषिजन्य सुधार एवम् भूमिको पुनःव्यवस्था योजनामा पहुँच प्राप्त गर्ने अधिकार, (ज) खासगरी आवास, सरसफाइ, विद्युत्, खानेपानी, यातायात तथा सञ्चारका सम्बन्धमा पर्याप्त जीवनयापनका अवस्थाहरूको उपभोग गर्ने अधिकार ।

४१ १६ नोभेम्बर १९७४ मा विश्व-खाद्यसम्मेलनले पारित गरेको र संयुक्त राष्ट्रसङ्घीय महासभाको निर्णय नं. ३३४८ ले पनि अनुमोदन गरेको ।

४२ हेर्नुहोस् धारा १ र २ ।

तेस्रो आवधिक प्रतिवेदनको समीक्षापछि जारी गरेको निष्कर्ष टिप्पणीमा मुख्य गरी निम्न सिफारिसहरु गरेको छ :

- श्रम-सघन उद्योगको प्रवर्द्धन तथा कृषि क्षेत्रमा उत्पादकत्व वृद्धितर्फका प्रयासहरूलाई सशक्त बनाउने ।
- पूर्व कमैया, पूर्वहलिया, दलित र आदिवासी जनजाति तथा त्यसमा पनि खासगरी यस्ता समूहका ग्रामीण महिलाहरूका लागि प्राथमिकताका साथ विशेष कार्यक्रमहरु विस्तार गर्ने ।
- कामदार तथा तीनका परिवारको पर्याप्त स्तरीय जीवनयापनका लागि न्यूनतम ज्यालाको निर्धारण गर्ने र त्यस्तो ज्यालाको आवधिकरूपमा समीक्षा गर्ने ।
- खासगरी सीमान्तीकृत र सुविधाविहीन समूहलगायत अन्य सबैको लागि खाद्य-सुरक्षा र खानेपानीमा पहुँच सुनिश्चित गर्न अत्यावश्यक कदमहरु चाल्ने ।
- कृषिनीतिले उत्पादकत्व र व्यापारीकरणको मात्रै वृद्धि नगरी पहुँच र वितरणमा पनि प्रभावकारी रूपमा जोड दिएको कुरालाई सुनिश्चित गर्ने ।
- खाद्यको उत्पादन, वितरण र उपभोगमा दलित समुदायको सहभागिता बढाउन विशेष उपायहरूको कार्यान्वयन गर्ने ।

पर्याप्त खाद्यको अधिकार अन्तर्राष्ट्रिय मानव अधिकारको मात्रै विषयवस्तु नभएर अन्तर्राष्ट्रिय मानवीय कानुनसँग पनि जोडिएको विषय हो । अन्तर्राष्ट्रिय मानवीय कानुन[४३]को रूपमा रहेका नेपालको हकमा पनि लागू हुने सन् १९४९ का जेनेभा महासन्धिहरु र यससँग सम्बन्धित आलेखहरूले निशस्त्र वा सर्वसाधारण जनतालाई भोकमरीमा पारेर त्यसलाई युद्धको साधन वा माध्यमको रूपमा प्रयोग[४४] गर्ने तथा खाद्यसामग्री, खाद्यान्न उत्पादनका लागि प्रयोग हुने कृषिक्षेत्र, बालीनाली, पशु, खानेपानीका स्रोत तथा आपूर्ति र सिँचाइ[४५]लगायत निःशस्त्र वा सर्वसाधारण जनताका लागि अत्यावश्यक वस्तुहरु ध्वस्त गर्ने कार्यलाई प्रतिबन्धित गरेको छ ।

संयुक्त राष्ट्रसङ्घको मानव अधिकार प्रणालीअन्तर्गत पनि खाद्य-सम्प्रभुताको बहससँगै किसानका अधिकारलाई परिभाषित गर्ने तथा तिनलाई संहिताकृत गरेर अलग्गै दस्तवेज

४३ महासन्धि र इच्छाधीन आलेखको राज्यपक्षको हैसियतले ।

४४ अन्तर्राष्ट्रिय प्रकृतिको सशस्त्र द्वन्द्वमा निःशस्त्र वा सर्वसाधारण जनतालाई भोकमरीमा पारेर त्यसलाई युद्धको साधन वा माध्यमको रूपमा प्रयोग गर्ने कार्यलाई रोम विधान १९९८, जसले अन्तर ाष्ट्रिय फौजदारी अदालतको स्थायीरूपमा गठन गर्‍यो, अन्तर्गत युद्ध अपराधको रूपमा लिइन्छ ।

४५ जेनेभा महासन्धिको अन्तर्राष्ट्रिय द्वन्द्वसम्बन्धी अतिरिक्त आलेखको धारा ५४ तथा आन्तरिक सशस्त्र सङ्घर्षसम्बन्धी अतिरिक्त आलेखको धारा ६९ र ७० ।

ग्रहण गर्ने सन्दर्भमा पनि बहस अगाडि बढाइएको पाइन्छ । खासगरी कृषक तथा ग्रामीण जनताका अधिकारहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रको तयारीको प्रयासलाई यस सन्दर्भका उदाहरणको रूपमा लिन सकिन्छ । संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्द्वारा सन् २०१२ सेप्टेम्बर २७ मा पारित एउटा प्रस्तावमार्फत कृषक तथा ग्रामीण क्षेत्रका जनताहरूको अधिकार संरक्षणका लागि छुट्टै कानुनी संयन्त्रको आवश्यकतालाई मान्यता दिएको छ । यस्तो आवश्यकतालाई पुष्टि गर्दै परिषद्ले भोकबाट पीडित जनसङ्ख्यामध्ये ८०% जनता ग्रामीण क्षेत्रमा बसोबास गर्ने र तीमध्ये ५०% साना किसानहरू रहेको तथ्यलाई औँल्याएको छ ।

यो प्रस्तावमार्फत परिषद्ले पूर्ववत् सल्लाहकार समितिले सुझाएको कृषक तथा ग्रामीण क्षेत्रमा बसोबास गर्ने जनताहरूका अधिकारसम्बन्धी घोषणाको मसौदा[४६]लाई परिमार्जन गर्ने र अन्तिम रूप दिने कार्यादेशसहित एउटा अन्तरसरकारी कार्यसमूह[४७] को स्थापना गरको थियो । कृषकका अधिकारसम्बन्धी छुट्टै महासन्धिको अवश्यकता तथा औचित्यताका बारेमा **ला भिया क्याम्पेसिना**ले बहस अगाडि वढाउँदै आएको थियो । यसले सन् २००८ को अक्टुबरमा मोजाम्बिकमा भएको आफ्नो पाँचौँ अन्तर्राष्ट्रिय सम्मेलनमा किसानका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको आवश्यकतासम्बन्धी ठोस प्रस्तावलाई पारित गरेको थियो । मानव अधिकार परिषद्अन्तर्गतको यस विकासलाई भिया क्याम्पासिनाले कठोर सङ्घर्षको उपलब्धिका रूपमा स्वागत गरेको छ ।[४८]

---

46 Declaration on the rights of peasants and other people working in rural areas. This draft declaration was originally published as an annex to the Final study of the Human Rights Council Advisory Committee on the advancement of the rights of peasants and other people working in rural areas (A/HRC/19/75, in English only.
**Available at:** *http://www.ohchr.org/Documents/HRBodies/HRCouncil/WGPleasants/A-HRC-WG-15-1-2_En.pdf*

47 Resolution adopted by the Human Rights Council(21/19). Promotion and protection of the human rights of peasants and other people working in rural areas.Article 1 of the Resolution reads; 'Decides to establish an open-ended intergovernmental working group with the mandate of negotiating, finalizing and submitting to the Human Rights Council a draft United Nations declaration on the rights of peasants and other people working in rural areas, on the basis of the draft submitted by the Advisory Committee, and without prejudging relevant past, present and future views and proposals. '

48 Welcomed the move of HRC by La Via Campesina: Victory in hard-fought struggle in defense of the human rights of peasants Published on Friday, 05 October 2012 01:44. Available at: http://viacampesina.org/en/index.php/main-issues-mainmenu-27/human-rights-mainmenu-40/1302-victory-in-hard-fought-struggle-in-defense-of-the-human-rights-of-peasants

**कृषक तथा ग्रामीण जनताका अधिकारहरूको संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय घोषणापत्रको मसौदामा समेटिएका किसानका मूलभूत अधिकारहरू निम्न छन् :**

(क) महिला तथा पुरूष सबै कृषकहरूको सबै खाले भेदभावबाट संरक्षण हुन पाउने अधिकार,

(ख) कृषियोग्य भूमि तथा त्यसको उपयोगमा प्रभाव पार्ने नीति तथा कार्यक्रम निर्माण तथा कार्यान्वयन प्रक्रियामा सहभागी हुने अधिकार,

(ग) पारिस्थितिक रूपले उपयुक्त तथा दिगो पद्धति अपनाएर उत्पादन गरिएका स्वस्थ तथा सांस्कृतिक रूपले स्वीकार्य खाद्यमा पहुँच तथा आफ्नो खाद्य र कृषि पद्धतिको निर्धारण गर्ने, कृषि उत्पादनको मूल्य तथा बजार निर्धारणको स्वतन्त्रतासहितको खाद्य-सम्प्रभुताको हक,

(घ) परम्परागत ज्ञान तथा सीपको संरक्षण गर्ने, पेसा व्यवसाय अपनाउने अधिकार,

(ङ) ढुवानी, विद्युत् तथा सञ्चारका साधन, कृषि सामग्री, स्वच्छ खानेपानी र सरसफाइमा पहुँच एवम् सिँचाइको लागि पानी प्राप्त गर्ने अधिकार तथा स्थानीय जलस्रोतमा नियन्त्रण तथा अग्राधिकार,

(च) परम्परागत रूपमा भूमि जोत्ने, कृषि उत्पादन गर्ने, पशुपालन गर्ने, खाद्यवस्तु सङ्कलन गर्ने तथा माछा मार्ने, वन तथा मत्स्य क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने तथा त्यसबाट लाभ लिने अधिकार,

(छ) आर्थिक, सांस्कृतिक तथा पर्यावरणीय दृष्टिकोणबाट हानिकारक बिउको जातलाई अस्वीकार गर्ने तथा बिउको जात, खेती किसानी र पशुपालनको तरिका छनोट गर्न पाउने अधिकार,

(ज) आफ्नो आवश्यकताअनुरूप पुँजी, बजार, नीति, कार्यक्रम, मूल्य तथा प्रविधिलगायतका कृषि सूचनामा पहुँचको अधिकार;

(झ) व्यक्तिगत तथा सामूहिक रूपमा जैविक विविधताको संरक्षण, संवर्द्धन तथा विकास गर्ने अधिकार;

(ञ) वनस्पति, खाद्य तथा औषधिमा जैविक विविधतालाई हानि पुग्ने प्याटेन्ट तथा स्थानीय कृषकको स्वामित्वमा रहेको, विकसित गरेको तथा उत्पादन गरेको वस्तु, सेवा, स्रोत तथा ज्ञानमा बौद्धिक सम्पत्ति अधिकारलाई अस्वीकार गर्ने अधिकार ।

(ट) कृषि मजदुर न्यूनतम ज्यालाबाट वञ्चित हुनु नपर्नेसम्बन्धी अधिकार ।

(ठ) ऐनअन्तर्गत संरक्षित अधिकार उल्लङ्घनका कारण पुगेको हानिविरूद्ध सामूहिक तथा व्यक्तिगत रूपमा उचित क्षतिपूर्ति प्राप्त गर्ने अधिकार ।

## ३.२. वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौता र किसान

नेपालले वातावरणसम्बन्धी कैयौँ सन्धिसम्झौताको अनुमोदन गरेको छ । ती सन्धिसम्झौताद्वारा सृजित राज्यका दायित्वको परिपालनाले कृषि क्षेत्रको दिगो विकास तथा किसानका अधिकारको संरक्षण र प्रवर्द्धनमा विशेष योगदान पुग्ने देखिन्छ । यहाँ त्यस्ता केही महत्वपूर्ण सन्धिहरूको बारेमा विवेचना गरिएको छ ।

### ३.२.१ जैविक विविधता महासन्धि, १९९२

नेपाल जैविक विविधता महासन्धि, १९९२ को पक्ष रहिआएको छ । यस महासन्धिमा नेपालले सन् १९९२ जुन १२ मा हस्ताक्षर गरी सन् १९९३ सेप्टेम्बर १५ मा अनुमोदन गरेको हो । महासन्धिले जैविक विविधतामाथि राज्यको सार्वभौमिक अधिकारलाई मान्यता दिँदै जैविक विविधता संरक्षणको सम्बन्धमा राज्यको दायित्वलाई सृजना गरेको छ । धारा ८ अन्तर्गत जैविक विविधताको संरक्षणका लागि स्थानीय तथा आदिवासी समुदायको परम्परागत ज्ञान तथा अभ्यास एवम् उनीहरूको जीवनशैलीको संरक्षण तथा प्रवर्द्धनको आवश्यकतामा जोड दिएको छ । त्यसैगरी त्यस्तो ज्ञान, अन्वेषण तथा अभ्यासको उपयोगको लाभको समतामूलक समुदायका लागि बाँडफाँड गर्न प्रोत्साहित गर्दछ । जैविक विविधतामा पुग्न जाने कुनै पनि प्रकारको क्षति न्यूनीकरण गर्न एवम् प्राकृतिक बासस्थानको संरक्षण गर्दै प्रजातिहरु लोप हुन नदिने प्रस्तावनामा निहित उद्देश्यअनुरूप सङ्कटापन्न र दुर्लभ प्रजातिलगायतका जैविक विविधताको संरक्षणका लागि आवश्यक कानुनी, प्रशासनिक तथा कार्यकारी उपायहरूको अवलम्बन गर्नुपर्ने दायित्व राज्य पक्षले पूरा गर्नुपर्ने देखिन्छ ।

### ३.२.२ संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी फ्रेमओर्क महासन्धि, १९९२

नेपाल संयुक्त राष्ट्रसङ्घीय जलवायु परिवर्तनसम्बन्धी फ्रेमओर्क महासन्धि, १९९२ को पनि पक्ष हो । यस महासन्धिलाई ग्रहण गर्नुको पछाडि हरितगृह ग्यास उत्सर्जनलाई नियन्त्रण गरी विश्वव्यापी उष्णता घटाउनेतर्फ लक्षित उपायहरु अवलम्बन गर्न राज्यलाई एउटा मार्गनिर्देशित गर्ने उद्देश्य रहेको देखिन्छ । नेपालले यस महासन्धिलाई सन् १९९२ जुन १२ मा हस्ताक्षर गरी २ मई १९९४ मा अनुमोदन गरेको हो । नेपालको भौगोलिक अवस्थिति, जनसाङ्ख्यिक अवस्था र गरिबीका कारण नेपालको अवस्था जोखिमपूर्ण छ । जलवायु परिवर्तनका प्रभावलाई न्यूनीकरण गर्न नेपालले यो महासन्धिअन्तर्गत मार्गनिर्देशित भई अनुकूलन तथा प्रभाव न्यूनीकरणका उपायहरु अवलम्बन गर्नु जरूरी छ । खासगरी कृषि र आनुवांशिक स्रोत संरक्षणको क्षेत्रमा अनुकूलन क्षमता वढाउन ध्यान दिनु आवश्यक छ ।

### ३.२.३ संकटापन्न जीवजन्तु तथा बोटविरुवा सँग सम्बन्धित अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि, १९७३

नेपाल पक्ष भएको संकटापन्न जीवजन्तु तथा बोटविरूवासँग सम्बन्धित अन्तर्राष्ट्रिय व्यापार सम्बन्धी महासन्धि (Convention on International Trade in Endangered Species of Wild Fauna and Flora, 1973) ले दुर्लभ र सङ्कटापन्न प्रजातिहरूको संरक्षणका लागि राज्यका दायित्वहरूको व्यवस्था गरेको छ । दुर्लभ र सङ्कटापन्न प्रजातिलाई सूचीकृत गरी तिनको संरक्षणमा जुट्न राज्य पक्षलाई आह्वान गरिएको छ । यसको प्रस्तावनामा वन्यजन्तु र वनस्पतिका प्रजातिहरु वर्तमान पुस्ताका लागि मात्रै नभएर भावी पुस्ताका लागि पनि संरक्षण गर्नुपर्ने कुरालाई औँल्याउँदै महासन्धिको उद्देश्य र औचित्य प्रस्ट्याइएको छ ।[४९] महासन्धिको धारा २ देखि ७ मा वन्यजन्तु र वनस्पतिको अवैध व्यापारलाई कडाइका साथ नियन्त्रण गर्ने सन्दर्भमा राज्य पक्षका दायित्वहरु उल्लेख गरिएको छ । धारा ८ मा महासन्धिका दायित्वहरूलाई कार्यान्वयन गर्नका लागि राज्यले उपयुक्त कानुनी उपायहरूको अवलम्बन गर्नुपर्ने राज्यपक्षको जिम्मेवारी हुने कुरामा जोड दिइएको छ । .

### ३.२.४ विश्व सम्पदा तथा संस्कृति संरक्षण सम्बन्धी महासन्धि, १९७२

नेपाल विश्व सम्पदा तथा संस्कृति संरक्षण सम्बन्धी महासन्धि, १९७२ (Convention concerning the Protection of the World Cultural and Natural Heritage, 1972) को पनि नेपाल पक्ष रहिआएको छ । यस महासन्धिको धारा ४ ले पनि अन्तरवंशीय समन्याय (Principle of inter-generational equity) को सिद्धान्तलाई अङ्गीकार गर्दै भावी पुस्ताका लागि पनि वर्तमान प्राकृतिक र सांस्कृतिक सम्पदाहरूको संरक्षण गर्न राज्यले पर्याप्त दायित्वहरु परिपालना गर्नुपर्ने उल्लेख गरेको छ । महासन्धीको धारा ५ र ६ मा प्राकृतिक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षणका लागि राज्यले आवश्यक उपायहरु अवलम्बन गर्नुपर्ने व्यवस्था गरेको पाइन्छ ।

## ३.३. अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी कानुन र किसान

नेपाल विश्व व्यापार सङ्गठनको सदस्य हो । सदस्यको नाताले अन्तर्राष्ट्रिय व्यापारका सम्बन्धमा विश्व व्यापार सङ्गठनले प्रतिपादन गरेका कानुनी व्यवस्थाहरु नेपालको हकमा पनि लागू हुन्छन् । बौद्धिक सम्पत्तिका व्यापारसम्बन्धी पक्षहरु विषयक विश्व व्यापार

४९ "Recognizing that wild fauna and flora in their many beautiful and varied forms are an irreplaciable part of the natural systems of the earth which must be protected for this and the generations to come. Concious of the ever-growing value of wild fauna and flora from aesthetic, scientific cultural, recreational and economic points of view. Recognizaing that peoples and states are and should be the best protectors of their own wild fauna and flora."

सङ्गठनको सम्झौता (TRIPS), १९९५ः, बौद्धिक सम्पत्तिका विविध पक्षलाई नियमन गर्ने विश्व व्यापार सङ्गठनको बहुपक्षीय सम्झौता हो । विश्वव्यापी तहमा बौद्धिक सम्पत्तिलाई मान्यता दिनु र संरक्षण गर्नु यसको प्रमुख उद्देश्य हो । यसअन्तर्गत अन्तर्निहित सिद्धान्तहरूलाई विश्व व्यापार सङ्गठनका सबै सदस्य राष्ट्रहरूले मान्न वाध्य छन् । यस सम्झौताले बौद्धिक क्षमता उपयोग गरेर भएको सृजनामाथि व्यक्तिको अधिकारलाई मान्यता दिन्छ । नयाँ अन्वेषणमा व्यक्तिको स्वामित्वलाई स्वीकार गर्ने भए पनि समुदायको परम्परागत अधिकारलाई यसले मान्यता दिँदैन । यसले प्रतिलिपि अधिकार र औद्योगिक अधिकार गरी दुई किसिमका बौद्धिक सम्पत्तिका अधिकारलाई मान्यता दिन्छ । औद्योगिक प्रकृतिका बौद्धिक अधिकारमा पहुँच र मुनाफा बाँडफाँड, पेटन्ट र वनस्पति प्रजाति संरक्षण (पिभिपि), निश्चित समयका लागि प्लान्ट भेराइटी माथि व्यापारिक प्रयोजनका लागि निरपेक्ष एकाधिकार प्रदान गर्दछ । अन्य कुनै तवरबाट प्रयोग गर्ने, तयार पार्ने, बिक्रीवितरण गर्नेलगायतका कार्य विरूद्ध २० वर्षका लागि अन्वेषकलाई अधिकार प्रदान गर्दछ । खास गरी त्यस्तो बौद्धिक सम्पत्ति अधिकार दर्ता गर्नका लागि नोभल्टि, इन्सेन्टिभ स्टेपस, व्यापारिक सम्भावनालगायतका परीक्षण सन्तुष्ट हुनुपर्ने हुन्छ ।

यस सन्धिअन्तर्गत परम्परागत ज्ञानले पेटन्ट प्राप्त गर्न नसक्नु किसानको लागि अन्यायपूर्ण छ । प्लान्ट भेराइटि प्रोटेक्सन प्लान्ट ब्रिडरले पाउने पेटन्ट प्रकृतिकै अधिकार हो । यस्तो अधिकार प्राप्त गर्नेले तोकिएको अवधिभर उत्पादन, पुनः–उत्पादन, प्रयोग, बिक्री, आयात, निर्यात गर्न सक्दछ । जैविक विविधता महासन्धिअन्तर्गत मान्यता दिइएका पहुँच र लाभको बाँडफाँड तथा पूर्व सुसूचित सहमतिको दायित्वजस्ता सिद्धान्तहरूलाई यस सम्झौताले मान्यता दिँदैन । जसका कारणले जैविक तथा आनुवांशिक स्रोतको अनुचित शोषण, जैविक चोरी (वायो पाएरेसी) तथा परम्परागत ज्ञानको दुरूपयोगले बढावा पाएको छ । सदियौँदेखि स्थानीय समुदाय तथा किसानले जगेर्ना गर्दै आएको आनुवांशिक स्रोत तथा त्यससँग जोडिएको परम्परागत ज्ञानबापत किसानहरूलाई लाभको उचित तथा समतापूर्ण वितरणलाई सुनिश्चित गर्न असफल भएको छ । आनुवांशिक स्रोतको संरक्षणमा विगत, वर्तमान तथा भविष्यमा किसानबाट पुगेको तथा पुर्‍याइने योगदानलाई मान्यता दिन असफल छ । समुदाय तथा किसानको जीविकाको स्रोतमाथि नै खतरा सृजना गरेको छ । यो सम्झौताले बहुराष्ट्रिय कम्पनि तथा व्यापारिक कम्पनि तथा व्यावसायिक ब्रिडरहरूलाई अनुचित तवरले आनुवांशिक स्रोतबाट लाभ उठाउने हतियार बनेको छ । सन् २००९ देखि सम्झौताको संशोधनका लागि आवाज उठाइएको छ । खासगरी परम्परागत ज्ञानको स्रोत के हो त्यो खुलासा गर्नुपर्ने, पहुँच तथा लाभको बाँडफाँड तथा पूर्व सुसूचित सहमतिको आवश्यकतासम्बन्धी राष्ट्रिय कानुनको पालना भएको सुनिश्चित गर्नुपर्ने लगायतका प्रावधानलाई समाहित गर्न माग गरिएको छ । ब्रान्डयुक्त बिउको प्रयोग,

पुन:प्रयोग, भण्डारण, विनिमय तथा बिक्री गर्न कृषकको परम्परागत अभ्यासलाई कानुनी संरक्षण दिने हो भने किसानका अधिकारको संरक्षण एवम् खाद्य तथा कृषिको वानस्पतिक आनुवंशिक स्रोतको दिगो उपयोग र संवर्द्धनलाई सहजीकृत गर्दछ ।

## ३.४. आनुवंशिक स्रोत संरक्षणसम्बन्धी कानुन

खाद्य तथा कृषिका लागि वनस्पतीय आनुवांशिक स्रोतसम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, २००१ विश्व खाद्य तथा कृषि सङ्गठनको महत्वपूर्ण सन्धि हो । जैविक विविधता महासन्धिसँग तादाम्यता राख्दै यसले संरक्षण र संवर्द्धन, दिगो उपयोग, उचित र समन्यायिक लाभ बाँडफाँडका तीनवटा महत्वपूर्ण उद्देश्य राखेको छ । विश्वव्यापी खाद्य-सुरक्षा, साझा तथा सार्वजनिक हितका सिद्धान्तहरूलाई आत्मसात् गरिएको छ । यसले ६४ वटा महत्वपूर्ण बालीलाई विश्वव्यापी समूहमा राखेर सन्धि पक्ष राष्ट्रका सबै प्रयोगकर्तालाई स्वतन्त्र रूपमा कृषि र खाद्यको प्रयोजनका लागि अनुसन्धान, विकास तथा व्यापार गर्न छुट दिएको छ । आनुवांशिक स्रोत संरक्षणमा विश्वव्यापी सहयोगलाई पनि प्रवर्द्धन गरेको छ । सन्धिको धारा ९(१) ले आदिवासी समुदाय तथा किसानहरूको व्यापक योगदानलाई पनि मान्यता दिएको छ । किसानका अधिकार संरक्षण गर्नुपर्ने राष्ट्रिय सरकारको दायित्वलाई पनि निर्धारण गरेको छ । राष्ट्रिय कानुन बनाउँदा परम्परागत ज्ञान, लाभको बाँडफाँडमा समन्यायिक निर्णय प्रक्रियामा किसानको सहभागिता, आफ्नो फर्मबाट उत्पादित बिउ तथा उत्पादनलाई संरक्षण गर्ने, प्रयोग गर्ने, विनिमय गर्ने अधिकारलाई संरक्षण गरेको छ । यसले राज्यको सार्वभौमिक अधिकारलाई मान्यता दिन्छ । बहुपक्षीय पद्धतिमा सहभागी भैसकेपछि आफूले गरेको नवीन विकासमा अरूलाई पनि पहुँच दिनुपर्दछ ।

## ३.५. आदिवासीका अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रमसंगठनको अभिलेख नं. १६९

यस अभिसन्धिलाई नेपालले सन् २००७ अगस्ट २२ मा अनुमोदन गरेको हो । यसले आफ्नो जीवनलाई प्रभावित पार्ने कुनै पनि निर्णय प्रक्रियामा आदिवासी समुदायलाई सहभागी हुने अधिकार तथा परामर्शको अधिकार प्रत्याभूत गरेको छ । प्रत्यक्षतः आनुवांशिक स्रोत संरक्षणलाई उल्लेख नगरे पनि यसको संरक्षण र व्यवस्थापनलाई यो सन्धिले पनि योगदान पुऱ्याउँछ । समग्रमा थारूसहित ३७% जनसङ्ख्या नेपालमा आदिवासी भएको तथा उनीहरूको जीविकोपार्जन मुख्यतः कृषिमा नै आधारित भएको कारणले पनि उनीहरूका अधिकारको संरक्षणले स्वतः किसानका अधिकारको संरक्षणमा योगदान पुऱ्याउने देखिन्छ ।

## ३.६. खाद्यसम्बन्धी सार्क सम्झौताहरू

माल्दिभ्समा सन् २०११ मा भएको सार्क शिखर सम्मेलनले बिउबिजन बैंक सम्झौता ग्रहण गरेको थियो । खाद्य उत्पादनलाई सुनिश्चित गर्ने गुणस्तरीय बिउबिजनको सुनिश्चितता, राष्ट्रिय बीज सुरक्षा प्रयासहरूलाई क्षेत्रीय सहयोग प्रदान गर्नु तथा सदस्य देशहरूका लागि बिउ सञ्चितिका रूपमा काम गर्ने उद्देश्यले यसको स्थापना गरिएको थियो । तर, यसमा स्थानीय साना किसान तथा सीमान्तीकृत आदिवासी किसानको सहभागिताको अभाव देखिएको छ । खाद्यमा उपक्षेत्रीय आत्मनिर्भरता सुनिश्चित गरी प्राकृतिक तथा मानवसृजित विपद्को प्रभाव विरूद्ध जुध्ने उद्देश्यले ग्रहण गरिएको पाइन्छ । त्यसैगरी सामूहिक आत्मनिर्भरताको सिद्धान्तको आधारमा क्षेत्रीय खाद्य-सुरक्षालाई प्राप्त गर्न खोजिएको देखिन्छ । धारा २ मा खाद्य अभाव तथा विपद्को अवस्थाको लागि सार्क राष्ट्रहरूका लागि खाद्य सञ्चितिको प्रबन्ध गर्ने, खाद्य-सुरक्षा सुनिश्चित गर्ने राष्ट्रिय प्रयासहरूमा क्षेत्रीय सहयोग उपलब्ध गराउने, अन्तरदेशीय तथा क्षेत्रीय साझेदारीको माध्यमबाट क्षेत्रीय खाद्य अभावलाई सम्बोधन गर्ने उद्देश्यले खाद्य बैंकसम्बन्धी सम्झौता ग्रहण गरिएको छ । नयाँ दिल्लीमा भएको १४औँ सार्क शिखर सम्मेलनले खाद्य बैंकको स्थापनाको व्यबस्था गरेको हो । खाद्य-सुरक्षाका राष्ट्रिय प्रयासलाई सुदुढ पार्ने उद्देश्यले यो आएको देखिन्छ । यस सम्झौताले प्रत्येक देशले अनिवार्यरूपमा तोकिएको अनुपातमा खाद्यको सञ्चिति गर्नुपर्ने व्यवस्था गरेको छ ।

# परिच्छेद चार

# नेपालमा किसान अधिकारसम्बन्धी कानुनी व्यवस्थाहरूको समीक्षा

## ४.१. किसानको पहिचान र सम्मान

नेपालको अन्तरिम संविधान, २०६३ ले पहिलोपटक नेपालमा किसानलाई राज्यबाट विशेष संरक्षण प्राप्त गर्ने वर्गका रूपमा मान्यता दियो । त्यसलाई नेपालको संविधान (२०७२) ले अझै विस्तृत बनायो । तथापि, किसानको पहिचानलाई मान्यता दिने तथा सम्मानलाई प्रवर्द्धन गर्ने खास खास विधायिकी कानुन हालसम्म पनि अस्तित्वमा छैनन् । तर, किसान र किसानको अधिकारको पहिचानलाई शाब्दिक अर्थमा पहिचान दिने प्रयास भएको देखिन्छ । भूमिसम्बन्धी कानुनमा खेतीमा लागेको व्यक्तिलाई कृषक (किसान) भनिएको छ ।[५०] आफ्नो स्वामित्व भएको जमिनमा खेती गर्ने किसान तथा अर्काको खेतीयोग्य जमिन भाडामा लिएर खेतीगर्ने किसान (व्यक्ति) लाई, किसान वा कृषक भनिएको छ ।[५१] कम्पनी वा प्रतिष्ठानको रूपमा दर्ता भएका बाहेक हिमाल र पहाडका जिल्लामा कम्तीमा ४ आना (०.०१२७२ हेक्टर) र तराईका जिल्लामा कम्तीमा ८ धुर (०.०१३५५ हेक्टर) क्षेत्रफल बाली लागेको जग्गा भएमा वा जुनसुकै उमेरका कम्तीमा एउटा गाईभैँसी पालेको भएमा वा कम्तीमा पाँचवटा भेडाबाख्रा, सुँगुर बङ्गुरजस्ता चौपाया पालेको भएमा वा चल्ला र माउ गरी कम्तीमा २० वटासम्म चराचुरूङ्गी (कुखुरा, हाँस) पालेको भएमा त्यस्तो परिवार कृषक परिवार हुने भनी परिभाषित गरिएको छ ।[५२] परम्परागत तथा आर्जित किसानको सिप, ज्ञान, प्रविधि, रैथाने बालीको जात, बिउ, किसानले विकास गरेको जात र बिउ, कृषिमा प्रयोग हुने प्राकृतिक स्रोत र आधारभूत कृषि सामग्रीमा किसानको पहुँच र अधिकारलाई किसान अधिकार भनिएको छ ।[५३] यद्यपी भूमिसम्बन्धी ऐन बाहेक अन्य माध्ययमबाट गरिएका परिभाषाहरूले पूर्णतः कानुनी मान्यता प्राप्त गर्न सकेका छैनन् र भूमिसम्बन्धी ऐनमा भएको परिभाषा पनि पूर्ण छैन ।

किसानको पहिचान र सम्मानको विषयमा उल्लेख गरिहँदा राष्ट्रिय कृषि नीति, २०६१ ले किसानको पहिचान तथा वर्गीकरण गर्ने व्यवस्था गरेको पाइन्छ तर हालसम्म त्यसलाई वाध्यकारी कानुनी प्रावधानको रूपमा रूपान्तरण गरिएको छैन । नेपाल सरकारले पछिल्लो समयमा परिचयपत्र वितरण गर्न निर्देशिका बनाएर लागू गरेको छ । किसान परिचयपत्र

५० भूमीसम्बन्धी ऐन, २०२१ दफा २ (छ)

५१ किसान परिचयपत्र (वितरण तथा प्रयोग) निर्देशिका, २०७१

५२ राष्ट्रिय कृषिगणना २०६८ को बुँदा नं. ४

५३ http://nfc.gov.np/ne/content.php?id=2

(वितरण तथा प्रयोग) निर्देशिका, २०७१ ले रासायनिक तथा प्राङ्गारिक मल तथा बिउबिजनजस्ता कृषि सामग्रीमा वास्तविक किसानलाई अनुदान उपलब्ध गराई कृषि सामग्रीको बिक्रीवितरणलाई व्यवस्थित गर्ने उद्देश्य राखेको पाइन्छ । यो निर्देशिकाले माथि उल्लेख गरे बमोजिम किसानको परिभाषा गरेको भए पनि यसले भूमिहीन किसान, सुकुम्बासी तथा कृषि मजदुरलाई किसानको रूपमा स्विकार गरेको छैन । निर्देशिकाअनुसार उनीहरूको हकमा परिचयपत्र दावी गर्न सक्ने अवस्था छैन । त्यस्तो समुदायभित्र पर्ने किसानहरूलाई पचियपत्र दिने वा नदिने कुरा पूर्णतः तजबिजको विषय बनाइएको छ । खेतिपाती गर्नेबाहेक कृषिका अरू आयामहरूमा संलग्न व्यक्ति तथा परिवारलाई पनि किसानको परिभाषाबाट बाहिर राखेको छ । दफा ४ ले नागरिकताको प्रमाणपत्र, स्थानीय निकायको सिफारिस, जग्गाधनीको प्रमाणपत्र, जग्गा भाडामा लिएको जानिने करारनामा नभई कसैले पनि आफु किसान भएको भनी परिचयपत्र माग गर्न सक्ने अवस्था छैन । किसानको परिचयपत्र प्रयोगको क्षेत्र पनि सीमित छ । दफा ३ ले कृषि सामग्री तथा अनुदान वितरण गर्ने प्रयोजनमा यसलाई सीमित राखेको छ । झुटा विवरण पेस गरेकोमा, एकभन्दा बढी परिचयपत्र लिएकोमा वा परिचयपत्र दुरूपयोग गरेको भन्ने आधारमा त्यस्तो परिचयपत्र रद्द गर्न सक्ने व्यवस्था छ । परिचयपत्र वितरण गर्नेतर्फको प्रयास किसानको पहिचान र सम्मानलाई स्थापित गर्ने तर्फको सकारात्मक कदम भए पनि तत्सम्बन्धी यथोचित कानुनी प्रबन्धको खाँचो देखिन्छ । अधिकारमुखी दृष्टिकोणबाट सबै किसानले हकको रूपमा दावी गर्न सक्ने अवस्था छैन । यो कानुनी रिक्ततालाई केही हदसम्म परिपूर्ति गर्ने गरी नेपाल कानुन आयोगद्वारा संविधानको धारा ३६ लाई प्रभाव दिने गरी तर्जुमा गरिएको खाद्य-अधिकारसम्बन्धी ऐनको प्रारम्भिक मसौदामा किसानको पहिचान र सम्मान सुनिश्चित गर्न किसानले पाउने सेवा सुविधासमेत उल्लेख गरी स्थानीय तहमार्फत किसान परिचयपत्र वितरणको व्यवस्था प्रस्ताव गरिएको पाइन्छ ।

## ४.२. कृषि कार्यका लागि भूमिमा पहुँच

नेपालका कुल परिवारमध्ये ३८ लाख ३१ हजार परिवार कृषि पेसामा भए पनि खेतीपाती गर्ने किसान परिवार सङ्ख्या ३७ लाख १५ हजार भएको उल्लेख छ ।[५४] भूमि स्रोतमा पहुँच तथा भूमिको उपयोगका सम्बन्धमा प्रबन्ध गर्ने महत्वपूर्ण कानुनको रूपमा भूमिसम्बन्धी ऐन, २०२१ प्रचलनमा छ । ऐनको प्रस्तावनामा कृषियोग्य भूमिको न्यायोचित वितरण र कृषिसम्बन्धी आवश्यक ज्ञान र साधन सुलभ गराई भूमिमा आश्रित वास्तविक किसानहरूको जीवनस्तरमा सुधार ल्याउन र कृषि उत्पादनमा अधिकतम वृद्धि गर्न प्रोत्साहन प्रदान गरी सर्वसाधारण जनताको सुविधा र आर्थिक हित कायम राख्ने उद्देश्य प्रतिविम्बित भएको छ । ऐनले मोही तथा किसानको परिभाषा गरेको छ । यस ऐनले खेतीमा लागेको व्यक्तिलाई

५४ राष्ट्रिय कृषि गणना २०६८

किसान र अरु जग्गावालाको जग्गा कुनै शर्तमा कमाउन पाई सो जग्गामा आफ्नो वा आफ्नो परिवारको श्रमले खेती गर्ने किसानलाई मोही[५५] भनि परिभाषित गरेको छ ।

भूमिको स्वामित्व निश्चित व्यक्तिहरुमा सीमित नहोस् र भूमिमा आश्रित किसान वर्गको पहुँच स्थापित हुन सकोस् भन्ने उद्देश्यले ऐनको दफा ७ ले जग्गाको हदबन्दीसम्बन्धी व्यवस्था गरेको छ ।[५६] त्यसैगरी मोहीले कमाउने जग्गाको पनि हद तोकिएको छ ।[५७] जग्गाधनीको हैसियतले राख्न पाउने जग्गाको तुलनामा मोहीको हैसियतले राख्न पाउने जग्गा निकै कम छ । यसमा विभेद गरिनुको कुनै औचित्य देखिँदैन । ऐनले हदबन्दीमा छुट पाउने केही अपवादात्मक व्यवस्थाहरु पनि गरेको पाइन्छ । नेपाल सरकारको भोगचलनमा रहेको, स्थानीय तह (नगरपालिका, तथा गाउँपालिका) को स्वामित्वमा रहेको, कुनै शिक्षण संस्था तथा स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको, औद्योगिक व्यवसाय तथा कृषि उद्योग छन् । दफा १५ ले अधिकतम हदबन्दीभन्दा माथिको जग्गा राज्यले प्राप्त गर्ने तथा दफा २१ ले त्यसरी प्राप्त गरेको जग्गालाई भूमिहीन तथा सुकुम्वासीहरुलाई प्राथमिकता दिएर बिक्री तथा वितरण गर्ने व्यवस्था गरेको छ । भूमिहीन किसानको कृषि कार्यका लागि भूमिमा पहुँच वढाउने सन्दर्भमा यस्ता व्यवस्थाहरु महत्वपूर्ण हुने भए पनि कार्यान्वयनको अवस्था अहिलेसम्म सुदृढ हुन सकेको छैन ।

---

५५ भूमीसम्बन्धी ऐन, २०२१ को दफा २(ख) ।

५६ दफा ७ को व्यवस्थाः (१) कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले नेपालमा जम्मा १० बिगाहामा नबढ्ने गरी देहायको क्षेत्रमा देहायको हदसम्म मात्र जग्गा राख्न पाउनेछ :

(क) भित्री मधेससमेत सम्पूर्ण तराई क्षेत्रमा- १० बिगाहा,

(ख) काठमाडौँ उपत्यकामा- २५ रोपनी,

(ग) काठमाडौँ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा- ७० रोपनी, ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा निजको परिवारले देहायमा लेखिएको हदमा नबढ्ने गरी घरबारीको निमित्त आवश्यक भए जति जग्गा उपदफा (१) मा लेखिएको जग्गामा थप गरी राख्न सक्नेछ :-(क) भित्री मधेस समेत सम्पूर्ण तराई क्षेत्रमा- १ बिगाहा (ख) काठमाडौँ उपत्यकामा- ५ रोपनी (ग) काठमाडौँ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा- ५ रोपनी ।

५७ दफा ८ को व्यवस्था देहायवमोजिम रहेको छः- (१) कुनै व्यक्ति वा निजको परिवारले मोहीको हैसियतले देहायको हदसम्म मात्र जग्गा कमाउन पाउनेछ :

(क) भित्री मधेससमेत सम्पूर्ण तराई क्षेत्रमा- ४ बिगाहा ।

(ख) काठमाडौँ उपत्यकामा- १० रोपनी ।

(ग) काठमाडौँ उपत्यकाबाहेक सम्पूर्ण पहाडी क्षेत्रमा- २० रोपनी ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा निजको परिवारले जग्गावालाको हैसियतले कुनै जग्गा राखेको भए सोसमेत गरी उपदफा (१) मा तोकिएको अधिकतम हदमा नपुग जग्गासम्म मोहीको हैसियतले कमाउन पाउनेछ ।

ऐनमा जग्गावालालाई मुख्य बालीको ५० प्रतिशत उत्पादन कुतको रूपमा मोहीले दिनुपर्ने व्यवस्था र मोहीको स्वेच्छाचारी निष्काशनविरूद्धको संरक्षण पनि महत्वपूर्ण छ । भूमिसम्बन्धी ऐनले सहकारी खेती (कृषि) को अवधारणालाई पनि अवलम्बन गरेको छ । यसअन्तर्गत जमिनको चक्लाबन्दी गर्ने, कृषि बचत खाता तथा किसानहरूको सहकारी संस्थाहरू सञ्चालन गर्ने कुरा छन् । भूमिसम्बन्धी ऐनमा छैठौँ संशोधन गरी भूमिको वर्गीकरण तथा उपयोगका सम्बन्धमा व्यवस्था गरिएको छ । संशोधित दफा ५१ङ ले भूमिलाई कृषि, आवासीय, व्यावसायिक, औद्योगिक तथा खानीलगायत गरी १२ प्रकारमा विभाजन गर्ने व्यवस्था गरेको छ ।

त्यसैगरी भूउपयोग नीति, २०७२ बमोजमको कामलाई समन्वय गर्न संशोधित दफा ५१च ले नेपाल सरकारले तोकेको व्यक्तिले अध्यक्षता गर्ने गरी भूउपयोग परिषद् गठन गर्ने व्यवस्था गरेको छ ।[५८] नीतिले परिकल्पना गरेबमोजिमको भू–उपयोगसम्बन्धी अलग्गै ऐन बनिसकेको अवस्था छैन ।

खेतीयोग्य जमिनमा पहुँचको सन्दर्भमा आकर्षित हुने अर्को महत्वपूर्ण ऐन मालपोत ऐन, २०३४ हो । मालपोत ऐनको दफा २४ ले सरकारी वा सार्वजनिक जग्गा दर्ता गर्न वा आवाद गर्न निषेध गरेको छ । दफा २४(१)मा "सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा दर्ता वा आबाद गर्न गराउन हुँदैन" भनिएको छ । उपदफा ३ ले सरकारी जग्गा र सार्वजनिक जग्गा सम्बन्धित मालपोत कार्यालयले दर्ता गरी तोकिएबमोजिमको अभिलेख अद्यावधिक राख्नुपर्ने व्यवस्था गरेको छ । दफा २९ ले कसैले सरकारी वा सार्वजनिक जग्गा दर्ता वा आवाद गराएमा मालपोत कार्यालयले निजलाई एक हजार रूपियाँदेखि दस हजार रूपियाँसम्म जरिवाना गर्न सक्दछ । साथै त्यस्तो आवादीबाट मुक्त गरेपछि त्यस्तो जग्गा बँझ्याइदिने व्यवस्था गरिएको छ । उपर्युक्त व्यवस्था कृषकको हित विपरीत छ । सार्वजनिक तथा सरकारी जग्गा व्यक्तिले दर्ता गर्न रोक्नु उपयुक्त मान्न सकिए पनि त्यस्तो जग्गालाई सरकारी वा सार्वजनिक स्वामित्व कायम राखी भूमिहीन तथा विपन्न किसानलाई खेती गर्न नदिई जग्गा बझ्याउने कार्यलाई ऐनले प्रवर्द्धन गरेको छ । यस्तो व्यवस्था संविधानकै प्रतिकूल देखिन्छ । पछिल्लो समयमा सरकारी जग्गा दर्ता तथा भाडामा उपलब्ध गराउने गरी कार्यनीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको भए तापनि सरकारी वा सार्वजनिक जग्गा कृषि कार्यका लागि भूमिहीन तथा सुकुम्बासी किसानलाई उपलब्ध गराउने सम्बन्धमा कुनै व्यवस्था गरिएको पाइँदैन ।

---

५८ भूमिसम्बन्धी (छैठौं संशेधन) ऐन, २०७२ ।

## ४.३. सिँचाइमा पहुँच

कृषिगणना २०६८ ले नेपालको सिञ्चित क्षेत्रफल ५३ प्रतिशत रहेको उल्लेख गरेको छ । यसको नियमन गर्ने ऐन जलस्रोत ऐन, २०४९ हो । यो ऐन नेपालमा जलस्रोतको व्यवस्थापन र पहुँचका विषयमा नियमित गर्ने प्रमुख कानुन हो । यस ऐनले भूसतहमा वा भूमिगत वा अन्य कुनै अवस्थामा रहेको जलस्रोतको समुचित उपयोग, संरक्षण र व्यवस्थापनलाई सुदृढ गर्ने उद्देश्य राखेको छ । ऐनले नेपालभित्र उपलब्ध जलस्रोतको स्वामित्व राज्यको हुने उल्लेख गरेको छ ।[५९] ऐनले जलस्रोतको लाभदायक उपयोगहरूको निर्धारण गर्ने, त्यस्तो उपयोगबाट हुने वातावरणीय तथा अन्य हानिकारक प्रभावको रोकथाम गर्ने एवम् जलस्रोतलाई प्रदूषणमुक्त राख्ने उल्लेख गरेको छ ।[६०] ऐनमा "कुनै पनि व्यक्तिले यस ऐनअन्तर्गत अनुमतिपत्र प्राप्त नगरी जलस्रोतको उपयोग गर्न पाउने छैन" भन्ने उल्लेख गरेको[६१] भए पनि व्यक्तिगत वा सामूहिक रूपमा आफ्नो निमित्त "खाने पानी" र अन्य "घरेलु प्रयोग" र व्यक्तिगत वा सामूहिकरूपमा आफ्नो जग्गाको "सिँचाइ" गर्न अनुमति लिइरहनुपर्दैन । त्यस्तै सामूहिक लाभका लागि संस्थागतरूपमा जलस्रोत उपयोग गर्न चाहने व्यक्तिहरूले तोकिएबमोजिम जलउपभोक्ता संस्था गठन गर्न सक्छन् ।[६२] जलस्रोत उपयोग खानेपानी र घरेलु उपयोग, सिँचाइ, पशुपालन तथा मत्स्यपालनजस्ता कृषिजन्य, जलविद्युत्, घरेलु उद्योग, औद्योगिक व्यवसाय तथा खानीजन्य उपयोग, जल यातायात, आमोद-प्रमोदजन्य र अन्य प्राथमिकता क्रमअनुसार उपयोग गर्नुपर्ने उल्लेख छ ।[६३]

यस ऐनको उद्देश्य पूरा गर्नका लागि आवश्यक नियमहरू बनाउन सक्ने अधिकार दफा २४ ले प्रदान गरेअनुरूप जलस्रोत नियमावली, २०५०, सिँचाइ नियमावली, २०५७ तर्जुमा भई लागू भएको पाइन्छ । सिँचाइसम्बन्धी नियमावली, २०५७ ले सरकारले व्यवस्था गरेको सिँचाइ प्रणालीलाई विकसित एवम् सञ्चालन गर्ने उद्देश्यले छुट्टै उपभोक्ता समिति गठनको व्यवस्था गरेको छ । त्यस्तो उपभोक्ता समितिमा महिला, दलित तथा अन्य सीमान्तीकृत समुदायलाई प्रतिनिधित्व गराउनै पर्ने व्यवस्था छ । सिँचाइ नियमावली, २०५७ ले सिँचाइ उपभोक्ता समितिहरूको गठनको व्यवस्था गरेको छ । यस नियमावलीमा सिँचाइ सेवा शुल्क भुक्तानी नगर्नेलाई सिँचाइ सेवाको पहुँचमा प्रतिबन्ध लगाउने व्यवस्था गरिएको

---

५९ जलस्रोत ऐन २०४९ दफा ३ ।

६० जलस्रोत ऐन, २०४९ को प्रस्तावना ।

६१ उही दफा ४ (१) ।

६२ उही दफा ५ (१)

६३ उही दफा ७ (१) ।

छ ।[६४] यो व्यवस्था शुल्क तिर्न नसक्ने गरिब किसानको हकमा पक्षपातपूर्ण देखिन्छ ।

विभिन्न प्रयोजनका लागि बनेका जलस्रोतको उपयोग र पहुँचसँग सम्बन्धित धेरै कानुनहरू छरिएर रहेका छन् । जलचर संरक्षण, ऐन २०१७ त्यसमध्येमा एक हो । यसको उद्देश्य जलभित्र रहने जीवको संरक्षण र संवर्द्धन गर्नु रहेको छ । यस ऐनले पानीमा रहने कुनै पनि जीवजन्तुलाई विस्फोटक पदार्थ वा विष प्रयोग गर्नमा प्रतिबन्ध लगाएको छ । दफा ३(क) ले कुनै जलचरको संरक्षणका लागि जलमा रहेको फिस ल्याडर, बाँध तथा अन्य कुनै किसिमका संरचनाका ढोकाहरूलाई थुन्न वा भत्काउन हुँदैन । दफा ४ अन्तर्गत सरकारलाई नेपाल सरकार वा स्थानीय अधिकारीको अनुमतिपत्र नलिई जलचर पक्रने वा मार्ने कामलाई रोक्ने अधिकार प्रदान गरेको छ । तर, कुनै व्यक्ति विशेषको निजी जलमा रहेका जलचरहरूको सम्बन्धमा यो दफा र यस दफाअन्तर्गतका कुनै कुरा लागू हुने छैन ।

मुलुकी ऐनको जग्गा आवाद गर्ने महलअन्तर्गत परम्परागत सिँचाइ प्रणालीका बारेमा विभिन्न व्यवस्था गरेको छ ।[६५] यस्ता नियममा आफ्नै प्रयास र आँतका बलले नहर, कुलो बनाएर सिँचाइ गर्ने व्यक्तिलाई प्राथमिकता दिनुपर्ने उल्लेख छ । त्यस्तै, पुरानो कुलोले पाट्ने खेतमा पानी कम हुँदैन भने मात्रै नयाँ कुलो बनाउन पाइने पनि मुलुकी ऐनले व्यवस्था गरेको छ । यसले कृषकहरूको जलस्रोतमा रहेको परम्परागत अधिकारको उपभोगलाई मान्यता दिन्छ । मुलुकी देवानी (संहिता) ऐन, २०७४[६६] ले जग्गा आवाद गर्नलाई कुलो बनाउन दिनुपर्ने, कसैको जग्गामा उत्पति भएको वा त्यसबाट बगेको पानी तल्लो तटवर्ती जग्गाधनीलाई प्रयोग गर्न दिनुपर्ने, कसैले पनि पहिले बनाई सञ्चालनमा रहेको कुलोबाट सिँचाइ भइरहेको खेतमा पानी सारभूत रूपमा कम हुने गरी त्यसभन्दा माथि नयाँ कुलो बनाउन नहुने, कुलो बनाउन जुन व्यक्तिले श्रम वा खर्च गर्छ उसले पानीमा पहिलो प्राथमिकता पाउने, अर्काको जग्गामा मात्र बनेको कुलो अन्य व्यक्तिले पनि प्रयोग गर्दै आएको भएमा त्यस्तो कुलोलाई बिनासहमति अन्य ठाउँमा फेरबदल गर्न नपाइने, नयाँ कुलो बनाउँदा वा पुरानो कुलो मर्मत गर्दा श्रम वा खर्च नब्यहोर्ने व्यक्तिले पानी उपयोग गर्न नपाउनेलगायतका व्यवस्थाहरू गरिएको पाइन्छ ।

## ४.४. कृषि श्रमिकको हकहित संरक्षण

कृषिका विविध क्षेत्रमा आफ्नो र आफ्ना परिवारका सदस्यहरूको श्रम लगाउने व्यक्तिहरू पनि किसान हुन् । उनीहरूको हकहितबिना कृषि क्षेत्रको विकास हुन सक्दैन । उनीहरूको

६४ सिँचाइ नियमावली २०५७ को प्रावधान २९ (१) र ५ (१) (ज) ।

६५ हेर्नुहोस् : दफा १, २ र ३ ।

६६ हेर्नुहोस् : दफा २८८, २८९, २९०, २९१, २९२, २९३, २९४ ।

हकहितका सन्दर्भमा श्रमबारे व्यवस्था गर्ने धेरै कानुनहरू आकर्षित हुने देखिन्छ । श्रम ऐन, २०७४ ले श्रम ऐनलाई श्रमिक र श्रमिकसँग सम्बन्धित विषयमा न्यूनतम मापदण्डको रूपमा रहेको[६७] उल्लेख गरेको छ । तर, यस ऐनले कृषि मजदुरको हकमा छुट्टै व्यवस्था गरेको छैन । परम्परागत अनौपचारिक रूपमा कृषि पेसा व्यवसायमा श्रम गर्ने व्यक्तिलाई नभई उद्योग प्रतिष्ठानमा रहेर कार्य गर्ने व्यक्तिको हकमा मात्र यो व्यवस्था लागू हुने देखिन्छ । किनभने, मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानुनबमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा सङ्घ वा अन्य संस्थालाई 'प्रतिष्ठान' भनी परिभाषित गरेको छ ।[६८] ऐनले पारिश्रमिक लिई रोजगारदाताका लागि शारीरिक वा बौद्धिक कार्य गर्ने कामदार वा कर्मचारी वा जुनसुकै पदनाम दिई काममा लगाइएको व्यक्तिलाई 'श्रमिक' भनी सम्बोधन गरेको छ ।[६९] उल्लिखित व्यवस्थाको आधारमा विश्लेषण गर्दा यस ऐनले कृषिसँग सम्बन्धित प्रतिष्ठान, कम्पनी, प्राइभेट फर्मजस्ता निकायमा काम गर्ने मजदुरको हकहितमा कानुनी व्यवस्था गरेको भए पनि समग्रमा कृषि मजदुरको हकमा त्यस्तो व्यवस्था गर्न सकेको पाइँदैन । केवल चिया मजदुरहरूको हकमा सम्म केही व्यवस्था गरेको छ ।[७०] ऐनले कृषि मजदुरको परिभाषा गर्न सकेको छैन । समग्र ऐनको अध्ययनबाट केन्द्रीय श्रम सल्लाहकार समितिमा कृषि मन्त्रालयको सचिव रहने व्यवस्थाअन्तर्गत 'कृषि' शब्दको प्रयोग गरिए पनि अन्यत्र कृषि वा कृषि मजदुर वा किसान शब्दको प्रयोग भएको छैन । ऐनले, अनौपचारिक रूपमा सञ्चालनमा रहेका कृषि उद्यम एवम कृषि व्यावसाय र त्यस्तो व्यवसायमा कार्यरत कामदार वा खासगरी कृषि र घरेलु काममा लागेका व्यक्तिहरूको हकहितको संरक्षणलाई समेटेको छैन । चिया बगानका श्रमिकको सम्बन्धमा मात्र केही व्यवस्था गरेको देखिए पनि औपचारिक रूपमा दर्ता नभएका चियाबगानमा काम गर्ने मजदुरको हकमा मौन छ । तर पनि, अपवादको रूपमा अनौपचरिक क्षेत्रका कामदारको न्यूनतम ज्यालाको विषयमा भने ऐनको दफा ३(२)बमोजिम मापदण्ड निर्धारण गर्न सकिने व्यवस्थालाई सकारात्मकरूपमा लिन सकिन्छ ।

नेपालको सम्पूर्ण जनसङ्ख्याको ५१.५ प्रतिशत महिला रहेका छन् र ९० प्रतिशतभन्दा बढी कृषिसँग सम्बन्धित काम (जस्तै : खाद्य उत्पादन र प्रशोधन, दाउरा, घाँसपात र पानी पँधेराजस्ता) गर्छन् ।[७१] यस्तो अवस्थामा कृषि कामदारहरूलाई श्रम कानुनको दायरामा

६७ श्रम ऐन, २०७४ को दफा ३(१)

६८ श्रम ऐन, २०७४ को दफा २(ञ)

६९ श्रम ऐन, २०७४ को दफा २(भ)

७० श्रम ऐन, २०७४ को दफा ८४

७१ नेपाली महिला किसानहरूको दोस्रो सम्मेलनको सङ्क्षिप्त प्रतिवेदन, २०१३ हेर्नुहोस् । http://landport.info/sites/default/files/sunmary Report Second national conference of women farmer 2013 pdf

ल्याउनुपर्ने आवश्यकता टड्कारो देखिन्छ ।

कमैया श्रम (निषेध) ऐन, २०५८ अन्तर्गत नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कृषि कामदारहरूको हकमा न्यूनतम ज्याला तोक्न सक्ने व्यवस्था गरेको छ ।[७२] कमैया ऐनमा कसैले पनि न्यूनतम ज्यालाभन्दा कम पारिश्रमिकमा कृषि कामदार लगाउन नपाउने व्यवस्था गरिएको छ ।[७३] श्रम ऐनले रोजगारदाता र श्रमिकबीचको सामूहिक सम्झौतामा उल्लेख गरिएको अवस्थामा बाहेक[७४]अनुचित तरिकाले ज्याला घटाउन नपाउने पनि व्यवस्था गरेको छ । यस ऐनले बँधुवा मजदुर वा कमैया श्रमलाई उन्मूलन र निषेध गरेको छ । मुक्तकमैयाहरूलाई उनीहरूको जीवनस्तर उकास्न पुनर्स्थापनाको उद्देश्य राखेको छ ।[७५] कमैया ऐनअन्तर्गत कुनै पनि कमैयाले साहूलाई कुनै किसिमको ऋण तिर्न नपर्ने र कुनै पनि बन्धकपत्र गर्न नपर्ने, कमैया र साहूबीच लिखित वा अलिखित खालका कुनै पनि सम्झौता भए त्यस्ता सम्झौता खारेज हुने भनिएको छ ।[७६] यही सिलसिलामा साहूले कमैयाबाट कुनै सम्पत्ति दृष्टिबन्धक वा भोगबन्धकमा लिएको छ भने त्यस्तो सम्पत्ति उसले फिर्ता गर्नुपर्ने व्यवस्था ऐनमा गरिएको छ ।[७७] स्थानीय कमैया समितिलाई कमैया ऐन विपरीत हुने गरी कमैयाहरूलाई काममा लगाइएको छ-छैन भनेर त्यसको निरीक्षण र अनुगमन गर्ने तथा कमैया समितिमा त्यसका प्रतिवेदनहरु पेस गर्नुपर्ने जिम्मेवारी तोकेको छ । वर्तमान सन्दर्भमा सो जिम्मेवारी स्वतः गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिको भएको अनुमान गर्न सकिन्छ । कल्याणकारी अधिकृतले यस्तो प्रतिवेदन सरकार (भूमिसुधार मन्त्रालय) समक्ष पेस गर्ने जिम्मेवारी पनि ऐनले तोकेको छ ।[७८]

कुनै व्यक्तिले ऐनको बर्खिलाप हुने गरी कमैया राखेको पाइएमा निजलाई एक हजार रूपैयादेखि २५ हजार रूपैयासम्मको जरिवाना हुने व्यवस्था छ ।[७९] यस्तो मुद्दा प्रमुख जिल्ला अधिकारीले हेर्ने व्यवस्था गरिएको छ ।[८०] कमैया ऐनले मुक्तकमैयाहरूको लागि पुनर्स्थापनाको व्यवस्था र अनुगमन समिति (कमैया समिति) को व्यवस्था गरेको छ,

---

७२ कमैया ऐनको दफा १३ (१) ।

७३ कमैया ऐनको दफा १३ (२) ।

७४ श्रम ऐनको दफा ३४(३)

७५ कमैया ऐन, २०५९, प्रस्तावना र दफा ३ ।

७६ उही दफा ५ र ६ ।

७७ उही दफा ७ ।

७८ उही दफा २१ ।

७९ उही दफा १६ ।

८० उही दफा १७ ।

जसले जिल्ला तहमा मुक्तकमैयाको पुनर्स्थापन गर्ने उद्देश्य लिएको छ ।[८१] यसैगरी प्रत्येक सम्बन्धित जिल्लामा अधिकृतस्तरको कल्याणकारी अधिकृतको व्यवस्था गरेको छ ।[८२] यस्तो कल्याणकारी अधिकृतले कमैया समितिको सचिवको हैसियतले काम गर्ने जिम्मेवारी ऐनले सुम्पेको छ र यसले कमैया समितिले तोकेको कामहरु गर्नुपर्ने व्यवस्था छ ।[८३] कमैया ऐनले मुक्तकमैयाहरूको हकहितका लागि काम गर्न एउटा कोषको पनि व्यवस्था गरेको छ ।[८४]

कमैया ऐन बनेपछि भूमिसुधार मन्त्रालयले सबै कमैया घरपरिवारलाई घरजग्गाको स्वामित्वको आधारमा निम्न चार भागमा वर्गीकरण गरेको थियो :

(क) मुक्त भूमिहीन कमैया श्रमिक,

(ख) पर्ती बाँझो जग्गामा अस्थायी झोपडी बनाएर बसेका भूमिहीन मुक्तकमैया

(ग) घरमा बसेका तर ०.०६८ हेक्टरभन्दा कम जग्गा भएका र

(घ) ०.६८ हेक्टर वा त्योभन्दा बढी जग्गासहित घर भएका मुक्तकमैया ।

वर्गीकरणपछि सरकारले सबै मुक्तकमैयालाई परिचयपत्र उपलब्ध गराई पुनर्स्थापन गर्ने प्रयास गर्‍यो । तर पनि मुक्तकमैयाको समस्याहरु अझै सम्बोधन हुन बाँकी छ । अझै पनि उल्लेख्य सङ्ख्यामा कमैयाहरु पुनर्स्थापित हुन बाँकी हुनु, मुक्तकमैया परिवारलाई सरकारले प्रदान गरेको जग्गा उब्जाउ नहुनु र वर्षभरिको खाद्य-सुरक्षाको हिसाबले अपर्याप्त हुनु, हजारौँ सङ्ख्यामा पूर्वकमैयाहरु अझै पनि पहिचान र पुनर्स्थापनाको पर्खाइमा रहनु, मुक्तिपछि जीविकोपार्जनका लागि आवश्यक सहयोगको अभावमा शिक्षा, स्वास्थ्य सुविधा, रोजगारीको अवसर, प्राकृतिक साधनस्रोत र त्यसमा पनि खासगरी सामुदायिक वनमा पहुँचलगायत दैनिक आवश्यकताको परिपूर्ति समस्याको रूपमा रहेको देखिन्छ ।[८५]

श्रमिकहरूको ठूलो सङ्ख्या श्रम ऐनको दायरा बाहिर रहनु, न्यूनतम ज्यालासम्बन्धी प्रावधान लागू भए तापनि औपचारिक र अनौपचारिक दुवै क्षेत्रमा यो लागू भए नभएको अनुगमन नहुनु, ज्यालामा रहेको लैङ्गिक विभेदलाई स्पष्टतः दण्डनीय बनाउने कानुनको अभाव हुनु, तोकिएको न्यूनतम ज्याला एकदमै खासगरी कृषि क्षेत्रमा कार्यरत कामदार

---

८१ उही दफा ड ।

८२ उही दफा १० ।

८३ उही दफा ११ ।

८४ उही दफा १२ ।

८५ एक्सन एड नेपालको गरिबी र अन्याय विरूद्धको लडाइँ : राष्टिय रणनीति पत्र III, २००५-२०१०, काठमाडौँ नेपाल

हरूलगायत अन्य कामदारलाई स्तरयुक्त जीवन जिउन पर्याप्त नहुनु समस्याको रूपमा रहेको छ ।[८६] त्यसैगरी श्रम अदालतको व्यवस्था गरिए पनि[८७] काठमाडौँमा मात्रै उपलब्ध भएकाले धेरैजसो कामदारहरूको पहुँचभन्दा बाहिर हुनु, मुलुकभर जम्मा १० वटा मात्र श्रम कार्यालय हुँदा धेरै कृषि मजदुरको पहुँच स्थापित हुन नसक्नु, अनौपचारिक क्षेत्रको न्यूनतम ज्यालासम्बन्धी मुद्दाहरु प्रमुख जिल्ला अधिकारीले हेर्ने व्यवस्था रहेको र निज अन्य धेरै जिम्मेवारीमा तल्लीन हुने भएकाले यसमा सुधारको आवश्यकता देखिन्छ ।

## ४.५. गुणस्तरीय बिउबिजनमा पहुँच

बिउबिजन ऐन, २०४५ तथा बिउबिजन नियमावली, २०४८[८८] ले कृषकहरूलाई उच्च गुणस्तरको बिउबिजन आपूर्ति गरेर बाली उत्पादनमा वृद्धि गर्ने उद्देश्य राखेका छन् । बिउबिजन ऐनको प्रस्तावना हेर्दा "विभिन्न बालीको उत्पादनमा बृद्धि गराउन उच्च गुणस्तरको बिउबिजन उत्पादन, प्रशोधन तथा परीक्षण गरी गुणस्तरयुक्त बिउबिजन सुव्यवस्थित रूपले उपलब्ध गराई सर्वसाधारण जनताको सुविधा तथा आर्थिक हित कायम राख्ने" उद्देश्य निहित रहेको देखिन्छ । ऐनको दफा ११ख. मा अनुसन्धान प्रयोजनका लागि बाहेक सूचित नभएका बिउबिजन बिक्री वितरण गर्न नपाइने व्यवस्था छ । त्यस्तो सूचित बिउबिजनबाहेक अन्य बिउबिजन बिक्री वितरण गरेको पाइएमा बाली निरीक्षकले जफत गर्ने व्यवस्था छ । दफा १२ मा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सूचित बिउबिजनमध्ये समितिको परामर्श लिई कुनै बिउबिजनको हकमा न्यूनतम गुणस्तरको हद तोक्न सक्ने व्यवस्था गरिएको छ ।

किसानको हितलाई संरक्षण गर्ने सन्दर्भमा दफा १५क. को व्यवस्था महत्वपूर्ण छ । यसअन्तर्गत नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपालको कृषि कार्यलाई हानि वा प्रतिकूल प्रभाव पुऱ्याउने कुनै खास जातको बिउबिजनको पैठारी गर्न वा कुनै खास कारणले निकासी गर्न नहुने कुनै सूचित जातको बिउबिजन निकासी गर्न जोखिम विश्लेषणको आधारमा रोक लगाउन सक्नेछ । यसले सरकारलाई त्यसो गर्न शक्तीकृत गरेको भए पनि किसान त्यस्ता बिउबिजनबाट पूर्णतः सुरक्षित हुने अधिकारलाई मान्यता दिएको छैन । सरकारको तजबिजमा छाडिएको छ । दफा ११ क. कुनै व्यक्ति वा संस्थाले बिउबिजनको बिक्री वितरणसम्बन्धी कारोबार गर्न चाहेमा तोकिएबमोजिमको

---

८६ अधिकार र प्रजातन्त्र नामक संस्थाको नेपालमा खाद्य-अधिकार : अन्तर्राष्ट्रिय तथ्य खोजी मिसनको प्रतिवेदन, २००८

८७ श्रम ऐन २०४८, दफा ७२ ।

८८ जीवनाशक विषादी ऐन, २०४८ को एफएओले सन् २००४ मै विश्लेषण र समीक्षा गरेको थियो । त्यस बेला परामर्शदाताहरूले ऐनको मस्यौदा दिएका थिए । यस सन्दर्भमा ऐनको नयाँ मस्यौदा हुँदै गरेको भन्ने जानकारी प्राप्त भएको थियो ।

दस्तुरसहित तोकिएको अधिकारीसमक्ष निवेदन दिई ढाँचामा अनुमतिपत्र लिनुपर्ने व्यवस्था छ । त्यसरी अनुमति नलिई बिउबिजन बिक्री वितरण गरेको पाइएमा त्यस्तो बिउबिजन बाली निरीक्षकले जफत गर्नेछ । दफा ११ ले नेपाल सरकारले कृषि कार्यको निमित्त प्रयोग गरिने बिउबिजनको कुनै किसिम वा जातको गुणस्तर नियमित तथा नियन्त्रण गर्न र नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो किसिम वा जातको बिउबिजनहरू सूचित बिउबिजन भनी तोक्न सक्ने व्यवस्था छ । त्यसरी तोक्दा विभिन्न क्षेत्रको लागि उपयुक्त हुने बिउबिजनको किसिम वा जातसमेत तोक्न सक्दछ ।

ऐनका प्रावधानहरूलाई हेर्दा बिउबिजनको सुरक्षा सुनिश्चित गर्ने गरी सरकारलाई अधिकार दिएको भए पनि उपयुक्त बिउबिजनमा किसानको पहुँच, परम्परागत तथा रैथाने बिउबिजन तथा त्यससम्बन्धी परम्परागत ज्ञानको संरक्षण, त्यसबाट लाभ लिने एवम् आनुवांशिक परिवर्तित हानिकारक बिउबिजनबाट संरक्षित हुने किसानको अधिकारलाई सुनिश्चित गर्न ऐनको व्यवस्था पर्याप्त देखिँदैन । त्यसैगरी बिउबिजनका कारण बाली असफल भएमा किसानलाई पर्ने मर्कालाई कसरी सम्बोधन गर्ने तथा यथोचित क्षतिपूर्ति कसरी भराउने भन्ने बारेमा पनि व्यवस्था गर्न ऐन चुकेको छ ।

## ४.६. कृषि उपजको वजारीकरण

नेपालको प्रचलित कानुनमा कृषिजन्य उपजका लागि बजारमा पहुँच सुनिश्चित गर्ने सन्दर्भमा खास किसिमको कानुन छैन । तथापि, कृषि उपजलाई बजारीकरणका सम्बन्धमा विशेष ग्राह्यता तथा छुट दिने गरी विभिन्न कानुनहरूमा व्यवस्था भएको पाइन्छ । उदाहरणका लागि प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ११ ले कुनै पनि वस्तु वा सेवाको भ्रमपूर्ण विज्ञापन गर्न नहुने गरी ऐनको दफा १० मा गरेको व्यवस्थाबाहेक ऐनले प्रतिस्पर्धाको सन्दर्भमा गरेका अन्य व्यवस्थाहरू कृषि उपजका सम्बन्धमा लागू नहुने व्यवस्था छ । उक्त व्यवस्था किसानहरूले आफ्नो कृषि उपजको सञ्चय गर्ने, ढुवानी गर्ने, मूल्य तोक्ने तथा बिक्रीवितरण गर्ने परम्परागत प्रणालीले कानुनी मान्यता पाएको जस्तो देखिन्छ । दफा ११ को देहाय (ख) ले "तोकिएबमोजिमका साना किसानबाट उत्पादित कृषि उत्पादन तथा कृषिजन्य सहकारी व्यवसाय"लाई छुट पाउने वर्गभित्र राखेको छ । औद्योगिक व्यवसाय ऐन,२०४९ को दफा ३ ले औद्योगिक व्यवसायको वर्गीकरण गरी कृषि तथा वनजन्य उद्योगअन्तर्गत कृषि वा वन पैदावारमा आधारित एकीकृत किसिमको रेशम खेती तथा रेशम उत्पादन, फलफूल खेती तथा फलफूल प्रशोधन, पशुपालन, डेरीउद्योग, कुखुरापालन, मत्स्यपालन, चियाखेती तथा प्रशोधन, कफी खेती तथा प्रशोधन, जडीबुटी खेती तथा प्रशोधन, तरकारीका बिउबिजन उत्पादन, च्याउ, तरकारी खेती वा तरकारी प्रशोधन, नयाँ प्रविधिद्वारा बिरूवा उत्पादन गर्ने उद्योग (टिस्युकल्चर), ग्रिन

हाउस, मौरीपालन, महउत्पादन, रबर खेती, फूल खेती तथा उत्पादन, कबुलियती वन, एग्रोफरेस्टी आदि व्यावसायिक वनसम्बन्धी व्यवसायहरु । ऐनको अनुसूची ४ मा कृषि तथा वनजन्य उल्लिखित उद्योग तथा व्यवसायलाई प्राथमिकता प्राप्त व्यवसायको रूपमा मान्यता दिएको छ । त्यस्ता प्राथमिकता प्राप्त औद्योगिक व्यवसायले राज्यबाट विशेष छुट प्राप्त गर्न सक्ने गरी दफा १५ र १६ मा व्यवस्था गरिएको छ ।

सहकारी संस्थालाई अनुदान सुविधा प्रदान गर्ने निर्देशिका, २०७३ को दफा ३ अन्तर्गत नेपाल सरकारले कृषि सहकारी संस्थालाई बिउपुँजी अनुदान तथा पुँजीगत अनुदान दिन सक्ने व्यवस्था गरिएको छ । त्यसरी अनुदान दिँदा भूमिहिन किसान तथा सीमान्तीकृत जनताको स्वरोजगारका आयोजना, सहकारी खेती तथा कृषक सहकारी संस्थाका सदस्यहरूले आफ्ना उपजहरूको सङ्कलन, सञ्चय, प्रशोधन तथा बजारीकरण गर्नेसम्बन्धी आयोजनालाई अनुदान दिन सकिने व्यवस्था रहेको छ । गरिबी निवारण कोष नियमावली, २०६४ को नियम ३ मा कोषले समुदायको उत्पादनको सङ्कलन, बेचबिखन केन्द्र स्थापना तथा बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउने व्यवस्था गरिएको छ । उपभोक्ता संरक्षण ऐन, २०५४ तथा खाद्य ऐन, २०२३ ले भने किसानबाट उत्पादित खाद्यवस्तुलाई विशेष छुट तथा सुविधा दिने गरी कुनै खास व्यवस्था गरेको देखिँदैन । कानुनी मापदण्डहरु एकनासले लागू हुने व्यवस्था छ । कृषि उपजको बजारीकरणलाई सहयोग पुऱ्याउने तथा बजारमा किसानको पहुँचलाई प्रवर्द्धन गर्ने गरी खाद्य-अधिकार, उपभोक्ता संरक्षणलगायतका कानुनका व्यवस्था गरिनु आवश्यक देखिन्छ ।

जहाँसम्म कृषि उपजको मूल्य निर्धारणको विषय छ त्यसलाई निर्देशित गर्ने विशेष कानुन छैन । जसको अभावमा बिचौलियाले नाफा खाने प्रचलन वढ्दै गएको छ । यस समस्यालाई दृष्टिगत गरेर व्यवस्थापिका संसद्को कृषि तथा जलस्रोत समितिले २०७१ असार १५ मा सरकारलाई कृषकहरूले उत्पादन गरेका कृषि उत्पादनमा किसानले न्यून मूल्य पाउने, बीचको नाफा खाने बिचौलियाहरूले बढी नाफा कमाउने गर्दा त्यहीं सामान उपभोक्ताहरूले बजारमा चर्को मूल्य तिर्नुपर्ने अवस्था रहेको पाइएकोले किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सरल मूल्यमा कृषि उत्पादनको उपभोग गर्न पाउने व्यवस्था मिलाउन र बीचमा बढी नाफा कमाई किसान र उपभोक्तालाई मारमा पार्ने प्रक्रियालाई नियन्त्रण गर्न प्रस्तावित रूपमा रहेको कृषि बजार विधेयक यथाशीघ्र व्यवस्थापिका–संसद्मा पेस गर्न कृषि विकास मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको थियो ।

## ४.७. सङ्गठित हुने स्वतन्त्रता तथा सूचनाको हक

सूचना वास्तवमा किसानको हकहितको सन्दर्भमा महत्वपूर्ण पक्षको रूपमा रहेको छ । किनभने, यसले खाद्य, पोषण, बजार र स्रोत वितरणको बारेमा व्यक्तिलाई जानकार गराउँदछ । यसले किसानको छनोट गर्ने स्वतन्त्रता र सहभागितालाई सशक्त बनाउने काम गर्दछ । यसरी सूचनाको खोजी गर्ने, प्राप्त गर्ने तथा प्रसार गर्ने अधिकारको संरक्षण तथा संवर्धनले खाद्य–अधिकारको उपभोगलाई सहज बनाउँछ ।[८९] यस्तै सङ्गठित हुने स्वतन्त्रता र सार्वजनिक जीवन वा मामिलामा भाग लिन पाउने अधिकार पनि त्यत्तिकै महत्वपूर्ण छ । यो विषय खासगरी सीमान्तीकृत र बहिष्कृत जनताहरूको आवाज बुलन्द पार्न र किसानसम्बन्धी सार्वजनिक नीतिहरूमा तिनका आवाज र विचार प्रतिबिम्बित गराई उनीहरूको हकहित संरक्षित होस् भन्नका लागि महत्वपूर्ण छ ।[९०]

सूचनाको हकको संवैधानिक प्रत्याभूतिलाई प्रभावकारी बनाउन व्यवस्थापिका संसद्ले सूचनाको हकसम्बन्धी ऐन, २०६४ बनाएको छ । जसले, नेपाली नागरिकलाई सार्वजनिक निकायबाट[९१] सूचना माग्ने र पाउने हक प्रदान गरेको छ भने सार्वजनिक निकायलाई कुनै पनि "सार्वजनिक महत्व"को सूचना नागरिकलाई दिने दायित्व सुम्पेको छ ।[९२] तर, ऐनले (क) नेपालको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रिय सुरक्षा, सार्वजनिक शान्ति र अमनचैन वा नेपालको अन्तर्राष्ट्रिय सम्बन्धमा गम्भीररूपमा असर पार्ने सूचना (ख) अपराधको अनुसन्धान, छानबिन र अभियोजनलाई असर पार्ने सूचना (ग) आर्थिक, व्यापारिक वा मौद्रिक हित तथा बौद्धिक सम्पत्ति, बैङ्किङ एवम् व्यापारिक गोपनीयतालाई गम्भीररूपमा असर पार्ने सूचना (घ) विभिन्न जातजाति र समुदायबीचको सौहार्दपूर्ण सम्बन्धलाई खलल पुऱ्याउने सूचना, (ङ) व्यक्तिको स्वास्थ्य, सम्पत्ति, जीवन, शारीरिक सुरक्षाको एवम् गोपनीयतामा हस्तक्षेप हुने खालका सूचना सार्वजनिक नगर्न सम्बन्धित निकायलाई छुट दिएको छ :।[९३] तर, सार्वजनिक महत्वका सूचना प्राप्त गर्नका लागि पनि सम्बन्धित अधिकारीले सूचना खोज्ने व्यक्तिलाई शुल्क लगाउन सक्ने ऐनको प्रावधान गरिबमुखी छैन ।[९४] ऐनले सूचनाको अधिकारको संरक्षण तथा संवर्धन र अभ्यास गर्नका लागि एउटा राष्ट्रिय सूचना आयोगको स्थापना गरेको छ ।[९५] आयोगको काम कर्तव्य र अधिकारमा सार्वजनिक सङ्घसंस्थालाई व्यवस्थितरूपमा अभिलेखहरूको सूची राख्न

८९ खाद्य–अधिकारसम्बन्धी ओएचसिएचआर र एफएओको तथ्यपुस्तिका (Fact Sheet), पेज नं. ६

९० उही ।

९१ सूचनाको हकसम्बन्धी ऐन, २०६३, दफा ३ ।

९२ उही दफा ४ र ५ ।

९३ उही दफा ३ (३) ।

९४ उही दफा ८ ।

९५ उही दफा ११ ।

आदेश दिनु, सूचनाको पहुँच सबैको लागि उपलब्ध गराउन आदेश दिनु, निवेदकहरूले माग गरेअनुसार सूचना उपलब्ध गराउन एउटा निश्चित समयसीमा तोक्न लगाउने सरकार अन्य निकायलाई सूचना र सञ्चारसम्बन्धी तथा सूचनाको हकको संरक्षण र विकासको लागि सिफारिस र सुझाव पेस गर्ने र सूचनाको हकको संरक्षण, संवर्धन तथा अभ्याससम्बन्धी अन्य उपयुक्त आदेश जारी गर्नेछन् ।[९६]

सूचना आयोग काठमाडौँमा अवस्थित छ र यसको प्रादेशिक वा स्थानीयस्तरमा कुनै शाखा छैन । कानुनले आयोगलाई प्रमुख जिल्ला अधिकारीलाई अधिकार प्रत्यायोजन गर्न सक्ने अधिकार दिएको भए तापनि अहिलेसम्म व्यवहारमा त्यस्तो भएको छैन । अधिकार प्रत्योजन गरिहाले पनि कामको बोझले गर्दा सूचनासम्बन्धी विवाद समाधानको लागि प्रमुख जिल्ला अधिकारी उपयुक्त अधिकारी हैन । आयोगका अन्य समस्याहरूमा आयोगको निर्देशनहरूको पालना नहुनु तथा सरकारी संयन्त्रको अभावले गर्दा आयोगको निर्देशनहरूको कार्यान्वयनको अभाव मुख्य छन् ।[९७] त्यस्तै सूचनाको हकको उल्लङ्घनको सम्बन्धमा व्यवहारतः आयोगमा आधिकारिक उजुरी परेपछि मात्रै आयोगले उल्लङ्घनको अनुसन्धान गर्ने गरेको देखाउँछ ।[९८] आफ्नो अधिकारको बारेमा सचेत जनताहरूको सङ्ख्या न्यून छ र सूचनाको महत्वको बारेमा तिनको चेतनास्तर पनि न्यून छ । यस्तो न्यून चेतना मुख्य गरी किसानलगायतका सीमान्तीकृत र असुरक्षित समूह वा समुदायमा बढी छ । तसर्थ, जनचेतना जागृत नहुन्जेल ऐनको प्रभावकारी र पूर्ण कार्यान्वयन सम्भव छैन । यसका लागि सूचनाको अधिकारलाई विद्यालय पाठ्यक्रममा अनिवार्य गरिनुपर्दछ ।[९९]

सङ्गठित हुने स्वतन्त्रता पनि पर्याप्त खाद्य-अधिकारको प्रभावकारी उपभोगको एक मुख्य कडी हो, जसले नागरिक (किसानलाई पनि) लाई सशक्त र सबल बनाएर हातेमालो गर्न सहयोग गर्दछ । नेपालमा गैरसरकारी सङ्घसंस्था, आस्थाका सङ्गठन, ट्रेड युनियन, सामाजिक तथा सांस्कृतिक समूह, पहिचानमा आधारित सङ्गठनहरू, व्यावसायिक सङ्गठनहरू, सञ्जाल, महासङ्घ तथा गुठीलगायत अनेकौँ सङ्घसंस्थाहरू कार्यरत छन् । नागरिक समाज सङ्गठनहरूले निभाउन सक्ने महत्वपूर्ण भूमिका भनेको सरकारले पर्याप्त रूपमा ध्यान दिन नसकेको क्षेत्रमा सामाजिक सुरक्षा सञ्जालको निर्माण गर्नु रहेको छ ।[१००] नेपालमा सङ्गठित हुने स्वतन्त्रतालाई प्रभावकारिताका साथ प्रयोग गर्ने

९६ उही दफा १९ ।

९७ सूचनाको हकका लागि नागरिक अभियानका कार्यकारी निर्देशक टङ्क अर्यालसँगको टेलिफोन वार्तामा आधारित, १५ जुलाई २०१३ ।

९८ ऐजन, ऐजन ।

९९ नेपालमा सूचनाको हकको कार्यान्वयन : वर्तमान अवस्था र सिफारिसहरू, विश्वबैंक, ३१ जनवरी २०११, पेज १९

१०० उत्तम उप्रतिको नेपालमा नागरिक समाजका लागि कानुनी रूपरेखा, अन्तर्राष्ट्रिय जर्नल,

सम्बन्धमा थुप्रै कानुनहरू छन् । सङ्घ-सङ्गठन खोल्ने नागरिकहरूको मौलिक अधिकारले यस क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ ।[१०१] यी[१०२] र यस्ता अधिकारको व्यावहारिक उपभोगका लागि संस्था दर्ता ऐन, राष्ट्रिय निर्देशन ऐन, समाज कल्याण ऐन, ट्रेड युनियन ऐन, सुशासन ऐन र स्थानीय सरकार सञ्चालन ऐनले कानुनी आधार प्रदान गर्दछन् । संस्था दर्ता ऐन त्यसमध्ये एक महत्वपूर्ण कानुन हो, जसले सङ्घसंस्थाको स्थापना र दर्तासम्बन्धी प्रावधानहरूलाई समेट्दछ । धेरैजसो नागरिक समाज सङ्गठनहरू यसै ऐनअन्तर्गत स्थापना भएका छन् । कसैले पनि यस ऐनविपरीत सङ्घसंस्था खोल्न वा खोल्न लगाउन सक्दैन । यस ऐनले सङ्घसंस्था दर्तालाई अनिवार्य मात्र गरेको छैन, सोविपरीत भए-गरेमा सजायको व्यवस्था पनि गरेको छ ।[१०३] यस्तै अर्को ऐन राष्ट्रिय निर्देशन ऐन रहेको छ, जसले वर्गीय एवम् पेसागत सङ्घ-सङ्गठनको दर्तालाई नियमित गर्दछ । उदाहरणका लागि यस ऐनअन्तर्गत गठन भएका संस्थाहरूमा नेपाल बार एसोसियसन, नेपाल प्रेस काउन्सिल तथा गैरसरकारी संस्था महासङ्घ नेपाल रहेका छन् । संस्था दर्ता ऐनजस्तै यस ऐनले पनि बिनादर्ता पेसागत सङ्घ-सङ्गठन सञ्चालन गर्न निषेध गरेको छ ।[१०४] साथै, ऐनले सरकारलाई पेसागत सङ्घ-सङ्गठनहरूलाई राष्ट्रिय हित र स्वार्थअनुरूप हुनुपर्ने भनेर निर्देशन गर्न सक्ने अधिकार प्रदान गरेको छ ।[१०५] सरकारका यस्ता निर्देशनहरूको पालना गरिनुपर्ने भनेर ऐनले सरकारको निर्देशनविरूद्ध पुनरावेदन नलाग्ने व्यवस्था गरेको छ ।[१०६] उल्लिखित व्यवस्थाहरूको आधारमा किसानहरू पनि सङ्गठित भई किसानको हकहित र खाद्य-सम्प्रभुताको लागि कार्य गर्ने प्रशस्त आधारहरू देखिन्छन् ।

समाज कल्याण ऐन, २०४९ अर्को कानुनी व्यवस्था हो, जसले समाज कल्याणको ध्येयले खुलेका सङ्घ-सङ्गठनहरूबीच समन्वयको अभिवृद्धि गर्ने लक्ष्य राखेको छ ।[१०७] ऐनले विभिन्न सङ्घसंस्थाहरूले गर्ने सामाजिक गतिविधिहरूलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गर्न तथा त्यस्ता सङ्घ-संस्थाहरूबीच प्रभावकारी समन्वय, सहयोग, परिचालन तथा

---

हेर्नुहोस् । Vol. 13, Issue 3, June, **Avaialble at:** http:///www.icnl.org/research/journal/vol/3/iss3art-3html.

१०१ नेपालको अन्तरिम संविधान २०६३, धारा २७ ।

१०२ नागरिक अधिकार ऐन २०१२, दफा ६ (३) ।

१०३ ऐनको दफा १२ अनुसार दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था सञ्चालन गरेमा त्यस्ता संस्थाका प्रबन्ध समितिका सदस्यहरूलाई स्थानीय अधिकारीले जनही दुई हजार रूपैयांसम्म जरिवाना गर्न सक्नेछ ।

१०४ राष्ट्रिय निर्देशन ऐन, २०१८ दफा ३ ।

१०५ ऐजन ऐजन दफा ५ ।

१०६ ऐजन ऐजन दफा ८ ।

१०७ समाज कल्याण ऐन, २०४९ को प्रस्तावना ।

सामाजिक क्रियाकलापको प्रवर्द्धन गर्न समाज कल्याण परिषद्को स्थापना गरेको छ ।[१०८] यद्यपि कानुनले कुनै पनि सङ्घसंस्थालाई परिषद्सँग सम्बन्धन लिनुपर्ने बाध्यकारी प्रावधानको व्यवस्था गरेको छैन,[१०९] सरकार तथा अन्य दातृ निकायसँग आर्थिक सहयोग लिन इच्छुक सङ्घसंस्थाले भने परिषद्को स्वीकृति लिनुपर्दछ ।[११०] यस प्रावधानले सङ्घ-संस्थाहरूलाई असमानुपातिक तवरले असर पारेको छ । मुख्यगरी काठमाडौँ बाहिरका स्थानीय तहका सामुदायिक सङ्घसंस्थाहरु र त्यसमा पनि विशेषगरी खाद्य असुरक्षित जिल्लाका जनस्तरका सङ्घ-सङ्गठनहरूले यस्तो अनुदान वा सहयोग प्राप्त गर्न धेरै कठिनाइ भोग्नुपरेको छ ।[१११] त्यसैले परिषद्ले प्रदान गर्ने सेवा स्थानीय तहमा विकेन्द्रित गर्ने वा जिल्ला समन्वय समितिलाई अधिकार प्रत्यायोजन गर्नेतर्फ ध्यान दिनुपर्दछ । माथि उल्लिखित कानुनी व्यवस्थाहरूका आधारमा किसानले उपयुक्त विधि र प्रक्रिया पुऱ्याएर सङ्गठित भई आफ्नो अधिकारप्राप्तिका लागि कार्य गर्न सक्ने देखिन्छ ।

## ४.८. जैविक विविधता, वन तथा वातावरण

नेपालजस्तो कृषि प्रधान मुलुकका लागि वन क्षेत्र ग्रामीण जीविकोपार्जनका लागि एक अभिन्न अङ्गको रूपमा रहेको छ । वनजङ्गल वास्तवमा खाद्य, घाँसपात तथा इन्धनको रूपमा दाउराजस्ता गैरकाष्ठ वन पैदावारको महत्वपूर्ण स्रोतको रूपमा रहेको छ । किसानहरूको जीविकाको आधारको रूपमा पनि रहेको छ । ग्रामीण भेगका गरिब किसान (जनता) का लागि आय आर्जनको माध्यमको रूपमा पनि रहेको छ । वनले एकातिर प्राथमिक स्वास्थ्यको लागि औषधिको स्रोतका रूपमा काम गर्दछ भने सरकारका लागि यो आम्दानीको स्रोत हो ।

वन ऐन, २०४९ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ वन पैदावरको पहुँचलाई व्यवस्थापन गर्ने मुख्य कानुनको रूपमा रहेका छन् । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनले विशेषगरी राष्ट्रिय निकुञ्जहरु, आरक्षण तथा वन्यजन्तु संरक्षण क्षेत्रको व्यवस्थापन गर्दछ भने वन ऐनले बाँकी वनको सबै क्षेत्रको हकमा लागू हुन्छ । यससँग सम्बन्धित अन्य कानुनी व्यवस्थाहरूमा वन नियमावली, २०५१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, मध्यक्षेत्र (व्यवस्थापन) नियमावली, वातावरण संरक्षण ऐन, २०५४ र यसको नियमावली पर्दछन् ।

---

१०८ ऐजन ऐजन दफा ५ र ९ ।

१०९ ऐजन ऐजन दफा १३ ।

११० ऐजन ऐजन दफा १६ ।

१११ हरिप्रसाद अधिकारी, अध्यक्ष, असल शासन क्लब जिल्ला समन्वय समितिसँग टेलिफोन वार्तामा आधारित, २०७० साउन ६ ।

वन ऐनको प्रस्तावनामा "सर्वसाधारण जनताको आधारभूत आवश्यकता पूरा गर्न, सामाजिक तथा आर्थिक विकास गर्न तथा स्वस्थ वातावरणको प्रवर्द्धन गर्न र राष्ट्रिय वनलाई सरकारद्वारा व्यवस्थित वन, संरक्षित वन, सामुदायिक वन, कबुलियत वन र धार्मिक वनको रूपमा व्यवस्थापन गरी वनको विकास, संरक्षण तथा वन पैदावारको सदुपयोग गर्न र निजी वनको संरक्षण र विकासमा सहयोग पुऱ्याउन वाञ्छनीय भएको" उल्लेख गरिएको छ ।[११२] वन क्षेत्रको स्वामित्व सरकारको हुने भनिएको छ ।[११३] राष्ट्रिय वनभित्रको जग्गा कसैले पनि दर्ता गर्न वा गराउन हुँदैन । जग्गा दर्ता गराइएको भए तापनि दर्ताको नाताले त्यस्तो जग्गा दाबी गर्न पाइने छैन र त्यस्तो दर्ता स्वतः बदर हुनेछ ।[११४] नेपाल सरकारबाट अधिकारप्राप्त पट्टा वा पुर्जी प्राप्त गरी वा अरू कुनै प्रकारले हक वा सहुलियत प्राप्त गरेकोमा बाहेक कुनै व्यक्तिलाई राष्ट्रिय वनमा कुनै किसिमको हक वा सहुलियत प्राप्त हुने छैन ।[११५] राष्ट्रिय वनको विभिन्न स्वरूपलाई व्यवस्था गर्ने कुरामा जोड दिन वन ऐनले निजी वनको संरक्षणको सहयोग पनि विस्तार गर्नेछ ।[११६] त्यसैगरी यस ऐनले वन क्षेत्रभित्र विभिन्न गतिविधिहरु गर्न रोक लगाएको छ । रोक लगाइएका गतिविधिहरूमा वन क्षेत्रबाट वन पैदावार हटाउन, ओसारपसार गर्न वा बिक्री वितरण गर्न र रूखका हांगाबिंगा छिमल्ने काट्ने पर्दछन् ।[११७] दफा ७० अनुसार सरकारलाई कुनै निश्चित वन पैदावार[११८] बटुल्ने वा काट्ने क्रियाकलापलाई रोक लगाउने अधिकार दिइएको छ जसले किसानको अधिकार प्रचलनमा असर पार्न सक्ने अवस्था देखिन्छ ।

अर्कोतर्फ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०१५[११९] ले नेपालको वन्यजन्तुका लागि संरक्षित क्षेत्र[१२०] व्यवस्थापन गर्ने आधार प्रदान गर्दछ । यस ऐनले राष्ट्रिय निकुञ्ज, आरक्षण, संरक्षित क्षेत्र, चरा र जनावरहरूको संरक्षण र तिनीहरूको वासस्थान

११२ वन ऐन २०४९, प्रस्तावना ।

११३ उही दफा ६७ ।

११४ उही दफा १६ ।

११५ उही दफा १७ र १८ ।

११६ उही दफा ३८ र ३९ ।

११७ उही दफा ४९ ।

११८ ऐनको दफा २(ग) मा वन पैदावार भन्नाले वनमा रहेको वा पाइएको वा वनबाट ल्याइएको देहायको पैदावार- काठ, दाउरा, गोल, खैरकच, खोटी, काठको तेल, बोक्रा, लाहा, पिपला, रूख, पात, फल, फूल, चिराइतो, चट्टान, माटो, ढुङ्गा गिट्टी, वालुवा, पशुपंक्षी, वन्यजन्तुलगायत सम्झनुपर्छ ।

११९ यस ऐनले वन्यजन्तु संरक्षण ऐन २०१५ लाई विस्थापित गरेको छ ।

१२० राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐनको प्रस्तावना : यसको उद्देश्य, राष्ट्रिय निकुञ्जको व्यवस्थापनलाई सुदृढ गर्ने, प्राकृतिक सुन्दरताको दृष्टिकोणले विशेष महत्वको ठाउँ र वन्यजन्तुको संरक्षण गर्ने सिकारलगायतका कामलाई नियन्त्रण गर्ने र समग्र त्यहाँको विकास सुदृढ गर्ने भनिएको छ ।

आदिको व्यवस्था गर्ने प्रावधान उल्लेख गर्दछ । संरक्षित क्षेत्र अर्को प्रकारको वन क्षेत्र हो जसलाई सरकारले व्यवस्थित गरेको छ । ऐनमा केही कडा प्रावधान राखिएका छन् जसले सिकार खेल्न, स्रोतको दोहन गर्ने तथा वनको जग्गा प्रयोग गर्न कानुनी प्रतिबन्ध लगाएको छ । सरकारले राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्रमा प्रवेश गर्न रोक लगाउन सक्दछ ।[१२१] सरकारले निषेध गर्ने कार्यहरूमा जनवार र पंक्षीको सिकार गर्ने, कुनै भवन, घर वा झोपडी बनाउने, जग्गा कब्जा, जग्गाको कुनै भागमा खेती गर्ने, रूख, बिरूवा तथा झाडी हटाउने, काट्ने, जलाउने र कुनै वन पैदावार वा जग्गा नष्ट गर्नेजस्ता कुराहरू पर्दछन् ।[१२२] ऐनअन्तर्गत धेरै नियमावली बनाइएका पनि छन् जसमा 'संरक्षित क्षेत्र व्यवस्थापन नियमावली, २०५२ लगायत मध्यवर्ती क्षेत्र (व्यवस्थापन) नियमावली, २०५१ रहेका छन् । यी नियमावलीहरू लागू भएपछि कृषकसहित स्थानीय नागरिकहरूको वन क्षेत्र र वन पैदावारमा हुने पहुँचलाई नियमित गरिएको छ ।

## ४.९. सहकारी, गरिबी निवारण तथा सामाजिक कल्याण

गरिबी निवारण कोष ऐन, २०६३ गरिबी न्यूनीकरणका लागि एक विशेष कानुन हो । गरिवी निवारण कोष ऐन, २०६३ ले पहिलोपल्ट "गरिब"को विस्तृत तवरले कानुनी रूपमा परिभाषा गरेको छ । जसअन्तर्गत सरकारले निर्धारण गरेको राष्ट्रिय वा क्षेत्रीय स्तरको गरिबीको रेखामुनि रहेका व्यक्ति वा समूहलाई समेटेको छ ।[१२३] यसले शिक्षा र स्वास्थ्यको क्षेत्रमा मानव विकास सूचकाङ्कको दृष्टिकोणबाट सीमान्तीकरणमा परेका तथा लैङ्गिक र सामाजिक बहिष्करणको हिसाबले राष्ट्रिय विकास प्रक्रियाबाट बाहिर पारिएका जनतालाई समेटेको छ ।[१२४] ज्यादै महत्वपूर्ण कुरा भनेको यस ऐनले गरिबी निवारण कोषको स्थापना गरेको छ जसले खासगरी गरिब जनताको आर्थिक र सामाजिक उत्थान गर्ने, राज्यले प्रदान गर्ने सेवा सुविधामा तिनको पहुँच सुनिश्चित गर्ने, अधिकारको अभ्यास तथा दाबी गर्न सक्ने गरी उनीहरूको क्षमता अभिवृद्धि गर्ने, उनीहरूको आर्थिक तथा सामाजिक अवस्थामा सुधार ल्याउन उनीहरूलाई प्रदान गर्ने सहयोगको विस्तार गर्ने र स्थानीय स्तरमा गरिबीको मूल कारणहरूको पहिचान गर्ने कुराहरू समेटिएका छन् ।[१२५] यस ऐनले गर्दा गरिबी निवारण कोष गरिब र सीमान्तीकृत जनताको सहभागितामार्फत गरिबी निवारण कार्यक्रमहरू सञ्चालन गर्ने एक समर्पित निकायको रूपमा रहेको छ । ऐनले कोषलाई गरिब जनताको क्षमता अभिवृद्धि गरी आधारभूत सेवामा उनीहरूको पहुँच

---

१२१ उही दफा ४

१२२ उही दफा ५

१२३ गरिबी निवारण कोष ऐन, २०६५, दफा २ (ग)

१२४ उही

१२५ उही दफा ५ र ६

बढाउने, गरिबीको रेखामुनि रहेका जनता र समुदायको पहिचान गरी उनीहरूको आर्थिक तथा सामाजिक स्तरलाई उकास्न विशेष योजना सञ्चालन गर्ने जस्ता जिम्मेवारी सुम्पेको छ ।[१२६] ऐनले स्थानीय स्रोतको आधारमा कृषि, पशुपालन, घरेलु उद्योगजस्ता आयआर्जन, तालिम तथा रोजगारीका कार्यक्रमहरूमा जोड दिएको छ । कोषको यस्तो गतिविधिहरूले महिला, बालबालिका तथा सीमान्तीकृत समुदायलगायत बहिष्करणमा परेकाहरूलाई प्रत्यक्ष फाइदा पुग्ने परिणाममुखी हुनुपर्ने ऐनले उल्लेख गर्दछ ।[१२७] तथापि यस ऐनले गरिबीमा रहेका जनतालाई राज्यबाट संरक्षण प्राप्त गर्ने कुरालाई दाबी गर्न सक्षम बनाउने कुनै विशेष प्रावधानको व्यवस्था गरेको छैन । यो कल्याणकारी विचारमा आधारित देखिन्छ । गरिबीमा बाँचिरहेका जनताको कानुनी अधिकारलाई समेट्ने प्रावधानहरु थप्नेतर्फ ध्यान दिन सकिन्छ । कानुनअनुसार गरिबहरूको पहिचान गर्ने र उनीहरूलाई परिचयपत्र वितरण गर्ने कार्यको सुरूवात भएको छ । तर, यस्तो कार्य सबै जिल्लामा हुन सकेको छैन । सबैतिर यस किसिमका कार्य सम्पन्न भएमा एकातिर यसले गरिब जनतालाई सामाजिक संरक्षण खोज्न मद्दत गर्ने देखिन्छ भने अर्कोतिर सरकारलाई गरिबीमा बाँचिरहेका जनतासामु पुग्न पनि मद्दत गर्ने देखिन्छ । जस्तो कि गरिब घरपरिवारको पहिचान गर्ने कार्य एक महत्वपूर्ण अग्रगामी कदम हुने भएकाले सकेसम्म यस्तो प्रक्रियाले छिटो पूर्णता प्राप्त गर्नुपर्दछ ।

सहकारी ऐन, २०७४ ले देशका कृषकलगायतका निम्न आय भएका वर्ग तथा समूह एवम् श्रमिक, भूमिहीन तथा बेरोजगारसमेत सङ्गठित भै आर्थिक तथा सामाजिक विकासको लागि पारस्परिक सहयोग र सहकारिताको आधारमा विभिन्न किसिमका सहकारी संस्था तथा सङ्घहरूको गठन र सञ्चालन गर्न सक्ने कानुनी आधार सृजना गरेको छ । यस ऐनले कृषक, श्रमिक, न्यून आय समूह एवम् सीमान्तकृत समुदायसमेत सँग छरिएर रहेको पुँजीलाई एकीकृत गर्दै आर्थिक, सामाजिक र साँस्कृतिक उन्नति गर्ने समेतका उद्देश्य राख्दै सहकारी खेतीबाट पनि आत्मनिर्भर बनाउने उद्देश्यहरु राखेको देखिन्छ । यो ऐनअन्तर्गत कृषकहरूले खाद्य उत्पादन तथा बिक्रिवितरणलगायतको प्रयोजनको लागि जिल्ला विषयगत सहकारी संस्था खोल्ने र सञ्चालन गर्न सक्ने व्यवस्था गरेको देखिन्छ ।[१२८] यसको आधारमा किसानहरूले पनि यसप्रकारको संस्था खोली सञ्चालन गर्न सक्ने देखिन्छ । ऐनले भारी कृषि उपकरण, फलफूल प्रशोधन, जडीबुटी प्रशोधन, चिनी उद्योग, शीत भण्डारसमेतका लागि विशिष्टीकृत सहकारी सङ्घ खोल्न सक्ने पनि व्यवस्था गरेको छ ।[१२९] यसबाहेक नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय

१२६ उही

१२७ गरिबी निवारण कोष कार्यक्रम सञ्चालन निर्देशिका, २०६४ नियम ४

१२८ सहकारी ऐन, २०७४ को दफा ४

१२९ उही दफा ९(१)

तहले विपन्न ग्रामीण महिला, अपाङ्गता भएका व्यक्ति, मुक्त हलिया, भूमिहीन कृषक, बेरोजगार, श्रमिक र दलित तथा अल्पसङ्ख्यक जनजातिसमेतका सीमान्तीकृत समूहको सहकारी खेतीपातीमा वा उनीहरूको सीमा आधारित स्वरोजगार उद्योगभन्दा प्रवर्द्धन गर्न प्रचलित कानुनबमोजिम जुनसुकै कर आंशिक वा पूरै छुट दिन, बिउ पुँजी, लागत सहभागिता अनुदान, सहुलियत ऋणलगायतको विशेष वित्तीय सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्ने[१३०] सकारात्मक व्यवस्था गरेको पाइन्छ ।

## ४.१०. जबर्जस्ती उठिवासविरुद्धको संरक्षण

जबर्जस्ती विस्थापनबाट संरक्षण माथि उल्लेख गरिएबमोजिम संविधानमा मात्रै होइन प्रचलित ऐनअन्तर्गत पनि समस्याग्रस्त देखिन्छ । वन ऐनअन्तर्गत वन अधिकारीहरूलाई राष्ट्रिय वन क्षेत्रमा निर्माण भएका वा निर्माणाधीन घर अथवा झुपडीलगायतका कुरालाई हटाउने अधिकार दिइएको छ । ऐनको दफा ५६(२) मा "राष्ट्रिय वन क्षेत्रको जग्गा कसैले आवाद गरेको वा त्यस्तो जग्गामा घर, छाप्रो बनाइसकेको भए पनि जिल्ला वन अधिकृत वा निजले तोकेको वन अधिकृत वा वन सहायकले सो आवादी हटाउन वा घर, छाप्रो भत्काउन सक्नेछ र बालीसमेत जफत गर्न सक्नेछ" भनिएको छ । ऐनले घर तथा छाप्रो निर्माणको कार्यलाई वा कुनै खेती वा बासस्थानको उद्देश्यले गरिएको अतिक्रमणलाई विशेष अपराधको कोटीमा राखेको छ ।[१३१] ऐनको दफा ५०(१) (क) अनुसार यस अपराध गरेको अवस्थामा कसुरदारलाई १० हजार रूपैयाँ जरिवाना वा एक महिना कैद वा दुवै सजाय हुन सक्ने व्यवस्था गरिएको छ । तर सबाल छाप्रो वा घर भत्काउनुभन्दा अगाडि कुनै पूर्व कार्यविधि अपनाउनुपर्छ वा पर्दैन भन्ने रहेको छ । उदाहरणका लागि कानुनले निश्चित समय सीमासहित विशेष सूचना प्रभावित व्यक्ति वा जनसङ्ख्यालाई दिने वा त्यस्तो सम्पत्ति भत्काउने कार्यलाई सक्षम निकायसमक्ष चुनौती दिने अवसरबारे कुनै कुरा उल्लेख गर्दैन । तथापि, घर-टहरा हटाउने स्वतन्त्र र तजबिजी अधिकारको प्रयोगले व्यक्तिहरूलाई घरवारविहीन बनाउन सक्छ । मानव अधिकार दृष्टिकोणबाट यसले गम्भीर चासो वा सरोकार निम्त्याउन सक्छ । यो विदितै छ कि ऐनका प्रावधानहरूले अतिक्रमणको छानबिन गर्ने कार्यविधि, उचित सूचना दिने कार्यविधि, प्रभावित समुदायहरूसँग परामर्श गर्ने कार्यविधि, निर्णयमा चित्त नबुझेमा पुनरावेदनका लागि सक्षम निकायमा पहुँच र गलत कार्यबाहीमा क्षतिपूर्तिको व्यवस्था समेट्न सकेको छैन ।[१३२] यस व्यवस्थाले विशेष गरी

१३० उही दफा ७८(७)

१३१ वन ऐन, २०४९ को दफा ४९ मा कसैले पनि यो ऐन वा यस ऐनअन्तर्गत बनेका नियममा अन्य व्यवस्था भएकोमा बाहेक राष्ट्रिय वनमा देहायका काम कार्यबाही गर्न वा गराउन र सो गर्ने गराउने उद्योगसमेत गर्न हुँदैन । त्यस्तो कुनै काम कार्यबाही गरेमा कसुर गरेको ठहरिन्छ । क) वन क्षेत्रमा जग्गा फाड्न, जोत्न, खन्न वा आवाद गर्न वा त्यो जग्गामा घर छाप्रो बनाउन ।

१३२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी समितिको सामान्य टिप्पणी नं. ७ : पर्याप्त

गरिब किसान परिवार पीडित भएका र हुनुपर्ने अवस्था देखिन्छ ।

## ४.११. कृषि उपजको निकासी पैठारी

निकासी–पैठारी (नियन्त्रण) ऐन, २०१३ वस्तुहरूको निकासी र पैठारीलाई नियमन गर्ने उद्देश्यले प्रचलनमा आएको हो । दफा ३ ले विभिन्न उद्देश्यका लागि निकासी तथा पैठारीलाई नियमन तथा नियन्त्रण गर्न सक्ने अधिकार नेपाल सरकारलाई सुम्पेको छ । किसानले उत्पादन गरेको खाद्य पदार्थ, खाद्य–अधिकार तथा खाद्य–सम्प्रभुताासँग प्रत्यक्ष सरोकार राख्ने निम्न प्रयोजनका लागि सरकारले निकासी तथा पैठारीलाई नियमन तथा नियन्त्रण गर्न सक्दछः–

- अत्यावश्यक खाद्य सामग्री वा त्यस्तै प्रकारका अन्य उत्पादनको गम्भीर अभाव हुनबाट रोक्न,
- मानव, पशु, पंक्षी वा वनस्पति जीवनको स्वास्थ्यमा प्रतिकूल हुने कार्यबाट संरक्षण, लोप हुन सक्ने प्राकृतिक स्रोतको (घरेलु उत्पादन वा उपयोग समेतमा बन्देज गरी) संरक्षणको उचित व्यवस्था गर्न,
- स्थानीय स्तरमा न्यून आपूर्ति भएका वस्तुको प्राप्ति तथा वितरणको लागि उचित व्यवस्था गर्न,
- अन्तर्राष्ट्रिय व्यापारमा उपभोग्य सामग्रीको वर्गीकरण, स्तर निर्धारण गर्न,
- बजारीकरणका मापदण्ड कायम गर्न,
- अधिकम विकसित मुलुकको लागि वैदेशिक व्यापारमा प्रदान गरिएका छुट वा सहुलियतको उपभोग गर्न,

## ४.१२. पशुसेवा तथा स्वास्थ्य

पशु वधशाला र मासु जाँच ऐन, २०५५ ले जनताको स्वास्थ्य र भलाइको संरक्षण गर्ने तथा मासु र मासु उत्पादनमा हुने मिसावटलाई नियन्त्रण गर्ने र मासुको समग्र मात्रा, स्वस्थता, गुणस्तस्तरको संरक्षण गर्ने उद्देश्य राखेको छ । त्यस्तै, पशु स्वास्थ्य तथा पशुसेवा ऐन, २०५५ ले पशु क्वारेन्टाइन,[१३३] पशु नस्ल सुधार[१३४], पशु उद्योग तथा आयातनिर्यात तथा पशु उत्पादनको बजारीकरण,[१३५] ऐनको कार्यान्वयन (कानुन

आवासको अधिकार (आइसिइएससिआरको धारा ११.१), हेर्नुहोस्, अनुच्छेद १३, १४, १५ र १६ ।

१३३ पशु स्वास्थ्य तथा सेवा ऐन, २०५५, भाग २ हेर्नुहोस् ।

१३४ ऐनको दफा १६

१३५ ऐनको दफा १७, १८ र १९ ।

उल्लङ्घन, दण्ड, कार्यबाहीको निर्णय गर्ने अधिकारी र पुनरावेदन सुन्ने आदि)[१३६] तथा पशु स्वास्थ्य निरीक्षकहरूको नियुक्ति, अधिकार प्रत्यायोजन, पशुमाथि हुने क्रूरताको निषेध आदिको व्यवस्था गरेको छ ।[१३७] त्यस्तै दाना पदार्थ ऐन, २०२३ र दाना पदार्थ नियमावली, २०४१ ले दाना पदार्थ एवम् दाना पदार्थ उत्पादनको गुणस्तर निर्धारण तथा त्यसको पालनाको सुपरिवेक्षणसम्बन्धी प्रावधानहरु समेटेका छन् ।

यससम्बन्धी अन्य महत्वपूर्ण कानुनहरूमा नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५७ र राष्ट्रिय दुग्ध विकास ऐन, २०४९ रहेका छन् । पहिलोले नेपालमा पशु चिकित्साको लागि आवश्यक मापदण्डको निर्धारण गर्दछ र यसअन्तर्गत पशु चिकित्सकहरूलाई मात्रै यसले समेटेको छ । ओआई कोड[१३८] अनुसार मान्यता प्राप्त अर्ध-पशुचिकित्सक पेसेवरहरूलाई यसले समेटेको छैन । दोस्रो ऐनले राष्ट्रिय दुग्ध विकास प्रतिष्ठानको गठन गरेको छ जसको दायित्व राष्ट्रियस्तरमा दुग्ध उद्योगको विकास तथा निजी र सार्वजनिक क्षेत्रबीचको समन्वय र सहकार्यसम्बन्धी नीति निर्माण गर्नु रहेको छ ।

## ४.१३. कृषि अनुसन्धान तथा वैज्ञानिक प्रविधिको विकास

नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ कृषि क्षेत्रका समस्याहरूको अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तरबृद्धि गर्न नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना र व्यवस्था गर्न बनेको हो । यस ऐन[१३९] ले (क) कृषिसम्बन्धी उच्चस्तरीय अध्ययन तथा अनुसन्धान गर्ने, गराउने (ख) कृषि उत्पादन वा गुणस्तर बढाउनको लागि कृषि क्षेत्रका समस्याहरूको निराकरणका उपायहरु पत्ता लगाई आवश्यक प्रविधि, ज्ञान तथा सीपहरूको खोजपूर्ण अध्ययन गर्ने र (ग) राष्ट्रिय कृषि नीतिको तर्जुमाको लागि नेपाल सरकारलाई आवश्यक सहयोग पुऱ्याउने उद्देश्य राखेको देखिन्छ । यस ऐनले राखेको उद्देश्य पूरा हुन सकेमा किसानको अधिकार प्राप्तिमा सरलता र सहजता हुन सक्ने अनुमान गर्न सकिछ

---

१३६ ऐनको अध्याय ५ (दफा २०, २१, २२, २३ र २४) ।

१३७ ऐनको अध्याय ६ (दफा २५, २६ र २७) ।

१३८ स्थलचर पशु स्वास्थ्य चिन्ह (२०१३) । ओआइई (पशु स्वास्थ्यको लागि विश्व सङ्गठन) स्थलचर पशु स्वास्थ्य चिन्हले पशु स्वास्थ्य तथा कल्याण सुधारका लागि तथा स्थलचर पशुहरु (स्तनधारी, पंक्षी तथा माहुरी) र तिनको उत्पादनको सुरक्षित अन्तर्राष्ट्रिय व्यापारसहित विश्वव्यापी पशु स्वास्थ्य विकासको लागि विभिन्न मापदण्डहरु तय गरेको छ ।

१३९ नेपाल कृषि अनुसन्धान परिषद् ऐन, २०४८ को दफा ५

## ४.१४ स्थानीय तह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले किसानको अधिकार सम्बन्धमा केही व्यवस्थाहरु गरेको छ । ऐनले स्थानीय तहलाई सिँचाइ तथा तटबन्धसम्बन्धी कार्य स्थानीय तहको सिँचाइसम्बन्धी नीति, कानुन मापदण्ड, तथा सोसम्बन्धी योजना तर्जुमा, कार्यान्वयन अनुगमन र नियमन गर्ने तथा सिँचाइ र तटबन्धसम्बन्धी गुरुयोजनाको नीति, कार्यान्वयन, मर्मत तथा सम्भार गर्ने दायित्व ताकेको छ ।[१४०] ऐनका दफा ११, १२, २४, ४७ र ९७ विशेष गरी किसानको अधिकारको सन्दर्भमा सम्बन्धित दफाहरु हुन् । यी दफाहरुमध्ये दफा ११ र १२ ले स्थानीय तहका गाउँपालिका, नगरपालिका र वडाका विभिन्न काम, कर्तव्य अधिकारअन्तर्गत किसानको अधिकारसँग सम्बन्धित व्यवस्थाहरु गरेका छन् । यी दफाहरुमा गाउँपालिका वा नगरपालिकालाई सहकारी संस्थासम्बन्धी स्थानीय नीति, कानुनको कार्यान्वयन र नियमन गर्ने, स्थानीय वस्तु र सेवा व्यापारको मूल्य निर्धारण, वातावरण संरक्षण र जैविक विविधतासम्बन्धी स्थानीय नीति कानुन, मापदण्ड, योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, कृषि सडक, सिँचाइ, तटबन्ध, जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण गर्ने, कृषि, पशुपालन, कृषकको उत्पादन व्यवस्थापन, पशु स्वास्थ्यसम्बन्धी नीति, कानुन, मापदण्ड, योजना बनाई कार्यान्वयन, अनुगमन गर्ने समेतका १३ विषयलाई स्पष्ट रुपमा कर्तव्यको रुपमा तोकिदिएको छ । ऐनले किसानको अधिकारको संरक्षण र संवर्द्धन गर्ने सन्दर्भमा कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रणको जिम्मा पनि स्थानीय तहलाई तोकिदिएको छ । ऐनले सुकुम्बासीको पहिचान, अभिलेख, जीविकोपार्जन र बसोबासको व्यवस्थापनको जिम्मेवारी पनि स्थानीय तहलाई सुम्पेको छ । किसानको अधिकारसँग प्रत्यक्ष सम्बन्धित र भूमि व्यवस्थापनसम्बन्धी कर्तव्यको जिम्मेवारी पनि स्थानीय तहले प्राप्त गरेको छ ।[१४१] दफा २४ मा गाउँपालिका वा नगरपालिकाले योजना तर्जुमा गरी कार्यान्वयन गर्ने सन्दर्भमा आर्थिक विकास र गरिबी निवारणमा योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने प्रकृतिका योजनलाई प्राथमिकता दिनुपर्ने उल्लेख गरेको छ । दफा ४७ ले किसानसँग प्रत्यक्ष सम्बन्धित रहन सक्ने आलीधुर, बाँधपैनी, कुलो, पानीघाटको बाँडफाट, बाली नोक्सानी, चरन, घाँस दाउरा, ज्याला मजदुरी तथा घरपालुवा पशुपंक्षी हराएको वा पाएको, अन्य व्यक्तिको जग्गा वा सम्पत्तिलाई असर पर्ने गरी रूख बिरूवा लगाएकोलगायतका विवादहरुको समाधान स्थानीय न्यायिक समितिबाट हुनुपर्ने व्यवस्था गरेको छ । दफा ९७ ले किसानसँग पनि प्रत्यक्ष सम्बन्ध रहने पोखरी, कुवा, धारा, गौचर, पानीघाटसमेतको रेखदेख तथा मर्मत सम्भार गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ ।

---

१४० स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११(२)(ट) को खण्ड (१) र (२)

१४१ दफा ११ को उपदफा ५ को खण्ड (क)

यी समष्टिगत व्यवस्थाको अध्ययनबाट किसानसँग सम्बन्धित कतिपय विषयहरूलाई प्राथमिकता दिन खोजेको देखिए पनि किसानले समग्ररूपमा प्राप्त गर्नुपर्ने सुविधाको पहुँचलाई सहजीकृत र एकीकृत कानुनी व्यवस्थाहरु हुन आवश्यक देखिन्छ ।

## ४.१५ देवानी संहिता

देवानी संहिता ऐनमा[१४२] सार्वजनिक गुठीअन्तर्गत निम्न आय भएका व्यक्तिहरूको लागि रोजगारी सिर्जना गर्न, वन्यजन्तु, जलचर वा वातावरणीय संरक्षणका कार्यक्रम सञ्चालन गर्न, विभिन्न वर्ग, समूह वा समुदायको हित संरक्षण, कल्याण वा उत्थानको लागि कार्यक्रम सञ्चालन गर्न र सेवामुखी कल्याणकारी कार्य गर्न सकिने उल्लेख छ । जसबाट किसानहरूको अधिकार समेत संरक्षण हुन सक्ने देखिन्छ । यस ऐनले आफ्नो अचल सम्पत्ति फलोपभोग[१४३] गरी दिन सक्ने व्यवस्था गरेको पाइन्छ । यस व्यवस्थाबाट किसान पनि लाभान्वित हुन सक्ने देखिन्छ । कसैले जग्गामा उत्पति भएको वा सोबाट बगेको खोला, नदी वा पोखरीको पानी सम्बन्धित धनीलाई पुगेपछि सिँचाइ प्रयोजनका लागि समेत जोसुकैले प्रयोग गर्न पाउने[१४४], खेती गर्न जाने जग्गामा बाटोको निकास नभएकोमा निकास दिनुपर्ने[१४५] व्यवस्था गरेको छ ।

१४२ हेर्नुहोस् दफा ३१५

१४३ कसैले आफ्नो हक र स्वामित्वमा रहेको सम्पति, त्यसबाट प्राप्त हुने प्रतिफल, लाभ, आम्दानी वा सुविधा अर्को व्यक्तिले प्रयोग गर्नसक्ने गरी निःशुल्क रूपमा दिने व्यवस्था । (दफा २५२)

१४४ हेर्नुहोस् दफा ३७९

१४५ हेर्नुहोस् दफा ३८०

# परिच्छेद पाँच

# किसानका हकहितसँग सम्बन्ध राख्ने निर्णय र पहलको समीक्षा

## ५. निर्णयहरू

सर्वोच्च अदालतबाट सार्वजनिक सरोकारका मुद्दाको क्षेत्राधिकारको उपयोग गर्दै किसानको हकहित संरक्षणमा सकारात्मक प्रभाव पार्ने गरी विभिन्न मुद्दाहरुमा निर्णयहरु भएको देखिन्छ । अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअन्तर्गतका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूतिको सन्दर्भमा भएका फैसलाहरुबाट किसानको अधिकारपनि स्वतः प्रभावित हुने अवस्था रहेको छ । सो सन्दर्भमा सर्वोच्च अदालतका केही महत्वपूर्ण फैसलाहरुको यहाँ समीक्षा गरिनु यहाँ सान्दर्भिक देखिँदा प्रस्तुत गरिएको छ ।

## ५.१. निकुञ्जका वन्यजन्तुले पुऱ्याएको बालीनालीको नोक्सानीसम्बन्धमा

मानव अधिकार उल्लङ्घनको सम्बन्धमा पीडितलाई क्षतिपूर्ति भराउने व्यवस्था अदालतले क्रमिक रुपमा विकसित गर्दै लगेको रणनीति बन्दै गएको छ । यस क्रममा खाद्य-अधिकार उल्लङ्घनमा पीडितलाई क्षतिपूर्तिको विषय बजुद्धिन मियासमेत[१४६] को मुद्दामा उठाइएको थियो । जसमा अदालतले खाद्य-अधिकारको बारेमा प्रकाश पारेको थियो ।[१४७] यस मुद्दामा कोसी टप्पु वन्यजन्तु आरक्ष वरपरको क्षेत्रमा बस्ने किसानले लगाएको अन्नबाली प्रत्येक वर्ष जङ्गली जनावरहरुले नष्ट गर्ने र त्यसबाट गम्भीर नोक्सानी व्यहोर्नुपरेको कुरा उल्लेख गरेका थिए । निवेदनमा उनीहरुले सम्बन्धित निकायका अधिकारीहरुबाट क्षतिपूर्ति भराउन उचित आदेश जारी गर्न अदालतसमक्ष माग गरेका थिए । यस विषयमा विपक्षी वन तथा भूसंरक्षण मन्त्रालय र वन्यजन्तु संरक्षण विभागले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ वन्यजन्तु संरक्षण नियमावली, २०३४ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को हवाला दिँदै ती कानुनहरुमा क्षतिपूर्तिको व्यवस्था नभएकाले आफूहरु क्षतिपूर्ति दिन बाध्य नहुने ब्यहोराको छुट्टाछुट्टै लिखित जबाफ प्रस्तुत गरेका थिए ।

यस मुद्दामा सर्वोच्च अदालतले राष्ट्रिय निकुञ्जको वरिपरि बसेका जनताको अन्नबालीको बर्सेनि हुने नोक्सानीले आय आर्जनमा गम्भीर हानि पुऱ्याएको र त्यसबाट नेपालको संविधानले प्रत्याभूत गरेको भोकबाट मुक्तिको अधिकार, खाद्य-अधिकार र बाँच्न पाउने

---

१४६ बजुद्धिन मियालगायत वि.नेपाल सरकार, प्रधानमन्त्री र मन्त्रिपरिषद् सचिवालय रिट नं. WO-०३३८, २०६३ साल, निर्णय मिति २०६५।१२।५

१४७ ऐजन ।

हकको हनन हुने कुरा स्वीकार गरेको थियो । नेपालको संविधानको धारा १८(२) अन्तर्गत खाद्य-सम्प्रभुताको अधिकारलाई व्याख्या गर्दै सर्वोच्च अदालतले खाद्य-सम्प्रभुताको अर्थ प्रत्येक नागरिकले खाद्य-सुरक्षा र भोकबाट मुक्त हुन पाउने हकलाई उल्लेख गरेको थियो । अदालतले खाद्य-सम्प्रभुताको अधिकारको प्रयोजनको लागि राज्यका दायित्वहरूमा : (क) नागरिकले आफैं खाद्यान्न उत्पादन गरेर खाद्यमा आत्मनिर्भर हुने कुराको सुनिश्चितता, (ख) खाद्य-सुरक्षा प्रदान गर्न अन्नको आपूर्ति र भण्डारणको व्यवस्थामार्फत खाद्य-सुरक्षाको सुनिश्चितता, (ग) नागरिकको खाद्य-सम्प्रभुताको सुरक्षाको लागि राज्यको तर्फबाट उत्पादन, बजार र अन्नको सुरक्षाको व्यवस्था र (घ) सबै नागरिकलाई खाद्यान्नमा सजिलै पहुँचको व्यवस्था वा उपयुक्त अवस्थाको सिर्जना छन् ।

खाद्य-सम्प्रभुताको बारेमा व्याख्या गर्दै अदालतले भोकबाट मुक्ति र खाद्य-अधिकार महत्वपूर्ण नागरिक अधिकारहरु हुन् । त्यसैले खाद्यको उपलब्धता सुनिश्चित गर्ने खाद्यको अभाव हुन नदिनु राज्यको संवैधानिक दायित्व हो । यस उद्देश्यको लागि राज्यले पर्याप्त मात्रामा खाद्यान्नको भण्डारण गर्नुपर्दछ र आवश्यक परे खाद्यान्न आयात पनि गर्नुपर्दछ । अदालतले आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार विषयक अनुबन्ध, १९६६ को धारा ११(२) लगायत विस्तृतमा मानव अधिकारका विभिन्न दस्तावेजहरूलाई उल्लेख गर्दै नेपालको संविधानले प्रत्याभूत गरेको धारा १८(३) अनुरूपको खाद्य-अधिकारलाई कार्यान्वयन योग्य अधिकारका रूपमा लिएको थियो । एउटा कल्याणकारी राज्यले आफ्ना गतिविधिहरूलाई सीमित गरी प्राचीन समयको राज्यजस्तो जनताको खाद्य-सम्प्रभुता, स्वास्थ्य, सुरक्षा तथा रोजगारीजस्ता विषयमा आँखा चिम्लन सक्दैन । साथै, कानुन र नीतिको अभाव देखाएर राज्य खाद्य-सम्प्रभुताको मौलिक अधिकारको संरक्षण र संवर्धन गर्ने जिम्मेवारीबाट भाग्न सक्दैन भन्ने कुरामा अदालतले जोड दिएको थियो ।

माथि उल्लिखित व्याख्यामा आधारित भई अदालतले सरकारलाई विशेष कानुनी व्यवस्था नहुँदासम्म अन्तरिम उपायको रूपमा क्षतिपूर्तिको दाबीलाई व्यवहारमा कार्यान्वयन गर्न एउटा जिम्मेवार स्थायी समिति बनाउन आदेश दिएको थियो । अदालतले कानुन नबन्दासम्म पीडित किसानहरूलाई क्षतिपूर्ति दिने प्रक्रियाका लागि न्यायिक मार्गदर्शन पनि तोकेको थियो । यस मार्गदर्शनका मुख्य पाँच बुँदाहरूमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षले सम्बद्ध निकाय र किसानहरूको प्रतिनिधित्व हुने गरी एउटा स्थायी समितिको स्थापना गर्नुपर्ने, पीडित किसानका तर्फबाट उजुरी प्राप्त गर्ने व्यवस्था गर्नुपर्ने र उजुरीको छानबिन गरी सम्बद्ध पीडित किसानहरूलाई उचित क्षतिपूर्ति दिनुपर्ने विषय रहेका छन् । सर्वोच्चको आदेशमा समितिले आफ्नो नियम र कार्यविधि आफैं बनाउने र ती मार्गदर्शनहरु कानुन नबन्दासम्म कायम रहने कुरा उल्लेख गरिएको थियो । तर, प्रस्ट कुरा के देखियो भने पीडितहरूलाई क्षतिपूर्ति प्रदान गर्ने कुरा अदालतको निर्णयोत्तर

मात्रै लागू हुने देखिन्छ । अदालतको निर्णय भविष्यको लागि महत्वपूर्ण भए तापनि यसले त्यस मुद्दाका पीडित निवेदकहरूलाई भने क्षतिपूर्ति दाबी गर्न सक्ने आदेश जारी गरेन ।

## ५.२. गरिब तथा खाद्य असुरक्षित जिल्लाका जनताहरूलाई भोकमरीबाट संरक्षण

मध्यपश्चिमका खाद्य असुरक्षित जिल्लाहरूमा हुने आम भोकमरीको समस्या लामो समयदेखि एउटा जकडिएको समस्याको रूपमा रहेको छ । सो क्षेत्रमा खाद्यको अधिकार सुरक्षित नहुँदा सबैभन्दा बढी किसान र त्यसमा पनि गरिब किसानहरु बढी प्रभावित छन् । सार्वजनिक सरोकारको मुद्दाअन्तर्गत यस विषयमा सर्वोच्च अदालतमा दुई-दुईपटक मुद्दा दायर गरिएको थियो । पहिलोपटक सर्वोच्च अदालतसमक्ष भएको मुद्दामा २०४७ सालको संविधानको धारा ८८(२) अनुसार जनतालाई खाद्यान्नलगायत आधारभूत आवश्यकता पूर्तिको जिम्मेवारी पूरा गर्न सरकारको नाममा उपयुक्त आदेश जारी गर्न आह्वान गरिएको थियो । रिट निवेदनमा नेपालका दुर्गम जिल्लाहरु खासगरी जुम्ला, मुगु, कालीकोट, डोल्पा, बझाङ, बाजुरा र दार्चुलाका जनताहरु आम भोकमरीको समस्याले जिल्ला छोड्न बाध्य भएका, कैयौँ महिलाहरूले चरम गरिबीलाई सहन नसकी आफ्ना सन्तानलाई विष खुवाई आफूले पनि आत्महत्या गरेको दर्दनाक अवस्था उल्लेख थिए । यस खालको पहिलो मुद्दामा सर्वोच्च अदालतले खाद्य-अधिकार उल्लङ्घनको न्याय योग्यतालाई स्वीकार्दै विपक्षीहरूको नाममा कारण देखाऊ आदेश जारी गरेको थियो । अर्थ मन्त्रालय र स्वास्थ्य मन्त्रालयलगायतका विपक्षीले सर्वोच्च अदालतमा प्रस्तुत लिखितजबाफमा सर्वसाधारण जनताको अस्तित्व र जीविकोपार्जनका लागि चाहिने आधारभूत आवश्यकता परिपूर्ति गर्ने दायित्वलाई स्वीकार गरेका थिए । साथै, लिखित जबाफमा वादीले उल्लेख गरेका जिल्लामा आम भोकमरीको समस्या भएको र सो क्षेत्रमा सहुलियतपूर्ण ढुवानीमा भोकमरी प्रभावित परिवारका लागि चामललगायत खाद्यान्न आपूर्ति गरिएकाले न्यायिक हस्तक्षेप गरिनु आवश्यक नभएको कुरा लिखित जबाफमा दाबी गरिएको थियो ।

यस मुद्दामा अदालतले जनताको जीवन र सम्पत्तिको रक्षा गर्नु सरकारको प्रमुख जिम्मेवारी भएको ठहर गरेको थियो । तर, अन्वेषणात्मक अवधारणाको आधारमा समस्याको गहिराइ मापन गरी उचित उपचारको आदेश जारी गर्ने कुरा अस्वीकार गऱ्यो । विपक्षीहरूले दिएको लिखित जबाफमा उल्लिखित सरकारद्वारा खाद्यान्न आपूर्ति गरिएको कुरा र भोकमरीको रोकथाम गरेको कुरालाई मनन गर्दै रिट निवेदकको परमादेश जारी गरी पाऊँ भन्ने मागदाबीलाई अस्वीकार गऱ्यो । सरकारले प्रस्तुत गरेको लिखित जबाफको न्यायिक स्वीकारोक्तिले धरातलीय यथार्थलाई प्रतिविम्बित गरेन । यसबाट अदालतले यस मुद्दाको कार्यबाहीमा प्रतिद्वन्द्वात्मक अवधारणालाई अँगालेको भन्न सकिने अवस्था देखियो ।

नेपालको मध्यपश्चिमका पहाडी जिल्लाहरूमा २०६५ सालमा स्थानीय जनता भोकमरीको चपेटामा परेका र त्यसमध्ये अधिकांश जनता झाडापखाला र हैजाबाट मरेको खबर फैलियो । यस महामारीले धेरैजसो खाद्यको अभावबाट ग्रस्त गरिब जनता किसान) लाई पीडित बनाएको थियो । जनतालाई अनिकाल र भोकमरीबाट बचाउन सरकारबाट नगन्य मात्रामा काम गरेको कुरा प्रकाशमा आएको थियो । यस सम्बन्धमा प्रकाशमणि शर्मालगायत निवेदक भएको सार्वजनिक सरोकारको मुद्दा[१४८] फेरि पनि सर्वोच्च अदालतमा दर्ता गरियो । निवेदकहरूले प्रत्येक व्यक्तिलाई सम्मानपूर्ण जीवनयापन गर्नका लागि खाना, आवास, लत्ताकपडा, शिक्षा, स्वास्थ्य र रोजगारीजस्ता आधारभूत आवश्यकताको सुनिश्चितता हुनुपर्ने तर्क प्रस्तुत गरे । उल्लिखित अधिकारहरूमध्ये पनि गरिबीविरूद्धको कानुनी प्रत्याभूति एक अन्तरनिहित मानव अधिकारको विषय भएकाले त्यसलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १८(३) अन्तर्गत खाद्य-सम्प्रभुताको अधिकारको रूपमा, धारा १२ अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हक र धारा १३ अन्तर्गत भेदभावविरूद्धको अधिकारमार्फत जोड दिएको छ । यो रिट निवेदन खासगरी मध्य र सुदूरपश्चिमका १२ वटा जिल्लाहरूले भोकमरीको व्यापक समस्या भेलिरहेको विभिन्न प्रतिवेदनका निष्कर्षमा आधारित थियो ।[१४९] निवेदकहरूले खाद्यान्नको अभाव, नेपाल खाद्य संस्थानद्वारा अव्यवस्थित रूपमा भएको खाद्यान्नको वितरण, सडेगलेका खाद्यान्नको वितरण तथा कुपोषणले यसप्रकारका सङ्कट निम्तिएको भन्दै खाद्यान्न अभाव भएको क्षेत्रमा ढुवानी, सुरक्षित भण्डारण र खाद्य सामग्रीको वितरणको उचित व्यवस्थामार्फत जनताको खाद्यान्नमा पहुँच बढाउन विपक्षीहरूको नाममा जो चाहिने आज्ञा आदेश जारी गर्नका लागि अदालतसमक्ष माग गरेका थिए । साथै, उनीहरूले ज्येष्ठ नागरिक, बालबालिका, गर्भवती र सुत्केरीका लागि विशेष संरक्षणको उपाय अपनाउन र नेपाल खाद्य संस्थानले गरेका गलत काम कार्यबाहीको अनुसन्धान गर्न एउटा छानबिन आयोग गठन गर्न र दोषीलाई कार्यवाही गर्न पनि अनुरोध गरेका थिए ।

प्रारम्भिक सुनुवाइपछि सर्वोच्च अदालतको संयुक्त इजलासले नेपालीहरूको महान् चाड दसैंलाई मध्यनजर गर्दै उचित ढुवानीको व्यवस्था गरी पर्याप्त खाद्यान्न आपूर्ति गर्नू भनी अन्तरिम आदेश जारी गरेको थियो ।[१५०] नेपालको संविधानको धारा १८(३) अन्तर्गत प्रत्याभूत खाद्य-सम्प्रभुताको अधिकार र धारा १२(१)अन्तर्गत सम्मानपूर्वक बाँच्न पाउने हकलाई उल्लेख गर्दै अदालतले आफ्नो फैसलामा प्रत्येक नागरिकले सम्मानपूर्वक बाँच्न

---

१४८ प्रकाशमणि शर्मालगायत वि. नेपाल सरकार, प्रधानमन्त्री र मन्त्रिपरिषद् सचिवालयसमेत (रिट नं. ०६५-WO-१४९ रिट दर्ता मिति २०६५।५।३०

१४९ ती जिल्लाहरूमा कालीकोट, हुम्ला, मुगु, डोल्पा, बाजुरा, अछाम, दैलेख, दार्चुला, बैतडी, डडेलधुरा, रूकुम र जाजरकोट पर्दछन् ।

१५० मिति २०६५।६।९ ।

पाउनुपर्ने कुरा उल्लेख गरेको थियो । अदालतले कुनै पनि व्यक्ति खानाबिना बाँच्न नसक्ने हुँदा खाद्यान्नको अभावलाई तुरून्तै सम्बोधन नगरेमा बिरामीको मृत्युपछि डाक्टर पुगेजस्तै अपूरणीय क्षतिको सम्भावना टड्कारो रहनेतर्फ सचेत गराएको थियो । अदालतले आफूले पहिले जारी गरेको अन्तरिम आदेशलाई कायम राख्दै धारा १०७(२) अनुसार पर्याप्त खाद्यको तुरून्त आपूर्ति र भोकमरीको यथाशक्य रोकथाम गर्नुपर्ने भनी विपक्षीका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । सम्मानपूर्वक बाँच्न पाउने अधिकार र खाद्य-सम्प्रभुताको अधिकारलाई नेपालको संविधानले मौलिक हकको रूपमा प्रत्याभूत गरेकोले पर्याप्त खाद्यको अभावले कसैको मृत्यु भएमा त्यो राज्यको जबाफदेहिताभित्र पर्ने कुरा अदालतले उल्लेख गरेको थियो ।

तर, रिट निवेदकले उठाएका गर्भवती महिला, सुत्केरी, बालबालिका तथा ज्येष्ठ नागरिकको लागि राज्यले विशेष संरक्षणको उपाय अवलम्बन गर्ने र दोषीलाई कार्यबाहीको विषयको मागका सम्बन्धमा भने केही पनि सम्बोधन गरेको देखिएन । अदालतले यसप्रकारको उल्लङ्घनमा न्यायिक उपचारका लागि नवीन अवधारणा अँगाल्न सकेको पाइएन ।

## ५.३. सुरक्षित खानेपानीको पहुँचलाई सुदृढ गर्ने

सुरक्षित खानेपानीको अधिकार सबै व्यक्तिको आधारभूत अधिकार हो । त्यसैले यो आधारभूत अधिकार किसानको पनि अधिकार हो । शुद्ध सफा खानेपानीको अधिकारको विषय पहिलोपटक प्रकाशमणि शर्माको[१५१] मुद्दामा उठाइएको थियो । जनताको सफा र शुद्ध खानेपानीको अधिकारलाई सम्मान गर्नु राज्यको दायित्व हुने कुरा उल्लेख गर्दै रिट निवेदकले नेपाल खानेपानी संस्थानले कीटाणु र परजीवीले व्याप्त दूषित पानी आपूर्ति गरिरहेको रिट निवेदनमा दाबी गरेका थिए । निवेदकले स्वास्थ्य मन्त्रालय सरूवा रोग विभागले तयार पारेको अध्ययनमा आधारित रहेर यी तर्क गरेका थिए । उक्त अध्ययनले १०० मिलिलिटर पानीमा नौ हजार कीटाणु देखिएको उल्लेख गरेको थियो । उक्त अवस्थाबाट २०४७ सालको संविधानको धारा ११(१) तथा खानेपानी संस्थान ऐन, २०४६ को दफा ३, ५ र ६ को उल्लङ्घन भएको निवेदकको दाबी थियो । उनीहरूले अदालतसमक्ष विपक्षीहरूको नाममा खानयोग्य पानीको आपूर्ति गर्नका लागि परमादेश जारी गर्न र आफ्नो जिम्मेवारीमा लापरवाही गर्ने सम्बन्धित कर्मचारीलाई विभागीय कार्यबाही गर्न र दूषित पानीबाट प्रभावितलाई क्षतिपूर्तिको व्यवस्था गर्न पनि अदालतसमक्ष माग गरेका थिए ।

१५१ प्रकाशमणि शर्मा वि.नेपाल खानेपानी संस्थानसमेत रिट नं. २२३७, २०४७, निर्णय मिति २०५७।३।६ ।

उक्त मुद्दामा[१५२] अन्तिम फैसला गर्दै अदालतले सार्वजनिक स्वास्थ्य[१५३] कायम राख्न शुद्ध खानेपानीको महत्व उल्लेख गरेको थियो । तर, खानेपानीको विषयलाई स्पष्ट रूपमा अधिकार भनी उल्लेख त गरेन, तर शुद्ध खानेपानी उपलब्ध गराउनु कल्याणकारी राज्यको उत्तरदायित्व भएको कुरा उल्लेख गर्दै खानेपानी संस्थानले सार्वजनिक स्वास्थ्यलाई नकारात्मक असर पर्ने गरी उसको जिम्मेवारीबाट उन्मुक्ति पाउन नसक्ने भनेको थियो । अदालतले २०४७ को संविधानको धारा २५ लाई उल्लेख गर्दै जनताको जीवन, सम्पत्ति र स्वतन्त्रताको रक्षा गर्नु सरकारको कर्तव्य हुने ठहऱ्यायो । तर, खानेपानी संस्थानले विश्व स्वास्थ्य सङ्गठनले तोकेको मापदण्डअनुसार खानेपानी आपूर्ति गरे नगरेको विषयमा राय दिन दिएन । निवेदकहरूको मागबमोजिम प्रमाणको मूल्याङ्कनमार्फत तथ्यसम्बन्धी प्रश्नको निरूपण गर्ने कुरा अदालतको असाधारण क्षेत्राधिकारअन्तर्गतको प्रक्रियामा नपर्ने हुँदा असाधारण क्षेत्राधिकारबाट रिट निवेदकको मागबमोजिम सम्बन्धित अधिकारीलाई स्वच्छ खानेपानी आपूर्तिको लागि आदेश जारी गर्न इन्कार गरेको थियो । बरू आवास तथा भौतिक विकास मन्त्रालयको ध्यान खिच्दै खानेपानी संस्थानलाई संस्थानको ऐन अनुसारको कानुनी जिम्मेवारी पूरा गर्न लगाउन भनेको थियो ।

आर्सेनिक प्रदूषण नेपालका केही जिल्लाहरूमा किसानसहितका स्थानीय जनताको स्वच्छ खानेपानीको अधिकारको उपभोगको सम्बन्धमा एक गम्भीर त्रासको रूपमा रहेको छ । यो विषय खासगरी विश्व स्वास्थ्य सङ्गठन[१५४], वातावरण तथा जनस्वास्थ्य सङ्गठन[१५५] र राष्ट्रिय आर्सेनिक निर्देशन समितिको विभिन्न अध्ययन प्रतिवेदनका आधारमा प्रकाशमणि शर्मासमेत भएको [१५६] मुद्दामा उठाइएको थियो । ती संस्थाहरूका प्रतिवदनले जनतामा

१५२ रिट निवेदन नं. २२३७, २०४७, निर्णय मिति २०५६।२।१३ काठमाडौँ उपत्यकामा वसोवास गर्ने जनताको स्वास्थ्यमा देखिएको समस्याको मूल कारण भनेको असुरक्षित र अपर्याप्त खानेपानी नै हो भन्ने कुरा उल्लेख गरिएको थियो । जनता सरकारी स्वामित्वमा रहेको खानेपानी संस्थानले वितरण गर्ने अशुद्ध र प्रदूषित खानेपानी खान बाध्य रहेको कुरा उल्लेख गरिएको थियो । शुद्ध खानेपानकिो अधिकार मानव अधिकार हो भन्दै प्रोपब्लिकमा आवद्ध कानुन व्यवसायीहरूले यो मुद्दा भौतिक योजना मन्त्रालयविरूद्ध परमादेश रिट जारी गर्न माग गर्दै सर्वोच्च अदालतमा दायर गरेका थिए ।

१५३ अदालतको भनाइमा "शुद्ध पानी र यसको महत्वको बारेमा विचार गर्दा आधुनिक विज्ञानले पानी नै जीवन र जीवन नै पानी हो भन्ने तथ्य स्थापित गरेको छ । शुद्ध पानी प्रकृतिका सबै प्राणीको लागि अपरिहार्य वस्तु हो र यो स्थापित सत्य एवम् संवेदनशील वस्तुको रूपमा रहेको छ ।"

१५४ प्रकाशमणि शर्मासमेत वि. प्रधानमन्त्री र मन्त्रिपरिषद् सचिवालयसमेत समेत रिट नं. ३२६२, २०६२ साल, निर्णय मिति २०६४।६।१५

१५५ **विश्व स्वास्थ्य सङ्गठनद्वारा निर्धारण** गरिएको मापदण्डअनुसार यदि १० ppb भएको पानी लामो समयसम्म खाएमा प्रति १०० जनामा ६ जनालाई क्यान्सर लाग्न सक्नेछ

१५६ वातावरण तथा सार्वजनिक स्वास्थ्य सङ्गठन नामक गैसस

देखिएका छाला रोगहरूको कारण आर्सेनिक प्रदूषणयुक्त पानी थियो ।[१५७] रिट निवेदकले अदालतसमक्ष सरकारलाई यस विषयमा उपचारमूलक एवम् रोकथामको उपाय अपनाई आर्सेनिक प्रभावित जिल्लामा जनजागरण अभियान चलाउन आदेश जारी गर्नका लागि आह्वान गरेका थिए । निवेदकहरूले प्रस्तुत गरेका मागहरूमा आर्सेनिकबाट प्रभावित पीडितलाई क्षतिपूर्तिको व्यवस्था गर्ने, स्वास्थ्य सेवाको पहुँचमा अभिवृद्धि, शुद्ध खानेपानी आपूर्तिको वैकल्पिक व्यवस्था गर्ने, शैक्षिक पाठ्यक्रममा आर्सेनिकसम्बन्धी विषय वा ज्ञान समावेश गर्न र आर्सेनिक प्रदूषणलाई न्यून बनाउने विधि अपनाउने भन्ने थियो । विपक्षीका तर्फबाट स्थानीय विकास मन्त्रालयले प्रस्तुत गरेको लिखित जबाफमा जिल्ला तहमा आर्सेनिकको प्रभावबारे जनचेतना कार्यक्रम सञ्चालन गरेको र तराईका जिल्लाका ५२ हजार आठ सय ४७ वटा ट्युबवेलहरूमा आर्सेनिक परीक्षण गरिएको उल्लेख थियो । त्यसैगरी, खानेपानी आपूर्ति तथा ढल निकास विभागले नेपालका ११ जिल्लामा आर्सेनिक परीक्षण गरेको तथा ज्यादै प्रभावित क्षेत्रमा आर्सेनिक न्यूनीकरण एवम् निर्मलीकरण विधि अपनाइएको कुरा लिखित जबाफमा उल्लेख गरेको थियो ।

यस मुद्दामा अदालतले स्वच्छ खानेपानीमा पहुँचको महत्वलाई जोड दिँदै जीवन निर्वाह गर्न पानी एक अत्यावश्यक वस्तु भएको उल्लेख गरेको थियो । आफ्ना नागरिकको लागि स्वच्छ खानेपानी आपूर्ति गर्नु राज्यको दायित्व हो । स्वच्छ खानेपानी र बाँच्न पाउने अधिकारबीचको सम्बन्धलाई स्पष्टतः स्वीकार्दै अदालतले सफा र स्वच्छ खानेपानी स्वास्थ्यको लागि नभई नहुने कुरा हो र त्यसैले यो व्यक्तिहरूको बाँच्न पाउने अधिकारसँग सम्बन्धित छ । प्रत्येक नागरिकको सफा, स्वच्छ र प्रदूषणमुक्त खानेपानीको हक हुन्छ भनेको थियो ।

भूमिगत पानीमा हुने आर्सेनिक प्रदूषणले निम्त्याउने समस्याको गाम्भीर्य उल्लेख गर्दै अदालतले "यस्तो पानीको कारणले व्यक्तिको छालामा विभिन्न रोगहरु देखिने, मानिसको फोक्सोलाई असर गर्ने, कलेजो र मृगौलामा गम्भीर असर पार्ने र अन्त्यमा व्यक्तिलाई क्यान्सरसमेत हुन सक्ने" औंल्याएको थियो । फैसलामा अदालतले जनतालाई आर्सेनिक प्रदूषणको समस्याबाट संरक्षण गर्न अहिले जारी नियन्त्रणका प्रयासहरु अपर्याप्त भएको उल्लेख गर्दै आर्सेनिकले स्वास्थ्यमा पार्ने असरलाई सम्बोधन गर्ने कार्ययोजनासहित राष्ट्रिय र स्थानीय तहमा यस समस्याको समाधानको निम्ति प्रभावकारी कार्यक्रम सञ्चालन गर्नुपर्ने कुरा उल्लेख गऱ्यो । अदालतले आवास तथा भौतिक योजना मन्त्रालय र सूचना तथा सञ्चार मन्त्रालयको नाममा परमादेश जारी गर्दै प्रभावित क्षेत्रमा आर्सेनिकमुक्त खानेपानीको आपूर्ति गर्ने तथा राष्ट्रिय र स्थानीय तहमा जनचेतना कार्यक्रम सञ्चालन गरी नागरिकको बाँच्न पाउने हक र जनस्वास्थ्य कायम गर्न गम्भीर ध्यानाकर्षण गराएको

१५७ यो नेपालमा आर्सेनिकको अवस्थासम्बन्धी २०६० को प्रतिवेदनमा उल्लेख गरिएको थियो

थियो । त्यसपछि अर्को सार्वजनिक सरोकारको मुद्दामा[१५८] सोही अदालतले पोखरा उपमहानरपालिकामा स्वच्छ खानेपानीमा नागरिकको पहुँच हुनुपर्ने कुरा उल्लेख गर्दै भौतिक योजना मन्त्रालयलगायत सम्बन्धित जिम्मेवार निकायहरूका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । उक्त आदेशमा जनताको शुद्ध खानेपानीमा पहुँच बढाउन अपनाएका योजना र कार्यक्रमहरूको तदारूकताका साथ कार्यान्वयन हुनुपर्ने कुरामा जोड दिएको थियो । यी आदेशहरूको कार्यान्वयन भएमा विशेषतः ग्रामीण क्षेत्रमा बसोबास गर्ने किसानहरू पनि स्वतः लाभान्वित हुने अवसर प्राप्त हुने देखिन्छ ।

## ५.४. लैङ्गिक रूपमा विभेदकारी कानुन हटाई महिलाको आर्थिक सशक्तीकरण तथा सम्पत्ति (भूमि) को अधिकारमा पहुँच बढाउने

लैङ्गिक समानताको विषय प्राज्ञिक वा राज्यका निकायहरूमा मात्र नभई किसानको हकमा पनि त्यतिकै महत्वपूर्ण विषय हो । कृषिक्षेत्रमा लैङ्गिक समानताको विषयले प्रवेश पाउनु नै यस क्षेत्रको उपलब्धिको विषय हो । विशेषतः अचल सम्पत्तिमा महिलाको पनि पहुँच र समानताको विषयले कृषि क्षेत्रमा रहेको लैङ्गिक विभेद अन्त्य हुन सक्ने अपेक्षा गर्न सकिन्छ । यस सन्दर्भमा सम्पत्ति वा पैतृक सम्पत्तिमाथिको अधिकारका विषयमा कानुनी प्रावधानहरूको सुधार गर्ने दिशामा सर्वोच्च अदालतले प्रगतिशील फैसलाहरू गरेको छ । उदाहरणका लागि डा. चन्द्रा वज्राचार्य विरूद्ध श्री ५ को सरकार[१५९] र मीरा ढुङ्गाना विरूद्ध श्री ५ को सरकार भएका मुद्दामा[१६०] २०२० सालको मुलुकी ऐनमा उल्लिखित पैतृक सम्पत्तिसम्बन्धी कैयौँ विभेदकारी प्रावधानहरू विरूद्ध २०४७ सालको संविधानको धारा ८८(१) अन्तर्गत सर्वोच्च अदालतमा चुनौती दिइएको थियो । २०४७ को संविधान जारी भएपछि सम्पत्तिको अधिकारसम्बन्धी कानुनी प्रावधानहरू लैङ्गिकरूपमा भेदभावपूर्ण भएको भनी प्रश्न उठाएर सर्वोच्च अदालतमा दर्ता गरिएका यी र यस्ता खालका प्रारम्भिक चरणका मुद्दाहरू थिए । यी मुद्दामा अदालतले पैतृक सम्पत्तिमा छोरीको समान हक हुने कुराको इन्कार गर्नु संविधानको धारा ११ अन्तर्गतको समानताको हकको उल्लङ्घन हो भन्ने ठहर गरेको थियो । ती मुद्दामा अदालतले त्यस्ता विभेदकारी कानुनी प्रावधानहरूको खारेजीको मागलाई स्वीकार नगरे तापनि त्यस्ता कानुनी प्रावधानहरूको सुधारका लागि एक वर्षभित्र संसद्समक्ष विधेयक प्रस्तुत गर्न सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । साथै, सरकारलाई विद्यमान सामाजिक संरचनालाई पनि ख्याल गरी कानुन ल्याउन निर्देश गरेको थियो । यसले गर्दा फैसला पितृसत्तात्मक सोचबाट आएको

१५८ भोजराज ऐरसमेत वि. आवास तथा भौतिक योजना मन्त्रालयसमेत, रिट निवेदन नं. ३०६६, २०६३, निर्णय मिति २०६६।०२।२७ ।

१५९ नेकाप २०५३ सर्वोच्च अदालत अङ्क ७, पृ. ५३७ ।

१६० नेकाप २०५२ सर्वोच्च अदालत अङ्क ६, पृ. ६६२ ।

भनी आलोचना पनि भएको थियो । तर पनि, अदालतको यस किसिमको हस्तक्षेपबाट मुलुकी ऐनको एघारौँ संशोधन हुन सम्भव भयो र संशोधनले सम्पत्तिसम्बन्धी कानुनी प्रावधानहरूको परिवर्तन गरी अन्य कैयौँ कानुनहरूलाई पनि लैङ्गिक दृष्टिकोणबाट उदार बनायो । त्यस्ता कानुनहरूमा गर्भपतन, यौनजन्य अपराधमा सजायको मात्रा वृद्धि, समान वैवाहिक अधिकार र स्वतन्त्रता, जातीय भेदभावको अन्त्य र महिलाविरूद्धका हिंसालाई अपराधजन्य कसुरका रूपमा लिनेलगायत थिए ।[१६१]

सपना प्रधान मल्ल विरूद्ध श्री ५ को सरकार कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय रहेको मुद्दामा भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) लाई चुनौती दिइएको थियो । जसअन्तर्गत मोहियानी हक हस्तान्तरणको बारेमा उल्लेख गर्दै यदि मोहीको मृत्यु भएमा जग्गावालाले पत्याएको मोहीकी पत्नी वा छोराहरूलाई मोहियानी हक हस्तान्तरण गर्न सक्ने भनिएको थियो । उक्त प्रावधानले छोरीको मोहियानी हकलाई इन्कार गरेको र त्यसबाट संविधानले प्रत्याभूत गरेको समानताको हक उल्लङ्घन हुन गएको रिट निवेदकले दाबी लिनुभएको थियो । यस मुद्दामा अदालतले निवेदकको मागबमोजिम उक्त प्रावधान खारेज नभए पनि ऐनको सो व्यवस्था आवश्यक संशोधन गर्न संसद्मा विधेयक प्रस्तुत गर्न सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरेको थियो । अदालतले उक्त प्रावधानको खारेजी गर्न इन्कार गर्नको कारण छोरी बिहेपछि आफ्नो पतिको घरमा जाने हुँदा मोहियानी हक छोरीमा हस्तान्तरण गर्ने कार्यले अन्ततः जग्गाधनीको हितमा प्रतिकूल असर पर्न जाने अदालतको व्याख्या थियो । तर, २०६३ सालमा आएर यो कानुनी त्रुटिको सुधारका लागि ऐनको दफा २६ लाई संशोधन गरिएको थियो ।[१६२] जसबाट महिलाको स्वामित्वमा पनि खेतीयोग्य जमिन प्राप्त हुन सक्ने अवस्थाको सिर्जना भएको थियो भने

---

१६१ पहिलो तीन महिना (१२ हप्ता) भित्र गर्भको भ्रूण राख्ने कि फाल्ने भन्ने अधिकारको उपभोग गर्ने स्वतन्त्रता महिलाहरूका लागि ज्यादै महŒवपूर्ण विषयका रूपमा रहेको छ । बलात्कार वा हाडनाताको अवस्थाको गर्भपतन महिलाको सहमतिमा गर्न दिइने व्यवस्था छ । यदि यस्तो गर्भले बच्चा वा महिलाको स्वास्थ्य जोखिमपूर्ण भएको आधिकारिक चिकित्सकबाट प्रमाणित भएमा गर्भपतन कानुनबमोजिम मानिनेछ । तर, एघारौँ संशोधन आलोचनाबाट मुक्त हुन सकेको देखिँदैन किनकि यसले कतिपय लैङ्गिक विभेदलाई अझै कानुनी मान्यता प्रदान गरेको छ जसलाई पछिल्ला समयमा सार्वजनिक सरोकारको मुद्दामार्फत सर्वोच्च अदालतमा चुनौती दिने गरिएको छ ।

१६२ केही नेपाल ऐन संशोधन गर्ने ऐन वा संशोधित लैङ्गिक समानतासम्बन्धी ऐन, २०६३ । उक्त ऐनको संशोधित दफा २६ (१) अनुसार- यस परिच्छेदको अन्य दफाहरूको अधीनमा रही मोहीले कमाई आएको जग्गामा मोहीसम्बन्धी निजको हक निजको मृत्युपछि निजको एक सगोलका पति, पत्नी, छोरा, छोरी, आमा, बाबु, धर्मपुत्र, धर्मपुत्री, बुहारी, नाति, नातिनी, नातिनीबुहारी, दाजुभाइ, दिदी बहिनीमध्ये जग्गावालाले पत्याएको व्यक्तिलाई प्राप्त हुनेछ ।

लिली थापा विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय[१६३] मुद्दामा मुलुकी ऐन स्त्रीअंशधनको दफा २ मा भएको अचल सम्पत्ति बिक्री वा प्रयोग गर्दा संरक्षकको स्वीकृति लिनुपर्ने व्यवस्थामा सुधार गरी अविवाहित छोरीको हकमा बाबु र विवाहित महिला वा विधवाको हकमा त्यस्तो सम्पत्ति बिक्री वा प्रयोग गर्दा छोराको सहमति लिनुपर्ने बाध्यता हटाएको थियो । सर्वोच्च अदालतले त्यस मुद्दामा उनीहरूलाई उक्त सम्पत्ति आफूखुसी गर्न पाउने बाटो खुला गरिदिएको थियो ।

मीरा ढुङ्गाना विरूद्ध श्री ५ को सरकार मन्त्रिपरिषद् सचिवालय र अन्य[१६४] मुद्दामा मुलुकी ऐन अपुतालीको महल १२(क) संविधान र महिला विरूद्ध हुने सबै किसिमका विभेद उन्मूलनसम्बन्धी महासन्धिको धारा १ ले सुनिश्चित गरेको समानताको हकसँग बाझिएको भनी चुनौती दिइएको थियो । दफा १२(क) को प्रावधान एउटा अविवाहित छोरीले अपुतालीको महलअनुसार कुनै किसिमले प्राप्त सम्पत्ति पछि विवाह भएको अवस्थामा बाँकी सम्पत्तिमा उनको हक कायम नरही माइती पक्षका नजिकको हकवालामा सर्ने तर छोरालाई यो अङ्कुश नलाग्ने व्यवस्था थियो । यस मुद्दामा अदालतले १२(क) अनुसार प्राप्त सम्पत्ति विवाह भएको कारणबाट फिर्ता गर्नुपर्ने भएबाट संविधानले प्रत्याभूत गरेको समानताको हकको उल्लङ्घन हुन जाने व्याख्या गर्‍यो । अन्त्यमा अदालतले दफा १२(क) लाई संविधानले प्रदान गरेको अधिकार क्षेत्रभन्दा बाहिरको भनी घोषणा गर्दै पैतृक सम्पत्तिको उपभोगमा प्रतिकूल असर नपर्ने गरी वैवाहिक अवस्थामा समान अधिकारको मान्यतालाई स्वीकार्‍यो ।

मुलुकी ऐनको एघारौँ संशोधनपश्चात् पनि नेपाली महिलाको पैतृक सम्पत्तिमा समान अधिकार व्यवहारमा लागू हुन सकेन । यसबाट कृषक महिलाहरूको कृषिसम्बन्धी हक प्रचलनमा प्रत्यक्ष प्रभाव पर्न गएको थियो । मुलुकी ऐन अंशबन्डाको दफा १ र १६ ले विवाहपछि पैतृक सम्पत्तिको अधिकार उपभोग गर्नबाट छोरीहरूलाई बिमुख पार्‍यो र त्यस्तो पैतृक सम्पत्तिको आफूले पाएको भाग विवाहपश्चात् फिर्ता गर्नुपर्ने बाध्यता सिर्जना गरी छोरीलाई विवाहका आधारमा भेदभाव गर्ने कार्य जारी राख्यो । यस सम्बन्धमा पुनः प्रकाशमणि शर्मासमेत विरूद्ध मन्त्रीपरिषद् सचिवालयसमेत[१६५] को मुद्दा सर्वोच्च अदाललतमा दर्ता भयो । उक्त मुद्दामा अदालतले यस खालको पैतृक सम्पत्तिको उपभोगमा भएको विभेदकारी कानुनी प्रावधान तत्कालीन संविधानको धारा ११ र महिला विरूद्ध हुने सबै किसिमका विभेद उन्मूलनसम्बन्धी महासन्धिको विपरीत देखिएकाले सरकारलाई उक्त विभेदकारी प्रावधान संशोधन गर्न आदेश जारी गरेको थियो । अदालतको यसै

१६३ रिट निवेदन नं. ३१, २०६१, निर्णय मिति २०६२।८।३०

१६४ रिट निवेदन नं. ११०, २०५९, निर्णय मिति २०६१।३।३१

१६५ रिट निवेदन नं. ३४, २०६१, निर्णय मिति २०६२।८।३०

आदेशलाई मनन गर्दै पछि संशोधनमार्फत विभेदकारी प्रावधान हटायो । यद्यपि राष्ट्रिय कानुनलाई महिला विरूद्ध हुने सबै किसिमका विभेद उन्मूलनसम्बन्धी महासन्धिलगायतका अन्तर्राष्ट्रिय मानव अधिकार कानुनअनुकूल बनाउन अदालतले खेलेको भूमिकाले ठूलो सहयोग पुऱ्याएको भए तापनि महिलाको सम्पत्तिको अधिकारको उपभोग व्यवहारमा रूपान्तरित हुन नसक्दा महिला किसानहरूको हक संरक्षित गर्ने विषय अझै पनि चुनौतीपूर्ण नै रहेको छ । यो प्रस्ट छ कि संशोधित कानुनी प्रावधानहरूले अविवाहित महिलाको पैतृक सम्पत्तिमाथि समान अधिकार स्थापित गरेको छ, हनन भएका अधिकारहरूको दाबी गर्न अदालतको ढोका घचघच्याउने काम बिरलै मात्र हुने गरेको छ । यो धेरै हदसम्म महिलाहरूप्रतिको सामाजिक तथा सांस्कृतिक धारणा वा मनोवृत्तिसँग सम्बन्धित छ । यदि कानुनले प्रदान गरेका सम्पत्तिसम्बन्धी हकको महिलाले उपयोग गर्ने हो भने यसले तिनका खाद्य-अधिकारलगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू उपभोग गर्ने क्षमता वृद्धि गर्न योगदान पुऱ्याउने निश्चित छ ।

## ५.५. संवैधानिक प्रत्याभूतिको कार्यान्वयन गर्न सरकारलाई कानुन बनाउने आदेश

नेपालको संविधानको धारा १८ अनुसार प्रत्याभूत खाद्य-सम्प्रभुताको हकलगायत अन्य संवैधानिक प्रत्याभूतिहरूको कार्यान्वयनको सवालमा राज्यले कानुन निर्माण गर्नुपर्ने दायित्व पूरा नगरी निष्क्रिय रहेको कुरा अमृता थापासमेतको मुद्दामा[१६६] उठाइएको थियो । उक्त मुद्दामा खाद्य, शिक्षा, स्वास्थ्य, वातावरण, रोजगारी, सामाजिक सुरक्षालगायतका अधिकारको सम्बन्धमा सरकारलाई कानुन निर्माण गर्नका लागि निर्देश गर्न अदालतलाई आह्वान गरिएको थियो । निवेदकहरूको दाबी अनुरूप सरकारबाट संविधानले प्रत्याभूत गरेका मौलिक हकहरूको विषयमा कानुन निर्माणमा प्रभावकारी तदारूकता देखाउनु पर्ने अवस्था छ ।

यस मुद्दामा विपक्षीहरूले निवेदक मागअनुसार सरकारले कानुन बनाउनुपर्ने भने तापनि कानुन निर्माणको कुरा पूर्णरूपले व्यवस्थापिकाको अधिकार क्षेत्रभित्र पर्ने र निवेदकहरूले उल्लेख गरेअनुसार नै सरकार कानुन बनाउन प्रतिबद्ध रहेकोले निवेदकहरूको निवेदन खारेज हुनुपर्छ भन्ने तर्क प्रस्तुत गरेका थिए । अदालतले वातावरण, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षाजस्ता हकहरू संवैधानिक हकका रूपमा रहेकाले यी हकहरूको प्रभावकारी कार्यान्वयनका लागि सरकारको कानुन बनाउनुपर्ने जिम्मेवारी रहेको उल्लेख गरेको थियो । अदालतले, संविधान निर्माण प्रक्रिया अगाडि बढिरहेकाले कानुन निर्माण नगरिएको भन्ने सरकारको बाहनालाई इन्कार गर्दै सरकार आवश्यक कानुन निर्माण गर्ने

१६६ अमृता थापामगरसमेत वि. प्रधानमन्त्री कार्यालय र मन्त्रिपरिषद् सचिवालयसमेत रिट नं. ०१३९, २०६४ साल, निर्णय मिति २०६५।१।४ ।

जिम्मेवारीबाट भाग्न सक्दैन भन्ने कुरा स्पष्ट पारेको थियो । अदालतले जोड दिँदै भनेको थियो कि राज्यले आफ्ना नागरिकहरूलाई संविधानले प्रत्याभूत गरेका अधिकार उपभोग गर्नबाट वञ्चित गर्न सक्दैन । अदालतले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई मौलिक हकको रूपमा प्रत्याभूत गरिएकाले ती अधिकारहरूको उपभोग सुनिश्चित गर्न कानुन निर्माण आवश्यक पर्ने हुन्छ र त्यसमा राज्यको ध्यान गएको नदेखिएको तथ्यलाई मनन गर्दै अन्त्यमा नेपाल सरकारका नाममा निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य तथा सामाजिक सुरक्षाको हकको सुनिश्चितताको लागि आवश्यक कानुनको निर्माण गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो ।

त्यसैगरी किसानको अधिकारमा समेत प्रत्यक्ष सरोकार राख्ने अर्को मुद्दामा[१६७] नेपालको संविधानको धारा १८ अन्तर्गत प्रत्याभूत रोजगारीको अधिकारलाई प्रभावकारिता दिन सरकार कानुनी उपाय अपनाउन असफल भएको विषयलाई अदालतसमक्ष दाबी प्रस्तुत गरिएको थियो । यस मुद्दामा अदालतले महत्वका साथ मानव अधिकारहरूको श्रेणी सिर्जना गर्ने र साधनस्रोतको अभाव देखाएर कुनै खास अधिकारलाई बेवास्ता गर्ने कुरालाई इन्कार गरेको थियो । यदि साधन स्रोतको कमीलाई आधार बनाएर राज्यलाई आफ्नो दायित्व पूरा गर्ने कार्यबाट उम्कन दिने हो भने संविधानप्रदत्त अधिकारहरू कहिले पनि संरक्षित हुन सक्दैन भन्ने अदालतको ठहर थियो । यस मुद्दामा मानव अधिकारको संरक्षणका लागि साधनस्रोतको चाहे उपयोग गरोस् वा नगरोस् यो न्यायिक पुनरावलोकनको परिधिभन्दा बाहिर जान नसक्ने र बेरोजगार जनतालाई संरक्षण गर्न सरकारले आफ्नो दायित्व पूरा गर्नुपर्ने भनी जोड दिएको थियो ।

अदालतले मौलिक हकको प्रकृतिलाई व्याख्या गर्दै यदि कुनै अधिकारलाई मौलिक हकको रूपमा राखिन्छ भने त्यस्तो हक लागू गराउन योग्य हुनुपर्दछ । यसको मतलव अधिकारको उल्लङ्घन हुँदा त्यसको न्यायिक उपचार उपलब्ध हुनुपर्दछ । तुरून्त कार्यान्वयन हुनसक्ने भएकाले त्यस्तो अधिकार व्यवस्थापिका संसद्लगायत कुनै पनि संस्थाको तजबिजीमा भर पर्दैन । साधनस्रोतको अभाव देखाएर यस्ता अधिकारहरूलाई कार्यान्वयन नगरी कुनामा थन्क्याउन सकिन्न । अदालतले नेपालको संविधानको धारा १८ ले प्रत्याभूत गरेको रोजगारीको अधिकारलाई सम्मानपूर्वक बाँच्न पाउने अधिकार (धारा १२), समानताको अधिकार (धारा १३), छुवाछुत तथा जातीय भेदभावविरूद्धको हक (धारा १४), वातावरण तथा स्वास्थ्यसम्बन्धी हक (धारा १६), शिक्षा तथा संस्कृतिसम्बन्धी हक (धारा १७), रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक (धारा १८), महिलाको हक (धारा २०), सामाजिक न्यायको हक (धारा २१) र बालबालिकाको हक (धारा २२) सँग जोडिएको

---

१६७ प्रेमबहादुर खड्कासमेत वि. प्रधानमन्त्री र मन्त्रिपरिषद् सचिवालय (रोजगारीको अधिकार) रिट नं. ०६६-WO-०७१९३, निर्णय मिति २०६५।९।२३।४, नेकाप २०६६ (वि.सं.) नं. ८ पृ. १२

भनी उल्लेख गरेको थियो । रोजगारीको अधिकारको सुनिश्चितता भएमात्रै व्यक्तिका स्वास्थ्य, शिक्षा, खाद्य, आवास र लत्ताकपडाजस्ता आधारभूत आवश्यकताहरु पूरा हुनेमा अदालतको निचोड थियो ।

अदालतले सरकारलाई फैसला भएको एक वर्षभित्र सो अधिकार लागू गर्ने विधेयक संसद्समक्ष प्रस्तुत गर्न आदेश दिएको थियो । अदालतको उक्त निर्णयबाट त्यस्तो विधेयकले अन्य कुराका अतिरिक्त रोजगारसम्बन्धी राष्ट्रिय रणनीतिको तर्जुमा गर्ने, सार्वजनिक तथा निजी क्षेत्रमा रोजगारीमा हुने भेदभावको अन्त्य गर्ने, रोजगारीसम्बन्धी नीतिगत निर्देशन प्रदान गर्ने संयन्त्रको स्थापना गर्ने, यस्तो संयन्त्रमा सरकारी, निजी क्षेत्र, श्रम र रोजगार विशेषज्ञ, ट्रेड युनियन र महिलाहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने, रोजगारीसम्बन्धी उजुरी ग्रहण गर्ने तथा त्यसमा कार्यवाही गर्ने संयन्त्रको स्थापना गर्ने, रोजगारसम्बन्धी राष्ट्रिय रणनीतिअनुसार बजेटको विनियोजन गर्ने र, प्राविधिक तथा व्यावसायिक शिक्षालगायत रोजगारमुखी शिक्षाको पहुँच अभिवृद्धि गर्ने कुराहरु समेट्नुपर्दछ ।

## ५.६. मुक्त बाधुवा श्रमिकहरूको पुनस्थार्पना तथा श्रम अधिकारको प्रवर्द्धन

कमैया (बँधुवा) श्रम र अन्य श्रम अधिकारसम्बन्धी विषयमा अदालतले हस्तक्षेप गरेका थुप्रै उदाहरणहरु छन् । यस सन्दर्भमा २०६३ बैशाख २९ मा पशुपति चौधरीसमेत विरूद्ध भूमिसुधार तथा भूसंरक्षण मन्त्रालय समेतको[१६८] मुद्दामा रिट निवेदकले कमैया श्रम निषेध ऐनअनुसार मुक्तकमैयाहरूलाई पुनर्स्थापन गर्नुपर्ने दायित्व सरकारी निकायहरूले पूरा नगरेकाले तिनलाई जबाफदेही बनाउन सर्वोच्च अदालतलाई आह्वान गरेको थियो । उक्त रिट निवेदनको सुनुवाइ गर्दै सर्वोच्च अदालतले सरकारलाई मुक्तकमैयाहरूलाई उपयुक्त रोजगार प्रदान गर्ने र पुनर्स्थापना गर्न आदेश दिएको थियो ।

त्यसैगरी उत्तर टमाटा विरूद्ध नेपाल सरकार प्रधानमन्त्री कार्यालयसमेत भएको मुद्दामा निवेदकले कमैया ऐनले हलिया (बँधुवा हली) लाई पनि कमैया प्रथाको रूपमा मान्यता दिएको जिकिर गर्दै मुक्तकमैया पुनर्स्थापना कार्यक्रम केवल तराईका जिल्लामा मात्र सीमित नगरी पहाडका सात जिल्लामा पनि विस्तार गरिनुपर्ने कुराको लागि सरकारको नाममा परमादेश जारी गर्न अदालतसमक्ष रिट दायर गरेका थिए । यसमा सर्वोच्च अदालतले सबै मुक्तकमैयालाई विशेष कानुनी व्यवस्था, आर्थिक नीति र कार्यक्रमहरूको अवलम्बनमार्फत संरक्षण गर्ने र सबल बनाउने राज्यको दायित्वभित्र पर्दछ भन्ने ठहर गरेको थियो । सर्वोच्च अदालतले राज्यको निर्देशक सिद्धान्त[१६९]अनुरूप पहाडी जिल्लाका

१६८ पशुपति चौधरीसमेत वि. भूमिसुधार तथा भूसंरक्षण मन्त्रालयसमेत रिट नं. २७०३ (२०६२) ।
१६९ नेपालको अन्तरिम संविधान २०६३, धारा ३३ (१) र ३५ (१४) (१५) ।

हलियाहरूको[१७०] विकास र पुनर्स्थापनाका लागि एउटा समितिको स्थापना गर्न आवश्यक भएको कुरालाई जोड दियो । अदालतले संविधान र कानुनअनुसार उनीहरूलाई मुक्त घोषणा गरेर मात्रै उनीहरूले अधिकार र स्वतन्त्रताको उपभोग गर्न सक्तैन, त्यसका लागि उनीहरूले विगतमा भोग्नुपरेको शोषण तथा अधिकारबाट वञ्चित हुनुपरेको अवस्थालाई ध्यान दिँदै उनीहरूलाई उपयुक्त समयसम्मका लागि राज्यले संरक्षण प्रदान गर्नु पर्दछ । संविधानमा उल्लिखित समानताको अधिकारको विशेष संरक्षणको प्रावधानलाई ध्यान दिँदै सर्वोच्च अदालतले सरकारलाई कमैया श्रम निषेध ऐनले परिकल्पना गरेको पुनर्स्थापना समितिहरु सबै सम्बन्धित जिल्लामा गठन गरी मुक्तकमैयाहरूको उत्थानको लागि संविधानले दिएको कार्यभारअनुसार काम गर्न आदेश दिएको थियो ।

यस्तै सोमप्रसाद पनेरु विरूद्ध प्रधानमन्त्री कार्यालय[१७१] समेतको मुद्दामा सर्वोच्च अदालतसमक्ष कमलरी[१७२] प्रथालाई उन्मूलन गर्न आवश्यक कदम चाल्न सरकारलाई आदेश दिनको लागि आह्वान गरिएको थियो । अदालतले यस मुद्दाको सुनुवाइ गर्दै शिक्षा तथा खेलकुद मन्त्रालयलाई बाल अधिकार महासन्धि, नागरिक तथा राजनैतिक अधिकारसम्बन्धी अन्तर र्राष्ट्रिय अनुबन्ध र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धलगायतका मानव अधिकारका प्रमुख सन्धिहरूको प्रावधानहरु विद्यालय पाठ्यक्रममा समावेश गर्न आदेश जारी गरेको थियो । जसले गर्दा बालबालिकाको अधिकारको संरक्षण गर्न सकियोस् साथै सम्बन्धित कानुनी प्रावधानको प्रभावकारी कार्यान्वयन गर्न पनि यसले सघाओस् । सर्वोच्च अदालतले कमलरी प्रथाको मात्रै उन्मूलन नगरी कुनै पनि आधारमा हुने बालबालिकाको शोषणलाई रोकथाम गर्ने र घरेलु कामदारसँग सम्बन्धित विस्तृत

---

१७० हलिया प्रथा तमसुक (करार) गरेर जमिन जोत्न हलिया राख्ने एक प्रथा हो । यो मध्य र सुदूर पश्चिम नेपालको पहाडी जिल्लामा प्रचलित रहेको थियो । कमैया प्रथा र हलिया प्रथाबीच धेरै भिन्नता रहेका छन् । खासगरी बसोवाससहितको कमैया प्रथामा कमैयाहरूले मालिकको इच्छानुसार खानबस्न दिने गरिन्थ्यो । तिनले मालिकको घरदेखि बाहिर थोरै मात्र स्वतन्त्रता पनि पाउँथे र कमैयाको परिवारले समेत मालिककै घरमा काम गर्नुपर्थ्यो । र, त्यस्तो कामका लागि तमसुक वा करार गरिँदैनथ्यो, तर पनि पुस्तौँपुस्तासम्म तिनीहरु मालिककहाँ बसेका हुन्थे । हलिया प्रथा भने हलियालाई बसोबासको सुविधा नभएको प्रथा हो । दिनमा दुई छाक खान पाउने र खनजोत नहुने समयमा उनीहरु स्वतन्त्र हुन्थे । त्यस्तै, हलियाका परिवारका सदस्य जहाँसुकै काम गर्न स्वतन्त्र हुन्थे, तर तिनीहरु मालिकको घरमा भने प्रवेश पाउदैनथे । कमैया खासगरी थारू जनजाति समुदायका थिए भने हलिया अधिकांश दलित समुदायका ।

१७१ सोमप्रसाद पनेरूसमेत वि. श्री ५ को सरकार, प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद् सचिवालयसमेत, रिट निवेदन नं. ३२९५, २०६१, सर्वोच्च अदालत निर्णय मिति २०६३।५।२५

१७२ कमलरी एक किसिमले बँधुवा श्रम प्रथा हो जुन नेपालको सुदूरपश्चिम र मध्यपश्चिममा प्रचलनमा रहेको थियो । यस प्रथाअनुसार जग्गा मालिकको घरमा थारु समुदायका केटीहरूलाई घरेलु कामदारको रूपमा राखिएको हुन्थ्यो र तिनै केटीहरूलाई कमलरी भनिन्थ्यो ।

कानुन निर्माण गर्न तथा बाल अधिकार महासन्धिले सुनिश्चित गरेका बालअधिकारको संरक्षण गर्न सरकारलाई निर्देशन दिएको थियो । साथै, कमलरी प्रथा वा शोषणका अन्य स्वरूपबाट मुक्त बालबालिकाको हित एवम् सामाजिक सुरक्षाको संरक्षणको लागि तथा बालबालिकासम्बन्धी संवैधानिक दायित्वहरूको पालनाको लागि विभिन्न योजना र नीतिको तर्जुमा गर्न पनि अदालतले सरकारलाई निर्देशन दिएको थियो ।

कलेशु डगौरासमेत विरूद्ध भौतिक योजना तथा निर्माण मन्त्रालय[१७३] समेतको मुद्दामा सर्वोच्च अदालतको असाधारण अधिकार क्षेत्रको आह्वान गर्दै ७९ घरधुरी मुक्तकमैयाहरूले जग्गाको निःशुल्क वितरण र त्यसरी वितरण गरिएका जग्गाको स्वामित्व हस्तान्तरणको माग गरेका थिए । रिट निवेदकहरूले आफूहरूलाई मुक्त भएपछि अस्थायी रूपमा बसोबास गराएको र जग्गाको स्वामित्व पनि हस्तान्तरण नगरेको तर अन्य मुक्तकमैयाहरूलाई निःशुल्क जग्गा वितरण गरिएको र जग्गाको स्वामित्व पनि हस्तान्तरण गरिएको भन्ने जिकिर गरेका थिए । त्यस्तै, निवेदकहरूले पहिलेको मन्त्रिपरिषद्को बैठकको निर्णय प्रतिकूल हुने गरी हालको मन्त्रिपरिषद्को बैठकले उनीहरूलाई निःशुल्क जग्गा प्राप्त गर्ने कार्यबाट विमुख गर्ने निर्णयलाई गैरकानुनी घोषित गर्न पनि माग गरेका थिए ।

उल्लेखनीय कुरा के थियो भने यस मुद्दामा अदालतले अधिकारमा आधारित अवधारणालाई स्वीकार नगरेकोजस्तो देखिन्छ । निवेदकहरूको मागबमोजिम मन्त्रिस्तरीय निर्णयको न्यायिक पुनरावलोकन गर्ने मागलाई अदालतले स्वीकार गरेन । बरु अदालतले हकअधिकार भन्ने कुरा कार्यकारी निर्णयबाट सिर्जना गरिने विषय नहुने र मुक्तकमैयाहरु मुक्त भइसकेपछि प्रदान गरेको सुविधा संवैधानिक हक र कानुनी अधिकारको विषयभित्र नपर्ने कुरा उल्लेख गऱ्यो । त्यसैबेला अदालतले संविधानमा उल्लिखित निर्देशक सिद्धान्तहरु अदालतबाट लागू गर्न योग्य हुंदैनन् । यस्ता सिद्धान्तहरूको कार्यान्वयन साधन स्रोतको उपलब्धताको आधारमा राज्यले क्रमिकरूपमा गर्दै जाने विषय हो । तसर्थ, निर्देशक सिद्धान्तअन्तर्गतका प्रावधानहरूलाई कार्यान्वयन गर्न अदालतलाई बाध्य पार्न उपयुक्त देखिँदैन[१७४] भनेको थियो । अदालतको यसप्रकारको व्याख्या निर्देशक सिद्धान्तहरूको न्यायिक कार्यान्वयनको सम्बन्धमा यसभन्दा अगाडि नै स्थापित व्याख्या विपरीत देखिन्छ । अदालतको निर्णयमा निवेदकहरूले यदि मन्त्रालयको निर्णय मन्त्रिपरिषद्को निर्णयसँग बाझिएको छ भने उक्त निर्णयविरूद्ध प्रशासनिक उपचार खोज्नुपर्दछ भन्ने उल्लेख थियो । तर, सर्वोच्च अदालतको यस्तो ठहर स्थापित न्यायिक अभ्याससँग मेल खाने खालको छैन किनभने

१७३ नेकाप २०६८, अङ्क २, पृ. २८४ ।

१७४ नरहरिनाथ योगीसमेत वि. प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासमेत (२०५४ नेकाप ३३) भएको मुद्दामा अदालतले संवैधानिक घोषणाको बाबजुद राज्यका नीति र निर्देशक सिद्धान्त अदालतद्वारा लागू हुन सक्तैनन् । तर, सर्वोच्च अदालतले सरकारले त्यस्ता निर्देशक सिद्धान्तप्रति गरेको अनादरलाई भने निगरानी गर्न सक्तछ भनि व्यवस्था गरिएको थियो ।

यदि प्रशासनिक निर्णयले संविधान प्रदत्त मौलिक हकहरूको उपभोगमा व्यवधान उत्पन्न हुने अवस्थामा त्यस्तो प्रशासनिक निर्णयउपर अदालतको असाधारण अधिकार क्षेत्रअन्तर्गत पुनरावलोकन योग्य हुन्छन् ।

## ५.७. माओवादी युद्धताका कब्जामा लिएको भूमि तथा सम्पत्ति फिर्ता गर्नेसम्बन्धी आदेश

दशकौँ लामो सशस्त्र सङ्घर्षले केवल नागरिक तथा राजनीतिक अधिकारको मात्र हनन नभई व्यक्तिगत सम्पत्तिको विनाशसहित आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूका पनि उल्लङ्घन भएको थियो ।[१७५] जसबाट किसानहरू पनि प्रभावित भएका विस्तृत शान्ति सम्झौता र नेपालको संविधानले सुनिश्चित गरेको सम्पत्तिको अधिकारअन्तर्गत द्वन्द्वका पक्षहरूले त्यसरी कब्जा गरेको सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धताको बाबजुद सम्बन्धित जिम्मेवार पक्षहरूले त्यसको लागि कहिल्यै ठोस कदम चालेनन् ।[१७६] यस पृष्ठभूमिमा विस्थापित व्यक्तिहरू रणनीतिक मुद्दाको माध्यमबाट सरकारलाई सम्पत्ति फिर्ताका लागि तुरून्त कदम चाल्न र सम्पत्तिको भोगचलनबाट वञ्चित गरिएका कारणले पारेको हानिको उचित क्षतिपूर्तिको निम्ति सरकारलाई बाध्य पार्न न्यायिक उपचारको बाटो पहिल्याउन बाध्य भए ।[१७७] यस मुद्दाको सुनुवाइ गर्दै अदालतले बाँच्न पाउने अधिकारलाई अन्य अधिकारसँग जोडेर हेऱ्यो र व्यक्तिको बाँच्न पाउने अधिकारको उपभोगको लागि सम्पत्तिको अधिकारको संरक्षण र जीविकोपार्जनका लागि आवश्यक पेसा र व्यवसाय अँगाल्न पाउने अधिकार महत्वपूर्ण हुने कुरा उल्लेख गऱ्यो । सम्पत्तिको भोगचलन र पेसा व्यवसाय गर्ने अधिकारको अभावमा न त खाद्य-अधिकार सुरक्षित हुन सक्छ, न त दैनिक जीवनको आवश्यकता नै परिपूर्ति हुन सक्दछ ।

व्यक्तिको सम्पत्तिको संरक्षण गर्ने राज्यको अपरिहार्य दायित्वलाई जोड दिँदै अदालतले निवेदकहरू बसोबास गर्ने जिल्ला र सम्पत्ति कब्जाका समस्या भएका जिल्लाहरूमा पीडित समुदायको प्रतिनिधित्व, कानुन कार्यान्वयन गर्ने निकाय र राजनीतिक व्यक्तित्वहरूसहितको प्रतिनिधित्व हुने गरी पाँच सदस्यीय समिति गठन गर्न सरकारलाई परमादेश जारी गऱ्यो । साथै, अदालतले आदेश जारी भएको तीन महिनाभित्र त्यस्तो समितिमार्फत कब्जा गरिएको सम्पत्ति वास्तविक हकवालालाई फिर्ता गर्ने तथा जफत सम्पत्तिबाट हुने आयस्ताको नोक्सानी मूल्याङ्कन गर्दै खुद मूल्यको स्थितिलाई पनि ध्यानदिई क्षतिपूर्तिको

१७५ विस्तृत शान्ति सम्झौता (CPA) को धारा ५, २०६३ ले यो तथ्यलाई मान्यता दिएको छ ।

१७६ विस्तृत शान्ति सम्झौता (CPA) को धारा ५.१.८ ले उल्लेख गरेअनुसार दुबै पक्षबाट सार्वजनिक तथा निजी भवन, भूमि र अन्य कब्जा गरिएको सम्पत्ति सशस्त्र द्वन्द्वको सिलसिला प्रयोग गर्न नदिएको परिप्रेक्ष्यमा तुरून्त फिर्ता गर्नुपर्ने ।

१७७ लीलाधर भण्डारीसमेत वि. नेपाल सरकार प्रधानमन्त्रीको कार्यालय र मन्त्रिपरिषद् कार्यालय (रिट नं. ०८६३, २०६४ साल निर्णय मिति २०६५।८।२२

व्यवस्था गर्न सरकारलाई आदेश दियो । सम्पत्ति कब्जाबाट पीडितहरूको क्षतिपूर्तिको लागि क्षतिपूर्ति तथा राहत कोषको समेत स्थापना गर्न सरकारलाई आदेश दिइएको थियो ।

## ५.८ जग्गाको हदबन्दीसम्बन्धी कानुनी प्रावधानको कार्यान्वयन गर्न आदेश

भूमिसम्बन्धी ऐनले जग्गाको हदबन्दीको व्यवस्था गरेको छ । यसको उद्देश्य जमिनदारसँग कानुनले तोकेको सीमाभन्दा बढी भएका जग्गा प्राप्त गरी मुक्त बँधुवा श्रमिक, दलित, आदिवासी जनजाति र स्थानीय सुकुम्वासी जनतालाई पुनर्वितरण गर्नु रहेको छ । तर, यस्ता कानुनी प्रावधानहरु राजनीतिक इच्छाशक्तिको अभावलगायत अन्य कैयौँ कारणले कार्यान्वयनमा आउन सकेनन् । यस सन्दर्भमा अर्को एक सार्वजनिक सरोकारको मुद्दा[१७८] सर्वोच्च अदालतमा दायर गरिएको थियो । सो मुद्दामा भूमिसम्बन्धी ऐन, २०२१ ले व्यवस्था गरेबमोजिम[१७९] देशभरि नै जग्गाको स्वामित्वको लगत तयार गर्ने, कानुनले तोकेको हदबन्दीभन्दा बढी भएको जग्गा प्राप्त गरी त्यस्तो जग्गा भूमिहीन सुकुम्बासीहरूलाई अदालतको आदेशको पूर्जी पाएको १८० दिनभित्र वितरण गर्ने तथा यी प्रावधानहरु कार्यान्वयन नगर्ने सरकारी पदाधिकारी वा निकायहरूलाई जबाफदेही बनाउन परमादेश जारी गर्न माग गरिएको थियो ।

अदालती आदेशको कार्यान्वयन नगरेकोमा मुख्य सचिवलगायत यसमा जिम्मेवार सरकारी अधिकारीहरूलाइ अदालतको मानहानिको मुद्दामा आदेश किन कार्यान्वयन नगरेको भनी लिखित स्पष्टीकरणसहित अदालतसमक्ष उपस्थित गराई जबाफदेही बनाइएको थियो । अदालतको आदेश पालना नभएको सन्दर्भमा रिट निवेदकले अदालतको मानहानिसम्बन्धी दायर गरेको मुद्दालाई अदालतले कार्यबाहीको प्रक्रियामा लगेको थियो । अदालतको आदेशको पालना गर्दै आखिर सरकारले ३५ दिने सार्वजनिक सूचना जारी गरी भूमिसम्बन्धी ऐनले व्यवस्था गरेको कानुनले तोकेभन्दा बढी जग्गा राख्न नपाउने प्रावधानबमोजिम आफ्नो स्वामित्वमा रहेका जग्गाको विस्तृत विवरण पेस गर्न भनेको थियो ।[१८०] तर, भूमिसुधार तथा व्यवस्था मन्त्रालयको देशभरको जग्गाको विस्तृत विवरण

---

१७८ २०६६/५/२ मा सर्वोच्च अदालतमा दर्ता गरिएको ।

१७९ भूमिसम्बन्धी ऐनको दफा १३ (१) ले तोकिएको अधिकारीले तोकिएबमोजिमको सूचना जारी गरी सबै जग्गावाललाई सो सूचना जारी भएको मितिले ३५ दिनभित्र तोकिएबमोजिमको फाँटबारी दाखिल गर्न लगाउन आदेश दिन सक्नेछ ।

१८० भूमिसम्बन्धी ऐनको पाँचौं संशोधन २०५८ अनुसार एउटा व्यक्तिले काठमाडौँ उपत्यकामा २० रोपनी, तराईका जिल्लामा १० बिघा, पहाडी जिल्लामा ७० रोपनी जग्गा राख्न पाउने व्यवस्था गरिएको छ । त्यसैगरी, घरघडेरीको लागि एक व्यक्तिले काठमाडौँ उपत्यका र पहाडी जिल्लामा पाँच रोपनी र तराईमा एक विघा राख्न सक्ने व्यवस्था छ । संशोधन हुनुअगाडि काठमाडौँमा ५० रोपनी र तराईमा २० बिघा राख्न सक्ने व्यवस्था थियो ।

सङ्कलन गर्ने प्रयास विभिन्न मन्त्रालय, स्थानीय निकाय र जग्गावालहरूको असहयोगको कारण प्रभावकारी हुन सकेन । यसैबीच सरकारले जग्गाको हदबन्दीसम्बन्धी कानुनको कार्यान्वयनका लागि जग्गावालाहरूको सूची तयार गर्ने कानुनी प्रावधानको संशोधनको प्रस्ताव प्रस्तुत गरेको थियो । सरकारको प्रस्ताव सबै जग्गावालाको सूची सङ्कलन गर्ने नभएर केवल सरकारले तोकेको सीमाभन्दा बढी जग्गा भएका जग्गावालाहरूको मात्रै सूची सङ्कलन गर्नु रहेको थियो ।

## ५.९ प्राकृतिक स्रोतको अत्यधिक दोहनमा रोक

प्राकृतिक स्रोतको अत्यधिक दोहनको कारण पनि किसानहरूको अधिकार प्रभावित भएका छन् । यिनै विषयहरूलाई लिएर प्रकाशमणि शर्मासमेत[१८१] ले दर्ता गराउनुभएको मुद्दामा काठमाडौँ उपत्यकामा सम्भवतः सङ्कट नै निम्तिन सक्ने गरी भइरहेको भूमिगत पानीको अत्यधिक दोहनको बारेमा अदालतको ध्यानाकर्षण गरिएको थियो । यस्तो अवस्था खासगरी उद्योग कलकारखाना, होटेल, नर्सिङ होमहरूले अनियन्त्रित रूपमा पानीको दोहनले सिर्जना गरेको दाबी थियो । कानुनका विभिन्न प्रावधानहरूको विपक्षीले पालना नगरेको तथा वातावरणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनले विकास गरेका सिद्धान्तहरूजस्तै पूर्वसावधानी अपनाउने सिद्धान्त, अन्तरपुस्ता समन्याय र सार्वजनिक न्यास उल्लेख गर्दै निवेदकहरूले अदालतसमक्ष जलस्रोत ऐनको दफा ४(१) ले ऐनबमोजिम अनुमति प्राप्त नगरी कसैले पनि जलस्रोतको उपयोग गर्न नपाउने तथा जलस्रोतको उपयोग गर्ने व्यक्ति वा सङ्गठित संस्थाले अरूलाई मर्का नपर्ने गरी लाभदायक उपयोग गर्नुपर्ने र दफा २० अनुसार जलस्रोत उपयोग गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने गरी गर्नुपर्ने तथा काठमाडौँ उपत्यकाभित्रको भूमिगत जलभण्डारको उपयोग गर्दा पुनर्क्षमता बढाउने कामको ग्यारेन्टीका साथ र देशभरि नै भूमिगत पानीको उचित व्यवस्थापन गर्न एउटा सक्षम र प्रभावकारी संस्थाको स्थापना गर्न लगाउन पनि अनुरोध गरेका थिए । मुद्दाको सुनुवाइ गर्दै अदालतले निवेदकले माग गरेबमोजिम कार्य गर्न विपक्षीलाई परमादेश जारी गरेको थियो ।

साथै, अदालतले विपक्षीको नाममा काठमाडौँ उपत्यका जल भण्डारको उपयोगबारे सिँचाइ मन्त्रालय र भूमिगत जल विकास समितिले गरेको प्रतिज्ञाअनुसार केकति काम सम्पन्न गरिएको छ त्यसको प्रतिवेदन अदालतमा तीन महिनाभित्र पेस गर्न निर्देशनात्मक आदेश जारी गरेको थियो । त्यस्तै चुरेक्षेत्र संरक्षण[१८२] मुद्दामा चुरे क्षेत्रबाट अत्यधिक मात्रामा ढुङ्गा, बालुवा निकालेर भारतमा निर्यात गर्ने काम रोक्नको लागि पर्याप्त उपाय

---

१८१ रिट नं. ३४४७, २०६० साल निर्णय मिति १/९/२०६६ ।

१८२ नारायणप्रसाद देवकोटा वि. प्रधानमन्त्री कार्यालय, निर्णय मिति २०६७/४/२१

अपनाउन सरकारको नाममा उपयुक्त आदेश जारी गर्न अदालतसँग माग गरिएको थियो । चुरे क्षेत्रबाट ढुङ्गा बालुवाको अत्यधिक उत्खनन र अतिक्रमणले अन्ततः तराईका जिल्लाहरूको ऊर्वरा भूमि विस्तारै मरूभूमीकरण भएको पनि उल्लेख गरिएको थियो । यसमा अदालतले नदीबाट ढुङ्गा र बालुवालगायतका प्राकृतिक स्रोतको अत्यधिक दोहनले पर्यावरणमा प्रतिकूल असर पार्ने हुनाले तुरून्त रोकिनुपर्छ भन्ने ठहर गऱ्यो । प्राकृतिक स्रोतको उपयोग केवल सार्वजनिक हितको लागि मात्र गरिनुपर्दछ भन्दै अदालतले प्रत्येक जिल्लामा अनुगमन समितिको स्थापना गरी प्राकृतिक स्रोत उत्खननमा नियन्त्रण तथा बालुवाढुङ्गा निकाल्दा एउटा निश्चित मापदण्ड तोक्न सरकारको नाममा आदेश जारी गरेको थियो ।

## ५.१० सडेका जीवनाशक विषादीको वातावरणमैत्री व्यवस्थापन

सडेका जीवनाशक विषादीको जथाभावी भण्डारणलाई राजुप्रसाद चापागाईंसमेत विरूद्ध नेपाल सरकार, कृषि मन्त्रालयसमेतको मुद्दामा[१८३] चुनौती दिँदै निवेदकहरूले सडेका जीवनाशक विषादीको वातावरणमैत्री व्यवस्थापन वा स्थानान्तरणका लागि सर्वोच्च अदालतसमक्ष माग गरेका थिए । विगत ३५ वर्षदेखि म्याद नाघेका विषादीसँग सङ्ग्रह गरेर राखिएको स्थानको वरिपरि बस्ने स्थानीय जनतालाई पारेको हानीबापतको क्षतिपूर्ति दिन र सो स्थानको निर्जीवीकरणका लागि आदेश जारी गर्न सर्वोच्च अदालतलाई आह्वान गरिएको थियो । निवेदकहरूका अनुसार नेपालमा कृषि उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ विदेशी सहायताका रूपमा यस्तो विषादी भित्र्याइएको थियो ।

वातावरण प्रदूषणको असरले संविधानद्वारा पदत्त बाँच्न पाउने मौलिक हकको उल्लङ्घन हुने अदालतको ठहर थियो । अदालतले नेपाल वासेल महासन्धि[१८४] र स्टकहोम महासन्धि[१८५] को पक्षराष्ट्र भएकाले देशका विभिन्न स्थानमा सङ्ग्रह गरेर राखिएका म्याद गुज्रेका त्यस्ता विषादीलाई आवश्यक उपाय अपनाएर व्यवस्थित गर्नु नेपाल सरकारको कर्तव्य हुने बताएको थियो ।

साथै सडेका जीवनाशक विषादीसम्बन्धी स्टकहोम महासन्धिको पूर्ण कार्यान्वयनका लागि आवश्यक संयन्त्रको स्थापना गर्न सर्वोच्च अदालतले सरकारलाई अह्राएको थियो । अदालतले आफ्नो फैसलामा नेपालको घरेलु कानुन र अन्य विभिन्न अन्तर्राष्ट्रिय सन्धिहरूले स्थापित गरिसकेको जीवनको अधिकार र स्वच्छ एवम् स्वस्थ्य वातावरणमा

---

१८३ नेकाप २०६६, अङ्क १०, पृ. १६२०

१८४ मिति २०५३।९।२९ मा अनुमोदन गरिएको

१८५ मिति २०६३।६।२७ मा अनुमोदन गरिएको

बाँच्न पाउने अधिकारको उपभोगका लागि आवश्यक कार्यक्रम र गतिविधिहरूको सञ्चालन गर्नु अपेक्षित मात्रै हैन, सरकारका लागि बाध्यकारी पनि हो भन्ने कुरा अदालतले उल्लेख गरेको थियो । साथै, अदालतले स्थानीय समुदाय र वातावरणलाई रासायनिक विषादीको हानिकारक प्रभावबाट संरक्षण प्रदान गर्नुपर्ने कुरामा जोड दिएको थियो । बहुराष्ट्रिय कम्पनीलगायतका अन्तर्राष्ट्रिय शक्ति केन्द्रले अन्तर्राष्ट्रिय मापदण्डको ख्यालै नगरी हानिकारक रासायनिक पदार्थको उत्पादन गर्ने र त्यो प्रायः गरिब र विकासोन्मुख राष्ट्रहरूमा निर्यात गर्ने गरेको कुरालाई गम्भीर रूपमा लिँदै अदालतले त्यस्ता दीर्घस्थायी जैविक विषादीको उत्पादनकर्ता, ढुवानीकर्ता तथा निर्यातकर्ताको रूपमा तीनका कार्यले मुख्यगरी गरिब तथा विकासोन्मुख देशहरूमा कृषि उत्पादनको वृद्धिका लागि वैदेशिक सहायताका नाममा पारेको नकारात्मक असरको जिम्मेवारी लिन अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरेको थियो ।

अदालतले सरकारलाई तत्काल विषादीको सूची तयार गर्ने, त्यसको वर्गीकरण गर्ने र सुरक्षित रूपमा प्याकेजिङ गरी त्यसको वातावरण मैत्री हिसाबले एक वर्षभित्र नष्ट वा व्यवस्थापन गर्ने परमादेश जारी गरेको थियो । अदालतको आदेशले सरकारलाई "पीडित स्थानीय जनतालाई पुऱ्याएको हानि" को क्षतिपूर्ति प्रदान गर्न पनि भनेको थियो । यसका अतिरिक्त विषादीसम्बन्धी स्टकहोम महासन्धि र अन्य सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गतका दायित्वहरूको परिपूर्तिका लागि आवश्यक राजनैतिक तथा कूटनीतिक कदम चाल्न पनि सरकारलाई आदेश दिएको थियो । अदालतको आदेशले सरकारलाई त्यस्ता विषादी भण्डारण वा सञ्चितिलाई हटाउन वा नष्ट गर्न अन्तर्राष्ट्रिय सहयोग खोज्ने बाटो खुलायो । अन्ततः सरकारले जर्मन अन्तर्राष्ट्रिय सहयोग संस्था (जिआइजेट) सँग सम्झौता गरी ७५ टनभन्दा बढी विषादी फिर्ता लाने काम गऱ्यो । तर, यसबाट प्रभावित जनतालाई क्षतिपूर्ति प्रदान गर्ने कामचाहिँ बाँकी नै छ ।

## समीक्षा

सर्वोच्च अदालतबाट भएका माथि उल्लिखित अधिकाँश आदेशहरूमा किसान शब्दको प्रयोग नगरिएको भए तापनि कुनै न कुनै रूपमा किसानको मानव अधिकार संरक्षण र संवर्धनको क्षेत्रमा योगदान पुऱ्याएको सहज अनुमान गर्न सकिन्छ । निकुञ्ज आसपास बसोबास गर्ने नागरिकहरूको अन्नबाली नष्ट हुँदा भोकबाट मुक्त हुन पाउने, खाद्य-अधिकार र बाँच्न पाउने अधिकारको हनन हुने विषय, खाद्यान्न आपूर्तिको उचित व्यावस्थापन, शुद्ध खानेपानी उपलब्ध गराउनुपर्ने मोहीयानी हक, हदबन्दीभन्दा बढी जग्गाको उचित व्यवस्थापन र नदीबाट ढुङ्गा, बालुवालगायतका प्राकृतिक स्रोतको अत्यधिक दोहन रोक्ने

सम्बन्धमा भएका आदेशहरूले किसानको मानव अधिकारको पक्षलाई सम्बोधन गरेको छ । यसबाहेक महिलाको हकमा भएका सम्पत्ति र त्यसको प्रयोगसम्बन्धी आदेश, निःशुल्क शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्य तथा सामाजिक सुरक्षा सुनिश्चित गर्न कानुनको निर्माण गर्न दिएको आदेश तथा मुक्तकमैयाहरूलाई उपयुक्त रोजगार प्रदान गर्ने र पुनर्स्थापना गर्न दिएको आदेश, विस्थापितको बाँच्न पाउने अधिकारको व्यवस्थापन गर्न तथा वातावरण प्रदूषण र म्याद गुज्रेका विषादीको व्यवस्थापन गर्न दिएका आदेशहरूबाट पनि किसानका अधिकारहरूको पक्षमा अदालतबाट सकारात्मक पहल भएको निष्कर्षमा पुग्न सकिन्छ ।

# परिच्छेद छ

# राष्ट्रिय मानव अधिकार आयोगको पहल

## ६.१. राष्ट्रिय मानव अधिकार आयोग र किसानको अधिकार

मानव अधिकार व्यक्तिको जीवन, स्वतन्त्रता, समानता र मर्यादाको विषय हो । यस विषयलाई आधारबिन्दु मानी आयोगले व्यक्ति तथा समुदायको मानव अधिकार संरक्षणको लागि विभिन्न कार्यहरु गर्दै आएको छ । आयोगलाई मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्ने कर्तव्य संविधानले निर्धारण गरिदिएको छ । यिनै कार्यादेशको आधारमा आयोगबाट व्यक्तिगत र सामूहिक रुपमा किसानको अधिकारको लागि केही पहलहरु भएका छन् । त्यसको प्रभावकारिताको लागि थप कार्य गरिनु जरूरी छ । यसै विषयलाई ध्यानमा राखी आयोगले किसानको अधिकार संरक्षण र संवर्धनका सन्दर्भमा पछिल्लो रणनीतिक योजनाबाट योजनाबद्ध रुपमा आफ्नो कार्य सुरू गरेको छ । आयोगले किसानको अधिकार सन्दर्भमा गरेका केही कार्यहरुको बारेमा सङ्क्षिप्त रुपमा तल उल्लेख गरिएको छ ।

## ६.२ किसानको अधिकार संरक्षणतर्फ

विशेषगरी सशस्त्र द्वन्द्वको समयमा तत्कालीन द्वन्द्वरत पक्षबाट किसानका खेतबारीहरु आफ्नो कब्जामा लिने, विस्थापित गराउने, किसानले लगाएका बालीहरु खेतबारीबाट नै जबर्जस्ती उठाएर लैजाने, किसानका भकारीमा भएका धानहरु लुट्नेजस्ता थुप्रै घटनाहरु भएका थिए । त्यस्ता घटनाहरुमा आयोगले घटनास्थलमा नै उपस्थित भएर त्यस्ता सम्पत्तिहरु फिर्ता गराउने तथा फिर्ता गराउन पहल गर्ने कार्य गरेको थियो । आयोगले दर्ता भएका उजुरीको आधारमा विस्थापित गराएका कम्तीमा ३८ घटनाहरुका पीडितहरुलाई स्थापित गराउनका लागि सिफारिस गरेको थियो । किसानको सम्पत्तिमाथि भएका लुटपाटका कम्तीमा १२ घटनाहरुमा अनुसन्धान गरी सम्पत्ति फिर्ता गर्न र दोषीलाई कार्यबाही गर्न सिफारिस गरेको थियो ।

सशस्त्र द्वन्द्वको समयमा नवलपरासी जिल्लाको सोमनी वर्गदवामा माओवादी र प्रतिकार समूहको गतिविधिबाट विस्थापित भएका किसानहरु (व्यक्तिहरु) लाई तत्कालै पुनर्स्थापित गराउन, सुर्खेत जुम्ला सडक खण्ड निर्माण कार्यमा रहेका सैनिकहरुमाथि कालिकोट जिल्लाको पिलीमा २०६२ साउन २३ गते तत्कालीन माओवादीले गरेको आक्रमणको

क्रममा क्षति भएका सर्वसाधारण किसानका क्षतिग्रस्त घर गोठको जाँचबुझ गरी क्षतिपूर्ति उपलब्ध गराउन, बाराको सुन्दरादेवीमा कब्जामा लिएका किसानको जग्गा फिर्ता गरी आफ्नो जग्गाको उपभोग गर्ने वातावरण बनाउन, बारा जिल्लाकै सपहीका किसानको कब्जा भएको जग्गा फिर्ता गरी क्षतिपूर्तिसमेत उपलब्ध गराउन, कैलाली जिल्लाका खैलाङलगायतका किसानहरूको माओवादी कब्जामा रहेको जग्गा र घर फिर्ता गरी पुनर्स्थापित गराउन सिफारिस गर्ने र त्यसको कार्यान्वयनका लागि पहल गरेको छ । सप्तरी जिल्लाको शम्भुनाथ, सिसवा वेल्ही क्षेत्रका किसानको तत्कालीन द्वन्द्वरत पक्ष र जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्वाला सिंह) लगायतबाट कब्जा भएको जग्गाको क्षतिपूर्ति उपलब्ध गराउनेलगायतका घटनाहरूमा अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस र तत्कालीन नेकपा माओवादीलाई आग्रह गरेको थियो ।

यसबाहेक नेपाली सेनाले पर्वत जिल्लाको शिवालयका १०२४ किसानहरूको नाममा रहेको जग्गा २०५८ सालदेखि काँडेतार लगाई राखेको विषयमा आयोगमा सर्वसाधारण जग्गाधनीलाई कानुनबमोजिमको मुआबजा दिलाई निजहरूको जग्गा खाली गराउन पनि नेपाल सरकारलाई सिफारिस गरी पठाएपछि त्यसको क्षतिपूर्तिको लागि सरकारबाट पहल सुरू भएको थियो । आयोगले किसानको अधिकार सम्बन्धमा उजुरीको आधारमा गरेका यी केही उदाहरणहरू हुन् ।

आयोगमा दर्ता हुन आएका उजुरीहरूका आधारमा माथि उल्लिखित कार्यहरू सम्पन्न भएका थिए भने सार्वजनिक रूपमा प्रेस विज्ञप्तिलगायतका सञ्चारका माध्ययमबाट पनि किसानको अधिकार संरक्षण र संवर्द्धनमा भूमिका निर्वाह गरेको थियो । नेकपा (माओवादी) बाट कब्जामा लिएका घरजग्गाहरू फिर्ता गर्न, विस्थापितहरूलाई पुनर्स्थापित गर्ने, बाढीबाट विस्थापित भएका किसानहरूको पुनर्स्थापना गर्न, महँगीबाट किसानहरूको समेत जीविकोपार्जन सहज तुल्याउन, खाद्यसङ्कटको अवस्थामा सुधार गर्न, हलिया प्रथा अन्त्य गर्न, सम्पत्ति कब्जागर्ने कार्य तत्काल रोक्न र सुकुम्बासी समस्यालाई सम्बोधन गर्नको लागि सार्वजनिक रूपमा आह्वानसमेत गर्दै आएको छ ।

विभिन्न निकुञ्जहरू र सीमा क्षेत्रसँग जोडिएका भारतीय निकुञ्जहरूबाट नेपाल प्रवेश गरी जङ्गली जनावरले किसानले लगाएका बाली नष्ट गरेको, सीमा क्षेत्रमा भारतीय पक्षले निर्माण गरेका बाँधका कारण नेपाली खेतीयोग्य जमिन डुबानमा पर्दा त्यसबाट किसानहरूमा परेको समस्याको बारेमा समेत अनुगमन गरेको छ । त्यसको परिणाम प्राप्त गर्न थप कार्य गरिनु जरूरी देखिन्छ ।

## ६.३ आयोगबाट भएका केही नीतिगत पहलहरू

आयोगले उल्लिखित अवस्थासँगै केही नीतिगत सिफारिस पनि गरेको छ । भूमिहीन किसान तथा सुकुम्बासीहरूको विषयमा आयोगमा दर्ता भएका उजुरीमा निर्णय गर्दै सुकुम्बासीको परिभाषा गरेको छ । आयोगले "आफ्नो वा आफ्नो परिवार वा अंशियारको नाममा जग्गाधनी वा मोहीको हैसियतले नेपाल राज्यभर कुनै पनि ठाउँमा घरजग्गा नभएका वा घरजग्गा जोड्न सक्ने स्रोतसाधन नभएका नेपाली नागरिक व्यक्ति वा परिवारलाई सुकुम्बासी" भन्न सकिने उल्लेख गरेको छ ।[१८६] सम्भवतः सुकुम्बासीको परि भाषा गरिएको यो पहिलो व्याख्या हुन सक्दछ । यस्तै आन्तरिक रूपमा विस्थापितहरूको नेकपा माओवादीबाट कब्जा भएका घरजग्गा शीघ्रातिशीघ्र फिर्ता गर्न तत्कालीन नेकपा (माओवादी) र सरकारलाई नीतिगत सिफारिस गरेको छ ।[१८७] नेपालको सुदूर र मध्यपश्चिम क्षेत्रलगायत देशका अन्य भागमा विद्यमान रहेको हलिया प्रथा मानव अधिकारको प्रचलित सिद्धान्त एवम् यससम्बन्धी कानुनहरूको प्रतिकूल देखिएकोले हलिया प्रथा उन्मूलन गरी उनीहरूको पुनर्स्थापनाको लागि आवश्यक नीतिनियम तर्जुमा गरी आधारभूत मानव अधिकारको संरक्षणको लागि आवश्यक व्यवस्था गर्न [१८८] पनि सिफारिस गरेको छ । आयोगको समेत सिफारिसपछि नेपाल सरकारले यस प्रथाको अन्त्य गरेको घोषणा गरेको थियो । यसबाहेक भूमिहीनहरूको अधिकार रक्षा र पुनर्स्थापनाको लागि मुलुकका विभिन्न स्थानहरूमा विद्यमान भूमिहीनहरूको समस्यालाई उपयुक्त रूपले सम्बोधन गर्न तथा निजहरूको हक र हितलाई प्रभावकारी रूपमा संरक्षण गर्ने, गराउने प्रयोजनको लागि अविलम्ब उच्चस्तरीय आयोग गठन गर्न[१८९], कमलहरी जस्तो शोषणमूलक सम्बन्ध र मानव अधिकार विरोधी प्रथा, प्रचलन विद्यमान रही रहन उपयुक्त नदेखिएकोले त्यसको अन्त्यको निमित्त अविलम्ब आवश्यक व्यवस्था गर्न[१९०] पनि सिफारिस गरेको थियो ।

आयोगले आफ्नो सङ्गठनात्मक संरचनामा सामूहिक अधिकार महाशाखा स्थापना गरी कार्य गर्दै आएको छ । किसानको अधिकारसँग सम्बन्धित उल्लिखित विषयहरूमा आवश्यक नीति, नियम निर्माण गर्दै आयोगले नीतिगत रूपमा सिफारिस गरी सरकारलाई पठाएको छ । तर, त्यसको कार्यान्वयन अवस्था भने सन्तोषजनक रहेको देखिँदैन ।

१८६ मानव अधिकारसम्बन्धी महत्वपूर्ण निर्णयहरु, राष्ट्रिय मानव अधिकार आयोग, कानुन महाशाखा, वर्ष २, अङ्क ३ २०७४ असार पृष्ठ ३९ ।

१८७ आयोगका नीतिगत सिफारिसहरु (वि.सं. २०५७-२०७१), राष्ट्रिय मानव अधिकार आयोग, २०७१ वैशाख, पृष्ठ ३० ।

१८८ ऐ.ऐ. पृष्ठ ३७

१८९ ऐ.ऐ. पृष्ठ ३७

१९० ऐ.ऐ. पृष्ठ ३८

## ६.४ आयोगको योजनामा किसानको अधिकार

आयोगले आफ्नो पाँचौ रणनीति योजना (२०१५-२०२०) मा विपन्न सीमान्तीकृत एवम् पिछडिएका वर्गको अधिकार सुनिश्चित गर्ने उद्देश्यलाई महत्वपूर्ण स्थान दिएको छ । योजनाले किसान वर्गको समेत अधिकारको बारेमा जागृत हुने आफ्नो रणनीतिक प्रतिफल हुने उल्लेख गरेको छ । सोही योजनाले किसान वर्गको अधिकारसम्बन्धी विद्यमान कानुनको पुनरावलोकन गर्ने, अधिकार उपभोगको अवस्थाको बारेमा अध्ययन, अनुसन्धान र अनुगमन गर्ने, किसान समेतको अधिकार सुनिश्चितताको लागि नीति, नियम बनाउन सरकारलाई सिफारिस गर्ने, हलिया कम्लहरी, वादी, हरूवा, चरूवा, मुसहरलगायतका समुदायका अधिकारका लागि अनुकूल वातावरण गर्न सरकारलाई सिफारिस गर्ने तथा किसानको अधिकारको बारेमा संवाद, अन्तरक्रियाजस्ता कार्यहरु गर्ने रणनीतिक कार्यक्रमहरु रहेको अवस्था छ । यसैअनुरूप आयोगका वार्षिक कार्यक्रमहरूमा यी विषयहरूले स्थान प्राप्त गर्ने सन्दर्भमा यो अध्ययन सम्पन्न भएको हो ।

# परिच्छेद सात

# किसानको अधिकार र सरकार

नेपाल सरकारले आ.व. ०६१।०६२ देखि आवधिक रूपमा मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयन गर्दै आएको छ । हाल सरकारको चौथौ आवधिक योजना कार्यान्वयनमा रहेको छ । किसानको अधिकार सन्दर्भमा यस योजनाले पनि केही सम्बोधन गरेको छ । आयोगले किसानको अधिकारसम्बन्धी कानुनको पुनरावलोकनको सन्दर्भमा सरकारका अन्य सम्बद्ध निकायहरूमा पत्राचार गरी लिखित सूचना सङ्कलनको प्रयास गरेको थियो । आयोगको प्रयासबमोजिम अधिकांश सरकारी निकायहरूबाट सुझावसहितका सूचनाहरु प्राप्त भएका छन् । प्राप्त सूचनाहरूले किसानको कल्याणको पक्षमा विभिन्न कार्यक्रमहरु सञ्चालित रहेको देखिन्छ । तर, अधिकारको दृष्टिकोणबाट सरकारी स्तरमा अझै पनि थप कार्य गर्नुपर्ने अवस्था देखिएको छ । यस विषयमा सरकारले प्राथमिकताका साथ कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ । राष्ट्रिय कार्ययोजनाले निदिष्ट गरेका योजना र सरकारी निकायहरूबाट प्राप्त सूचना तथा सुझावहरूलाई सङ्क्षिप्तमा तल उल्लेख गरिएको छ ।

## ७.१ नेपाल सरकारको मानव अधिकार राष्ट्रिय कार्ययोजना

संयुक्त राष्ट्रसङ्घले सन् १९९३ मा अष्ट्रियाको राजधानी भियनामा विश्व मानव अधिकार सम्मेलन सम्पन्न गरेको थियो । सो सम्मेलनले आफ्ना सबै सदस्य राष्ट्रहरूलाई विश्वमा मानव अधिकार संस्कृतिको विकास गर्न मानव अधिकारको संरक्षण र संवर्धनको लागि राष्ट्रिय कार्य योजना तयार गरी लागू गर्न आह्वान गरेको थियो । संयुक्त राष्ट्रसङ्घको आह्वानपछि नेपाल सरकारले आ.व. ०६१।०६२ देखि देशमा मानव अधिकार राष्ट्रिय कार्ययोजना तयार गरी कार्यान्वयनको प्रयास गर्दै आएको छ । हाल नेपाल सरकरको चौथो मानव अधिकार राष्ट्रिय कार्ययोजना कार्यान्वयनमा छ । यस कार्ययोजनाले किसानको अधिकारलाई सम्बोधन गर्ने प्रयास गरेको छ । यसभन्दा पहिलेको तेस्रो (आ.व. २०६७।०६८-०६८।०६९) कार्ययाजनाले पनि आदिवासी जनजाति र दलित, श्रम तथा रोजगार, वातावरण र दिगो विकास, महिला अधिकार तथा सामाजिक न्यायका विषयलाई स्थान दिएको थियो । कार्ययोजनाले आदिवासी जनजाति र दलित वर्गको विकासका लागि प्राकृतिक तथा आर्थिक स्रोत-साधनमाथि अत्यधिक पहुँच, नियन्त्रण र स्वामित्व

पुऱ्याउने[१९१], गरिबीको रेखामुनिका जनताहरूको लागि विशेष सीपमूलक तालिम प्रदान गर्ने[१९२], चिरस्थायी विषादीहरूको सुरक्षित विसर्जन गर्ने[१९३]लगायतका कार्यक्रमहरु तय गरेको थियो ।

नेपाल सरकारले जारी गरेको चौथो (आ.व.२०७१।०७२-०७५।०७६) मानव अधिकार राष्ट्रिय कार्ययोजनमा किसानका अधिकारसम्बन्धी खाद्यसुरक्षा (खाद्य-सम्प्रभुता), श्रम तथा रोजगार, वातावरण र दिगो विकास, अवास, सामाजिक सेवा र सुरक्षालगायतका १८ विषयहरु निर्धारण गरेको छ ।[१९४] यी विषयहरु कुनै न कुनै रूपमा किसानका अधिकारसँग सम्बन्धित छन् । खाद्यबालीहरूको उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृषि विकाससँग सम्बन्धित कार्यक्रमहरूको सञ्चालन, व्यावसायिक तरकारी फलफूल उत्पादन, व्यावसायिक मत्स्यपालन तथा व्यावसायिक पशुपालन कार्यक्रम सञ्चालन, मौरीपालन तथा च्याउ उत्पादन क्षेत्र विस्तार, कृषि उपज बजारीकरणको लागि बजारपूर्वाधार र अन्य कार्यक्रममा अनुदान, गुणस्तरीय बिउ, बिरूवा तथा बिरूवाजन्य उपजहरूको आयात तथा निर्यात, अस्वस्थ्यकर बिउ, बिरूवा तथा बिरूवाजन्य उपजहरूको स्वच्छता परीक्षण, स्थानीयस्तरमा हुन सक्ने उत्पादनका लागि कुषकहरूलाई प्रोत्साहन, खाद्य पहुँचको सुनिश्चितता, मानव स्वास्थ्यलाई हानि नोक्सानी पुऱ्याउने किसिमका विषादीहरूको आयातमा रोक, प्रत्येक जिल्लामा पशु बधशाला स्थापना, सबै जिल्लामा व्यवस्थित पशु हाटबजार सञ्चालन, पशु सङ्कलन केन्द्र र मासु पसल स्थापना, वर्णसङ्कर बिउ अनुसन्धान तथा उत्पादन, स्थानीय जातका पशुपक्षी तथा बालीनाली उत्पादन वृद्धिलगायतका कार्यक्रमहरु तय गरेको देखिन्छ ।[१९५] नागरिकको भूमिसम्बन्धी हक संरक्षण गर्न कानुन निर्माण र कार्यान्वयन, राष्ट्रिय भू-नीति तर्जुमा, भू-उपयोग नीति कार्यान्वयन, मुक्तकमैया र मुक्त हलिया पुनर्स्थापनासम्बन्धी कार्यक्रम सञ्चालन, आवाससम्बन्धी विधेयक तयार गर्ने पनि कार्यक्रम रहेको उल्लेख छ ।[१९६] मोहीयानी हक भएको जग्गाको द्वैध स्वामित्वको अन्त्य, जमिनको समुचित उपयोग, जग्गाको मुआबजा जग्गा नै दिने[१९७] सिँचाइको लागि आवश्यक पानीको न्यायोचित उपलब्धता तथा वितरण सुनिश्चित गर्ने, विस्थापित

---

१९१ त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजना (आ.व. २०६७।६८-२०६९।७०, नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, २०७० पृष्ठ ४०

१९२ ऐ.ऐ. पृष्ठ ५१

१९३ ऐ.ऐ. पृष्ठ ७१

१९४ चौथो मानव अधिकार राष्ट्रिय कार्यायोजना (आ.व. २०७१।०७२-२०७५।०७६), नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौँ, २०७१ साउन पृष्ठ ३० र ३१

१९५ ऐ.ऐ. पृष्ठ ५८-६०

१९६ ऐ.ऐ. पृष्ठ ४४

१९७ ऐ.ऐ. पृष्ठ ७९-८०

परिवारलाई समयमै उचित मुआबजा तथा क्षतिपूर्ति उपलब्ध गराउने, बाढी-पहिरो तथा डुबान पीडित परिवारको समस्या समाधान गर्नेलगायतका उद्देश्य र कार्यक्रमहरु निश्चित गरिएको पाइन्छ ।[१९८]

कार्ययोजनाले चिरस्थायी विषादीहरूको सुरक्षित विसर्जन, नदी किनारामा बसोबास गरिरहेका अव्यवस्थित सुकुम्बासी बस्तीको व्यवस्थापन, हिमाली र पहाडी जिल्लामा खाद्यान्न ढुवानीमा अनुदान, खाद्य भण्डारणको व्यवस्था, महिला, दलित, पिछडावर्ग, सीमान्तीकृत, वादी समुदाय आदिलाई पोषणयुक्त खाद्यान्न उपलब्ध गराउने लगायतका किसानका अधिकारसँग सम्बन्धित अन्य कार्यक्रमहरु पनि तय गरेको छ ।

## ७.२ कृषि विकास मन्त्रालय

यस मन्त्रालयले किसानका अधिकारहरूको बारेमा बिउबिजन ऐन, २०४५, ऐ. नियमावली २०६९ र कृषि जैविक विविधता (प्रथम संशोधन) नीति, २०७१ कार्यान्वयनमा रहेका र ती व्यवस्थाहरूले किसानलाई क्षतिपूर्ति उपलब्ध गराउने तथा परम्परागत ज्ञान तथा अधिकारका बारेमा सम्बोधन गरेको उल्लेख गरेको छ । मन्त्रालयले बिउबिजनको दीर्घकालीन राष्ट्रिय सोच २०१३-२५ ले पनि किसानका अधिकारसम्बन्धी व्यवस्था गरेको, कृषि विकास रणनीति, २०७२ तयार भएको, खाद्य-अधिकार सम्बन्धी विधेयक, खाद्य-सुरक्षानीतिको मस्यौदा तयारी भइरहेको, बिरूवाको जात संरक्षण र कृषि अधिकार विधेयक पनि तयारीको क्रममा रहेको उल्लेख गरेको छ । मन्त्रालयले किसानका अधिकार संरक्षणार्थ बिउबिजन, मलखाद, सामग्री एवम् मेसिनरी औजार, ढुवानी साधनमा अनुदान, प्राविधिक सेवाको निःशुल्क व्यवस्था, उत्कृष्ट किसान, समूहहरूलाई वार्षिक रूपमा प्रोत्साहन पुरस्कार वितरण, किसान परिचयपत्र वितरणजस्ता कार्य भइरहेको उल्लेख गरेको छ ।

मन्त्रालय मातहत रहेको राष्ट्रिय कृषि अनुसन्धान तथा विकास कोषबाट कृषि क्षेत्रको अनुसन्धान तथा विकासका लागि प्रतिस्पर्धात्मक अनुदान पद्धतिलाई आधार मानी विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ, संस्था, कम्पनी तथा प्रा.लि.मार्फत अनुदान रकम उपलब्ध गराउने व्यवस्था गरेको, नीति तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखाबाट किसानका अधिकार सुनिश्चित गर्न र विभिन्न नीतिगत / संरचनागत संयन्त्रमा किसानको प्रतिनिधित्वको लागि उच्चस्तरीय अधिकारसम्पन्न स्थायी प्रकृतिको किसान आयोग गठन सम्बन्धमा कार्य गरेको उल्लेख गरेको थियो । हाल किसान आयोग गठन भइसकेको छ । कृषि सूचना तथा सञ्चार केन्द्रले आम सञ्चारको माध्यमबाट कृषि प्रविधि प्रसारका कार्यक्रमहरु सञ्चालन गर्ने कार्य गर्दै आएको भए पनि अधिकार स्थापनार्थ खासै कार्य गर्न

---

१९८ ऐ.ऐ. पृष्ठ ९०

सकेको देखिएन । केन्द्रबाट कानुनमा समावेश गरिनुपर्ने सुझावहरु पनि प्राप्त भएनन् ।

मन्त्रालय मातहत नै रहेको व्यावसायिक कृषि तथा व्यापार आयोजनाले किसानको अधिकारसम्बन्धी कानुन निर्माण वा पुनरावलोकन हुँदा नेपालको संविधानले प्रत्याभूत गरेबमोजिम प्रत्येक किसानलाई कृषि कार्यका लागि भूमिमा पहुँच, परम्परागत रुपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हकको प्रचलन, भूमिमा दोहोरो स्वामित्वको अन्त्य, वैज्ञानिक भूमि सुधार, जग्गाको चक्लाबन्दि गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, भू-उपयोग नीति निर्माण गरी कृषकको हकहितको संरक्षण र संवर्धन, कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, कृषकका लागि कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था, खेतीयोग्य जमिनलाई बाँझो राख्न नपाउने, खाद्य-सम्प्रभुताको हकको प्रत्याभूति, उत्पादनमा भाग लिन चाहने कृषकहरुका लागि आवश्यक जमिनमा पहुँच तथा नियन्त्रण, किसान अदालतको स्थापना, कमैया, हलिया, हरुवा, चरुवा, दर्ता वा बेदर्तावाला मोही तथा उत्पादक किसानको स्वामित्व, कृषकको परम्परागत प्रविधि, ज्ञान, सीपको संरक्षणको अधिकार, कृषि प्रविधि, उपकरण तथा सूचनाको पहुँचको अधिकार, नीतिगत निर्णयहरुमा सहभागिताको अधिकार, बौद्धिक सम्पत्तिको अधिकार, बाली तथा जातको अधिकार, परम्परागत ज्ञानको अधिकार, संरक्षित जातको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति प्राप्त गर्ने अधिकार, कृषि सहकारी संस्थालाई अन्य वित्तीय सहकारीभन्दा अलग्गै बिशेष सहुलियत, किसान परिचयपत्र सम्पूर्ण कृषकहरुलाई उपलब्ध गराई विशेष सहुलियत हुनेलगायतका प्रावधानहरु रहेको कानुन निर्माण हुनुपर्नेतर्फ सुझाएको छ । यस आयोजनाले विशेष निर्यातयोग्य बाली वस्तुहरुको उत्पादनस्थल किटान गरी अन्तर्राष्ट्रिय मापदण्डबमोजिमको उत्पादन, प्रशोधन, प्याकेजिङ तथा प्रमाणीकरणको सरल र सहुलियते व्यवस्था हुनुपर्ने पनि उल्लेख गरेको छ ।

## ७.३ नेपाल कृषि अनुसन्धान परिषद्

यस परिषद्ले नेपाल कृषक तथा कृषक समुदायद्वारा विकसित प्रविधिहरुको बौद्धिक सम्पत्तिको अधिकार (Intellectual Property Rights) उनीहरुमा निहित हुन नसकेको, विभिन्न बाली, पशु, मत्स्यका परम्परागत जातहरु संरक्षण र संवर्द्धन गरेबापतको अधिकार कृषक वा कृषक समुदायमा सुरक्षित रहन नसकेको, कुनै पनि निकायले सिफारिस गरेको कृषिसम्बन्धी प्रविधि अवलम्बन गर्दा सोबाट हुने नोक्सानीको क्षतिपूर्ति पाउने अधिकार सुरक्षित हुन नसकेको एवम् कृषिसम्बन्धी परम्परागत ज्ञान तथा सीप (Indigenous/traditional knowledge) सम्बन्धी अधिकार पनि किसानमा सुरक्षित हुन नसकेको परिप्रेक्ष्यमा किसानसम्बन्धी कानुनको पुनरावलोकन हुँदा त्यस्ता विषयहरुलाई उच्च प्राथमिकता दिनुपर्ने उल्लेख गरेको थियो ।

## ७.४ पशुसेवा विभाग

पशुपंन्छी विकास मन्त्रालय मातहत रहेको पशुसेवा विभागले पशुपालन क्षेत्रका कृषकहरूका अधिकारहरूका लागि बर्डफ्लु नियन्त्रण आदेश, २०६४, बाली तथा पशुधन बिमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०, पशुसेवा विभागले लागू गरेको क्षतिपूर्तिसहितको नागरिक बडापत्र जस्ता कानुन एवम् दस्तावेजहरु कृषकका अधिकारको पक्षमा रहेको अवगत गराएको छ । विभागले पशुपालन क्षेत्रका कृषकहरूका अधिकार सम्बन्धमा नयाँ कानुन निर्माण गर्दा कृषकले उत्पादन गरेका पशुजन्य पदार्थको बजारीकरणको सुनिश्चितता, आकस्मिक भेटेनरी सेवा, नेपाली कृषकले उत्पादन गरेको पशुजन्य पदार्थको विश्वव्यापी निर्यातका लागि सजिलो प्रक्रिया हुने व्यवस्था समेटी कानुन निर्माण हुनुपर्ने विषयलाई समावेश गर्न सुझाएको छ ।

## ७.५ कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयले किसानको अधिकारसम्बन्धी कानुन निर्माणलाई दोस्रो प्राथमिकतामा राखिएको र सो सम्बन्धमा सम्बन्धित मन्त्रायबाट सहमति माग भई नआएको तथा कानुन मन्त्रालयले पनि सहमति प्रदान नगरेको ब्यहोरा उल्लेख गरेको छ ।

## ७.६ सहकारी तथा गरिबी निवारण मन्त्रालय

सहकारी तथा गरिबी निवारण मन्त्रालयले किसानको अधिकारसम्बन्धी कानुनको विषय आफ्नो मन्त्रालयसँग सम्बन्धित नरहेको भनी जबाफ पठाएको अवस्था छ ।

## समीक्षा

सरकारी स्तरबाट किसानको हकहितको लागि विभिन्न कार्यक्रमहरु सञ्चालनमा रहेको अवस्थालाई सकारात्मक रूपमा लिन सकिन्छ । त्यसमा पनि नेपाल सरकारले मानव अधिकारसम्बन्धी राष्ट्रिय कार्यायोजनामा नै किसानको अधिकारलाई समावेश गरी मानव अधिकार विकास पद्धतिमा ढाल्न गरेको प्रयास प्रशंसनीय छ । तर, यसको कार्यान्वयन पक्ष सन्तोषजनक हुन नसक्नु चिन्ताको विषय हो । उदाहरणको लागि तेस्रो कार्ययोजनामा नै उल्लेख गरिएका आदिवासी जनजातिसम्बन्धी व्यवस्थाहरु चौथो कार्ययोजनाको अन्त्यसम्म पनि कार्यान्वयन हुन नसक्नु, गरिबीको रेखामुनि रहेका जनताहरूलाई उपलब्ध गराउने भनिएको तालिमको सङ्ख्यामा अघिल्लो वर्ष र पछिल्लो वर्षको सङ्ख्या (तथ्याङ्क)

मा कुनै परिवर्तन नहुनु[१९९] किसानको समेत स्वास्थ्यमा गम्भीर असर गर्ने चिरस्थायी विषादीहरूको सुरक्षित विसर्जनसम्बन्धी कार्यक्रमको प्रगतिको तथ्याङ्कको अवस्था पनि दुवै आर्थिक वर्षमा समान स्थितिमा रहनु[२००] यसका लाक्षणिक सूचकहरू हुन् । यस योजनामा किसानको अधिकारसम्बन्धी कानुन तर्जुमा गरी लागू गर्ने व्यवस्थालाई स्पष्ट रूपमा सम्बोधन हुन सकेको अवस्था पनि देखिँदैन । त्यसैले, नेपाल सरकारले यस कार्ययोजनालाई आफ्ना कार्यक्रम तथा नीति र बजेटमा समावेश गरेर अगाडि बढाउनलाई अझै सक्रियता बढाउनुपर्ने देखिन्छ । किसानका अधिकारहरूको संरक्षण र किसानको जनजीविकासँग प्रत्यक्ष सम्बन्धित कानुन निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह हुन सक्ने देखिन्छ ।

कृषक र कृषिसँग सम्बन्धित विभिन्न ऐनहरू तर्जुमा भई कार्यान्वयनमा रहेको देखिए तापनि ती कानुनहरू अधिकार पद्धतिमा भन्दा पनि परम्परागत रूपमा कार्यान्वयनमा रहेका देखिन्छन् । अधिकारलाई सम्बोधन गर्न सक्ने केही व्यवस्थाहरू पनि छरिएर रहेका देखिन्छन् । सेवा प्रदायक निकायहरूको अवस्था पनि समान देखिँदैन । यस अवस्थामा किसानको अधिकारको कानुनी संरक्षणका लागि किसानहरूको भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हकको प्रचलन, भूमिमा दोहोरो स्वामित्वको अन्त्य, वैज्ञानिक भूमि सुधार, जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, भू-उपयोग नीतिनिर्माण गरी कृषकको हकहितको संरक्षण र संवर्धन, कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, कृषकका लागि कृषि उपजको उचित मूल्य र बजार पहुँचको व्यवस्था, खेतीयोग्य जमिनलाई बाँझो राख्न नपाउने, खाद्य-सम्प्रभुताको हकको प्रत्याभूति, उत्पादनमा भाग लिन चाहने कृषकहरूका लागि आवश्यक जमिनमा पहुँच तथा नियन्त्रण, किसान अदालतको स्थापना, कमैया, हलिया, हरूवा, चरूवा, दर्ता वा बेदर्तावाला मोही तथा उत्पादक किसानको स्वामित्व, कृषकको परम्परागत प्रविधि, ज्ञान, सीपको संरक्षणको अधिकार, कृषि प्रविधि, उपकरण तथा सूचनाको पहुँचको अधिकार, नीतिगत निर्णयहरूमा सहभागिताको अधिकार, बौद्धिक सम्पत्तिको अधिकार, बाली तथा जातको अधिकार, परम्परागत ज्ञानको अधिकार,

---

१९९ नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्री परिषद्को कार्यालयबाट प्रकाशित तेस्रो त्रिवर्षीय मानव अधिकार राष्ट्रिय कार्ययोजनाको आ.व. ०६७।०६८ र आ.व. ०६८।०६९ को वार्षिक प्रगति प्रतिवेदनको क्रमशः पृष्ठ ५१ को क्र.सं. १ र ५५ को पृष्ठ १ मा समान अङ्क वि.सं. २०३४ सालमा सीप विकास तथा व्यावसायिक तालिम केन्द्र स्थापना भएपछि हालसम्म करिब १,९८००० हजार युवालाई तालिम प्रदान गरेको तथा दुवै आर्थिक वर्षमा १०९०३ जनालाई तालिम दिने लक्ष्य भएको भनिए पनि फरकफरक वर्षमा छापिएका प्रतिवेदनमा कुनै प्रगति देखाउन नसकेको देखिन्छ ।

२०० ऐ.ऐ.को क्रमशः पृष्ठ ७० र ७६

संरक्षित जातको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति प्राप्त गर्ने अधिकार, कृषि सहकारी संस्थालाई अन्य वित्तीय सहकारीभन्दा अलग्गै विशेष सहुलियत, किसान परिचयपत्र सम्पूर्ण कृषकहरूलाई उपलब्ध गराई विशेष सहुलियत हुनेलगायतका प्रावधानहरु रहेको एकीकृत कानुन निर्माणको आवश्यकता रहेको महसुस गर्न सकिन्छ ।

यसरी निर्माण हुने कानुनमा किसानको बौद्धिक सम्पत्तिको अधिकार र परम्परागत ज्ञान तथा सीपसम्बन्धी अधिकारका विषयहरु पनि उल्लेख हुनु उपयुक्त देखिएको छ । कृषकले उत्पादन गरेको पशुजन्य पदार्थको विश्वव्यापी निर्यातका लागि सजिलो प्रक्रिया हुने व्यवस्था समेटी कानुन निर्माण हुनुपर्नेतर्फ माथिका व्यवस्थाहरूले इङ्गित गरेको देखिन्छ । तर, कृषिप्रधान देशमा यो ऐन निर्माण सरकारको प्राथमिकतामा पछाडि रहनु आफैंमा सन्तोषजनक व्यवस्था हो भन्न सकिने अवस्था पनि देखिएन ।

# परिच्छेद ८

# किसानको अधिकार र राजनीतिक दलहरू

आयोगले नेपालका प्रमुख राजनीतिक दलहरू नेपाली काङ्ग्रेस, नेपाल कम्युनिस्ट पार्टी (तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (एमाले) र तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), तत्कालीन तराई मधेस लोकतान्त्रिक पार्टी, सङ्घीय समाजवादी फोरम, नेपाल मजदुर किसान पार्टीलगायतका दलहरूलाई पनि पत्राचार गरी किसानको अधिकारसम्बन्धी कानुन पुनरावलोकनको विषयमा सुझाव माग गरी पठाएको थियो । जसमध्ये आयोगमा ती दलहरूबाट प्राप्त सुझावहरू देहायमा उल्लेख गरेबमोजिम रहेका छन् ।

## ८.१ तत्कालीन नेकपा (एमाले)

नेकपा(एमाले) को भातृसङ्गठनको रूपमा रहको अखिल नेपाल किसान महासङ्घले २०७२ सालमा महासम्मेलन गरी किसानको अधिकार (आन्दोलन) सम्बन्धमा कार्यदिशा, कार्यनीति र कार्ययोजना तयार गरेको देखिन्छ । सोबमोजिम आगामी दिनहरूका कार्यभार भनी भूउपयोग आयोग तुरून्त निर्माण गरी भूउपयोग नीति अगाडि ल्याउने, वैज्ञानिक भूमि सुधार लागू गर्ने, खाद्य-सम्प्रभुतासम्बन्धी ऐन कानुन तर्जुमा गरी लागू गर्न सरकारसँग माग गरेको देखिन्छ । महासङ्घले किसानहरूद्वारा सहकारीका माध्ययमबाट जलविद्युत् र वैकल्पिक ऊर्जा स्थापना गर्ने नीति ल्याउन पनि सरकारलाई आग्रह गरेको छ । यसबाहेक महासङ्घले सामूहिक तथा सहकारी कृषि उत्पादन प्रणाली लागू गर्न, कृषि उत्पादनमा सूचना प्रविधि स्थापित गर्न, वर्गीकृत परिचयपत्र लागू गर्न, किसानहरूलाई प्रशिक्षण, अध्ययन र अनुसन्धानलाई कृषि व्यावसायिकरणको अभिन्न अङ्ग बनाउन, कृषिका हरेक उत्पादनका हरेक क्षेत्रमा बीमासम्बन्धी व्यवस्था लागू गर्न, जैविक प्राङ्गारिक उत्पादन नीति लागू गर्न, गाउँगाउँमा युवा स्वरोजगार कार्यक्रम लागू गर्न, जलवायु परिवर्तनमा राष्ट्रिय सर्तकता अपनाउनेलगायतका विषयहरू किसान आन्दोलनका निम्ति आगामी कार्यभार रहेको उल्लेख गरेको पाइन्छ ।[२०१]

---

२०१ सैद्धान्तिक–राजनीतिक प्रतिवेदन (छैठौँ महासम्मेलन), अखिल नेपाल किसान महासङ्घ, राष्ट्रिय समिति, ललितपुर २०७३ वैशाख ५ पृष्ठ ४९ देखि ६० सम्म

## ८.२ नेपाली काङ्ग्रेस

नेपाली काङ्ग्रेसले आफ्नो निर्वाचन घोषणापत्र[२०२]मा आनुवंशिक स्रोतको व्यावसायिक उपयोगमा स्थानीय कृषक समुदायको हक स्थापित गरिने कानुन ल्याइने उल्लेख गरेको देखिन्छ । यसबाहेक वैज्ञानिक भूमिसुधारका लागि भूमिको परम्परागत प्रयोग र तत्सम्बन्धी कानुनी व्यवस्था, भूमि सुधारसम्बन्धी प्रतिवेदनहरू, बसाइँसराइको जनसाङ्ख्यिक पद्धति र विज्ञ एवम् कृषकको राय-सल्लाहलाई समेत दृष्टिगत गर्दै कृषिमा भू-उपयोगको नीति अवलम्बन गरिने उल्लेख गरेको छ । सो पार्टीले कृषि जैविक विविधताको महत्व भएका बाली तथा वस्तुहरूको पहिचान गरी दिगो संरक्षण तथा उपयोग कार्यक्रम सञ्चालन गर्ने, नेपालको १८ लाख हेक्टर खेतीयोग्य जमिन बाह्रै मास सिञ्चित गर्दै आगामी दश वर्षभित्र कृषि उत्पादकत्व ३२७८ टन प्रतिहेक्टरबाट दोब्बर बनाइने तथा तराई-मधेसमा भूमिगत सिँचाइ (स्यालो र डिप ट्युबेल) को व्यापक विस्तार गर्ने र खेत-खेतमा सिँचाइ पुर्‍याउने मूल ध्येयका साथ बाह्रै महिना सिँचाइ हुने कृषियोग्य भूमिको अंशलाई बढाएर आगामी पाँच वर्षभित्रमा ५० प्रतिशत पुर्‍याउनेलगायतका प्रतिबद्धताहरू व्यक्त गरेको पाइन्छ ।

## ८.२ तत्कालीन नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)

नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्रले किसानको अधिकारसम्बन्धी कानुनमा उनीहरूको खाद्य-सम्प्रभुताको अधिकार, भूमिमाथिको अधिकार, प्राकृतिक स्रोतसाधनहरू माथिको अधिकार, बिउबिजन, नस्ल र आनुवांशिक स्रोतमाथिको अधिकार, कृषि उपजको मूल्य तोक्न पाउने र बजारको अधिकार, उत्पादनका साधनहरू माथिको अधिकार र पहुँच, व्यावहारिक र सैद्धान्तिक शिक्षा, शिक्षा र रोजगारको अधिकार, जैविक विविधताको अधिकार, निवृत्तिभरणको अधिकार, अनुदान र सेवा-सुविधामाथिको अधिकार, संरक्षणको हक, वातावरणीय संरक्षण र न्यायको अधिकार, राहत, क्षतिपूर्ति र बीमाको हक, सहकारी र कम्युनको हक, पूर्वाधारको हक, कृषि तथा कृषिजन्य उद्योग, किसानहरूको सूचना, प्रसार, ज्ञान, सीप र नयाँ प्रविधिको अधिकार, दिगो र जैविक विविधतामा आधारित पर्यावरणीय कृषिको अधिकार र किसानहरूको सङ्गठित हुन पाउने अधिकारको सुनिश्चित हुनुपर्ने सुझाव प्रस्तुत गरेको थियो ।

## ८.२ नेपाल मजदुर किसान पार्टी, नेपाल क्रान्तिकारी किसान सङ्घ

यस्तै नेपाल मजदुर किसान पार्टीले संविधानमा समाजवाद उन्मुख राज्य उल्लेख भएकाले समाजवादमा नपुग्दाको अवस्थामा जमिन जोत्नेको सिद्धान्तको आधारमा क्रान्तिकारी

२०२ नेपाली कांग्रेसको घोषणापत्र, प्रतिनीधि सभा र प्रदेशसभा निर्वाचन, २०७४ **avaiable at :** http://www.nepalicongress.org/index php?linkId=171

भूमिसुधार लागू गर्नुपर्ने, विभिन्न किसान सङ्घ-सङ्गठनहरू समावेश गरी अधिकारसम्पन्न किसान आयोग गठन गर्नुपर्ने, राज्य संरचनाका सबै अङ्गहरूमा किसानहरूलाई जनसङ्ख्याको अनुपातमा प्रतिनिधित्व हुने व्यवस्था गर्नुपर्ने, ५८ वर्षमाथिका किसानलाई पुग्दो निर्वाहभत्ता, आदर निकेतन र हेरचाहको व्यवस्था गर्नुपर्ने । त्यसका लागि प्रत्येक गाँउ टोलमा आदर निकेतनको व्यवस्था गर्नुपर्ने, कृषि क्षेत्रले राष्ट्रिय आयमा पुऱ्याएको योगदानको अनुपातमा कृषिमा बजेट विनियोजन हुने व्यवस्था गर्नुपर्ने, जमिनको हदबन्दी व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने, हदबन्दीमा परेको जमिन बिनामुआबजा राष्ट्रियकरण गर्नुपर्ने, विभिन्न उद्योग, प्रतिष्ठान र व्यक्तिको नाममा रहेको बाँझो जग्गा बिनामुआबजा राष्ट्रियकरण गर्नुपर्नेलगायतका सुझावहरू प्रस्तुत गरेको छ ।

यस पार्टीले भूमिहिन, गरिब, किसान, सुकुम्बासी, हरूवा, चरूवालगायतका जोताहा किसानहरूलाई मोहियानी हक र गरी खान पुग्ने न्यूनतम जग्गा वितरण गर्नुपर्ने, मुक्तकमैया, मुक्त हलिया, कम्हलरी, हरूवा, चरूवालगायत बाध्यतामा पारिएका किसानको सबैखाले ऋण र बन्धनबाट मुक्त गरी निजहरूले जोतिएको जग्गामा स्वामित्व दिनुपर्ने, मोहियानी हकलाई पैतृक सम्पत्तिको रूपमा कानुनी व्यवस्था गरी मोहियानी हकको जग्गा जमिन अंशबण्डा गर्न, बेचबिचन, दानदातव्य गर्न, बैंकमा धितो राख्न पाउने व्यवस्था गर्नुपर्ने, जुनसुकै बेला मोही र जग्गाधनीबीच जग्गा बाँडफाँड गर्न पाउने व्यवस्था गर्नुपर्ने, हालसम्म दर्ता बाँकी रहेको ऊर्वर जग्गा वास्तविक जोताहा किसानको नाममा स्वतः दर्ता हुने व्यवस्था गर्नुपर्ने, निजी गुठी जनिएका जग्गा बाँडफाँड गर्दा मोहीले पाएको आधा जग्गामा समेत पुनः गुठी कायम रहने र त्यस्तो जग्गा हक हस्तान्तरण गर्दा साविक गुठी जग्गासरह अक्षयकोष राख्नुपर्ने व्यवस्था खारेज गर्नुपर्ने, भूमिको द्वैध स्वामित्व अन्त्य गर्दा भूमिसुधार अधिकारीले गरेको निर्णयउपर पुनरावेदन गर्न पाउने व्यवस्था हुनुपर्ने, गुठी ऐनमा संशोधन गरी गुठी जग्गा साविक मूल्यमै रैकरमा परिणत गर्न दिनुपर्ने, किसानहरूलाई निःशुल्क शिक्षा र निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था गरी जीवनका सबै क्षेत्रमा समान अवसरको प्रत्याभूति गर्नुपर्ने पनि उल्लेख गरेको छ ।

यस्तै किसानहरूलाई अध्यनको लागि रात्री कक्षाको व्यवस्था, निःशुल्क कृषि अध्ययन भ्रमण र तालिमको व्यवस्था, बाढी, पहिरो, असिना, हुरी तथा प्राकृतिक प्रकोप पीडित किसानलाई राहत दिने व्यवस्था गर्नुपर्ने, कर्णालीलगायत दुर्गम क्षेत्रका लागि विशेष कृषि योजना ल्याउनुपर्ने, कर्णालीमा जडीबुटी प्रशोधन केन्द्र स्थापना गर्नुपर्ने, तराईका जिल्लामा उखु उत्पादक किसानहरूका लागि मोहियानी हकको व्यवस्था गरी उखुको उचित मूल्य निर्धारण गर्न सर्वपक्षिय स्थायी संयन्त्र बनाउनुपर्ने, वन-जङ्गल, गौचरण, बाटो, कुलो, घाटजस्ता सार्वजनिक जग्गाजमिन संरक्षण विशेष पहल गर्नुपर्ने, देशभरि कुलो, पैनी आदिको सञ्जाल बनाई सिँचाइको व्यवस्था गनुपर्ने, मोहियानी हकको जग्गा, दर्ताबाँकी

जग्गामा बनेको घर भूकम्प वा अन्य प्राकृतिक प्रकोपका कारण क्षति भएमा सरकारले राहत, अनुदानको व्यस्था गरी पुन सोही स्थानमा घर बनाउन पाउने व्यवस्था गर्नुपर्ने, अल्पकालीन तथा दीर्घकालीन कृषि रणनीति निर्माणमा विभिन्न राजनीतिक दलका किसान सङ्घ-सङ्गठनलाई सहभागी गराउने व्यवस्था गर्नुपर्ने, कृषिमा विविधीकरण, आधुनिकीरण र व्यावसायीकरण गरी युवा जनशक्तिलाई आकर्षित गर्नुपर्ने, कृषि अनुसन्धान केन्द्रको कार्यलाई प्रभावशाली बनाउनुपर्ने, जमिनको खण्डीकरणलाई निरूत्साहित गरी चक्लाबन्दी वा सहकारी खेती कार्यक्रमलाई जोड दिनुपर्ने, देशभरि एकीकृत शत्रुजीव व्यवस्थापन (आइपिएम) कार्यक्रम लागू गर्नुपर्ने, उपत्यका र अन्य क्षेत्रमा कृषियोग्य ऊर्वरभूमिमा जग्गा प्लानिङ रोक्नुपर्ने, विदेशीलाई निर्वाध रूपमा लगानी गराउने व्यवस्था रोक्नुपर्ने र पशुपालनमा आधुनिकीरण गर्ने व्यवस्था गर्नुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरेको थियो ।

## समीक्षा

प्रमुख राजनीतिक दलहरूसँग अयोगले सुझाव माग गरेको भए पनि माथि उल्लिखित दुईबाहेक अन्य दलले आयोगलाई सुझाव पठाउन आवश्यक नठानेको अवस्था देखिन्छ । जुन दलबाट सुझाव प्राप्त भएको छ ती दलहरु किसानको अधिकार संरक्षणसम्बन्धी कानुन निर्माणको पक्षमा रहेको देखिन्छ । दलहरूबाट प्राप्त खाद्य-सम्प्रभुताको अधिकार, भूमिमाथिको अधिकार, प्राकृतिक स्रोत-साधनहरूमाथिको अधिकार, बिउबिजन, नस्ल र आनुवांशिक स्रोतमाथिको अधिकार, कृषि उपजको मूल्य तोक्न पाउने र बजारको अधिकार, उत्पादनका साधनहरु माथिको अधिकार र पहुँच, व्यावहारिक र सैद्धान्तिक शिक्षा, शिक्षा र रोजगारको अधिकार, जैविक विविधताको अधिकार, निवृत्तीभरणको अधिकारसमेत समेटिनुपर्ने सुझावहरूलाई सकारात्मक रूपमा लिनुपर्दछ । यसबाहेक बाँझो जग्गा किसानलाई उपलब्ध लगाउने व्यवस्थासमेतका विषयहरु ऐनमा समावेश हुन सकेमा उपयुक्त हुने देखिन्छ ।

# परिच्छेद ९

# किसानको अधिकार र किसान आयोग

नेपाल सरकारको २०७३ माघ ६ गतेको निर्णयअनुसार राष्ट्रिय किसान आयोग गठनसम्बन्धी कार्यकारी आदेश, २०७३ जारी भएको छ । सो आदेशबमोजिम नेपालमा किसान आयोग पनि गठन भएको छ । आयोगको स्थापना पछाडिको उद्देश्य कृषि क्षेत्रलाई आधुनिकीकरण, व्यावसायीकरण र विविधीकरण गरी किसानको हकहितको संरक्षण र संवर्द्धन गर्ने, कृषिसम्बन्धी ऐन, कानुन तथा योजना तर्जुमा गर्दै कृषि अनुसन्धान र प्रसारलाई किसानमैत्री बनाउने, कृषिसम्बन्धी नीति, ऐन, नियम, योजना सम्बन्धमा नेपाल सरकारलाई पृष्ठपोषण गर्ने समेत रहेको देखिन्छ । कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि गरी किसानको हक, हित र अधिकारको संरक्षण एवम् प्रवर्द्धन गर्ने कार्यसँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सहयोग पुर्‍याउन यो आयोगको गठन हुने उल्लेख छ । उल्लिखित उद्देश्यप्राप्तिको लागि यस आयोगलाई अन्य विभिन्न कर्तव्यसँगै किसानको अधिकार सम्बन्धमा निम्न कार्यादेशहरु प्रदान गरेको देखिन्छ :

- नेपाल सरकारले जारी गरेका विद्यमान नीति, ऐन, नियममा किसान अधिकारमा रहेको नीतिगत भिन्नता (Policy Gap) को सम्बन्धमा अध्ययन तथा विश्लेषण गरी सुधारको लागि नेपाल सरकारलाई सुझाव दिने ।
- किसान हकहित अधिकार एवम् किसानहरूको राज्यप्रतिको कर्तव्य र दायित्वका लागि नँया नीति ऐन वा नियमावली बनाउन नेपाल सरकारलाई सहयोग गर्ने ।
- किसान अधिकारको अनुगमन, सुपरिवेक्षण गर्ने र सुधारको लागि नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।
- कृषि कार्यमा प्रयोग हुने प्राकृतिक स्रोत-साधनमा किसानहरूको पहुँच बढाउने र अधिकार स्थापना गर्ने ठोस कार्ययोजना नेपाल सरकारसमक्ष सिफारिस गर्ने ।
- विभिन्न वाली वस्तुहरूको बजार सरलीकरण, गुणस्तर तथा लागत प्रतिस्पर्धात्मकता अभिवृद्धि र मूल्य अभिवृद्धिको आधारमा किसानले उचित मूल्य पाउने उपायको बारेमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तुगत सङ्घ उत्पादक सहकारी सङ्घ तथा किसान सञ्जाल एवम् सङ्गठनहरूको क्षमता अभिवृद्धि गरी किसानहरूको हकअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने उपायहरु सम्बन्धमा नेपाल सरकारलाई सुझाव दिने ।

- किसानहरूको परम्परागत ज्ञान, सीप, प्रविधि, रैथाने जात, बिउ, नस्ल तथा किसानहरूले विकास गरेका बाली/पशु नस्लमा उनीहरूको पहुँच र प्रयोग बढाउन तथा त्यसमा किसानहरूको अधिकार स्थापना गर्न नेपाल सरकारलाई आवश्यक सुझाव दिने ।
- कृषि पेसालाई आकर्षित बनाउन अवलम्बन गर्नुपर्ने किसान अधिकारसम्बन्धी नीति तथा कार्यक्रमका सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने गराउने ।
- संविधानले व्यवस्था गरेका किसानहरूका हकहित र अधिकारहरू कार्यान्वयन भए-नभएको सम्बन्धमा अध्ययन गरी नेपाल सरकारलाई आवश्यक सिफारिस गर्ने ।
- सरकारी तथा गैरसरकारी एवम् निजी क्षेत्रबाट सञ्चालित नीति तथा कार्यक्रमर परियोजनाहरूबाट किसानहरूको अधिकार हनन भएमा सम्वन्धित निकाय र नेपाल सरकारलाई जानकारी गराई आवश्यक सिफारिस गर्ने ।

उल्लिखित उद्देश्यहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा किसान आयोगले किसानको अधिकार संरक्षण र प्रवर्द्धन गर्नका लागि किसान सङ्घ÷सङ्गठन कार्यविधि २०७४ बनाई कार्य गर्दै आएको पनि देखिन्छ । यस आयोगले आयोग आदेशको आधारमा मात्र नभई कानुनी हुनुपर्ने आवश्यकता महसुस गरेको देखिन्छ । आफ्नो प्रथम वार्षिक प्रतिवेदनमार्फत यस आयोगले किसानका अधिकार संरक्षणार्थ निम्न सुझावहरू प्रस्तुत गरेको देखिन्छ :

- भू–उपयोग नीतिअनुसार ऐन नियम निर्माण गरी लागू गर्ने,
- किसानको वर्गीकरण गरी परिचयपत्र वितरण गर्नुपर्ने र त्यसैको आधारमा किसानले राज्यबाट प्राप्त गर्ने सेवा सुविधा प्रवाह गर्ने व्यवस्था मिलाउने,
- कृषि ऋण, कृषि बीमा, अनुदान र कृषि विकाससम्बन्धी मौजुदा नीति नियमहरूलाई परिमार्जन गरी किसानमैत्री गराउनुपर्ने,
- राष्ट्रिय किसान आयोगलाई अधिकार सम्पन्न स्वतन्त्र निकायको रूपमा काम गर्ने व्यवस्था हुन सोसम्बन्धी ऐन निर्माण गरिनुपर्ने,
- सङ्घ, प्रदेश र स्थानीय तहबाट सञ्चालन हुने कृषि र पशु विकास कार्यक्रमका लागि स्पष्ट खाका तयार गरी सोहीअनुसार बजेट व्यवस्थान गरी किसानहरूले हाल पाइरहेको सेवा, सुविधालाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्ने,
- जङ्गली जनावरबाट कृषिजन्य उत्पादन र मानव आक्रमणबाट पुग्ने गरेको क्षतिपूर्तिको लागि कानुन निर्माण गरी क्षतिपूर्तिसम्बन्धी व्यवस्था मिलाउनुपर्ने,
- किसानको सामाजिक सुरक्षा भत्ता लागू गर्न विशेष पहल गर्नुपर्ने,
- बाँझो जग्गा व्यवस्थापन र करार खेती व्यवस्थापन सम्बन्धमा आम किसानको लागि नयाँ नीति तर्जुमा गरी ऐन नियममार्फत कार्यान्वयनमा ल्याउनुपर्ने,

- साना किसानहरूको संरक्षणका लागि कृषि उत्पादनका प्राथमिक क्षेत्रहरूमा उपयुक्त नियमनसहित कृषि पूर्वाधारको रूपमा सिँचाइ, तटबन्ध, कृषि सडक, प्रशोधनका क्षेत्रमा वैदेशिक सहयोगको व्यवस्था गर्नुपर्ने,
- किसानहरूले बाली भित्र्याउन पहिले नै कृषिबालीको न्यूनतम समर्थन मूल्य तोकिने व्यवस्था गर्नुपर्ने लगायतका सुझावहरु प्रस्तुत गरिएको रहेछ ।

किसानको अधिकारसम्बन्धी कानुनको पुनरावलोकनको सन्दर्भमा राष्ट्रिय किसान आयोगले किसानहरूको हकहित संरक्षण, संवर्द्धन, ससशक्तीकरण र मानव अधिकारलगायत विषय कृषि विकाससँग पनि सम्बन्धित हुने भएकोले किसान र समग्र कृषि क्षेत्रको विकासको लागि संरक्षक/अभिभावकको रूपमा किसान आयोगलाई सशक्त रूपमा लानुपर्ने विषय समावेश गरिदिन आयोगलाई सुझाव दिएको देखिन्छ ।

# परिच्छेद १०

# निष्कर्ष र सुझावहरू

## १०.१. निष्कर्ष

माथिका परिच्छेदहरूमा चर्चा गरिएका अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरु, छरिएर रहेका राष्ट्रिय कानुनी व्यवस्थाहरु, सर्वोच्च अदालतबाट भएका आदेशहरु, राष्ट्रिय मानव अधिकार आयोग र किसान आयोगबाट भएका सिफारिसहरु, नेपाल सरकारबाट भइरहेका कार्यहरु तथा राजनीतिक दलहरूका प्रतिबद्धता समेतबाट नेपालमा किसानको अधिकारसम्बन्धमा केही न केही सकारात्मक व्यवस्थाहरु भएको देखिन्छन् । भइरहेका व्यवस्थाहरूबाट सम्मानपूर्वक बाँच्न पाउने, संस्था खोल्न पाउने, समान कानुनी संरक्षण प्राप्त गर्न पाउने, कानुनको अधिनमा रही सम्पत्तिको प्रयोग गर्न पाउने, सूचना पाउने, इच्छाविरूद्ध काम गर्नु नपर्ने लगायतका मानव अधिकारहरु किसानहरूले पनि अन्य नागरिकसरह प्राप्त गर्न सक्ने देखिन्छ । यसबाहेक राज्यका निकायहरूमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा किसानको सहभागिताको अधिकार मौलिक हकको रूपमा सुनिश्चित छ । किसानलाई तो केरै कृषि कार्यको लागि भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हकलाई मौलिक हकको रूपमा प्रदान गरी सकारात्मक पहल भएको छ । यस्तै अवस्था नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूले प्रदान गरेका अधिकारहरूको पनि छ । तर, किसानले यी सबै व्यवस्थाहरूको उपभोग गर्न पाउने अवस्थाको सिर्जना र वास्तविक कार्यान्वयनको लागि किसानको अधिकारसम्बन्धी एकीकृत कानुन निर्माणको आवश्यकता भने राज्यबाट पूर्ति गरिनुपर्ने अवस्था रहेको छ । अन्तर्राष्ट्रिय कानुनी व्यवस्थाहरूलाई घरेलुकरण गरिनु पनि आवश्यक रहेको देखिन्छ ।

संयुक्त राष्ट्रसङ्घले समेत किसान तथा ग्रामीण जनताका अधिकार संरक्षणसम्बन्धी आवश्यकता महसुस गरी स्थायी संयन्त्रको निर्माणको पहल गरी सकेको सन्दर्भमा किसानको सम्मानपूर्वक बाँच्न पाउने अधिकारको सम्मान गर्न राज्यले उनीहरूलाई कुपोषण र उपयुक्त स्वास्थ्य सेवाबाट वञ्चित रहनुपर्ने अवस्थाको अन्त्य गर्नुपर्ने देखिन्छ । त्यसको लागि किसानको अधिकारमा किसान सामाजिक सुरक्षाअन्तर्गत सामाजिक बिमाको व्यवस्था हुनुपर्ने देखिन्छ । जसको लागि संविधानको धारा १८(३) को प्रतिबन्धात्मक वाक्यांशमा उल्लेख भएबमोजिम किसानको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानुन बनाई विशेष व्यवस्था हुन जरूरी छ । किसानको मौलिक हकअन्तर्गत व्यवस्था गरिएको धारा ४२(४) को व्यवस्था कार्यान्वयनको लागि समेत किसानको अधिकारसम्बन्धी

छुट्टै कानुन निर्माण हुनु आवश्यक छ । समग्रमा संविधानको धारा २५(२)बमोजिम राज्यले कुनै पनि किसानको जग्गा अधिग्रहण गर्नुपर्ने अवस्था आएमा त्यसको वैकल्पिक व्यवस्था पछि मात्र अधिग्रहण हुने व्यवस्था नयाँ बन्ने कानुनमा समाहित हुन उपयुक्त देखिन्छ । सोही अवस्था किसानको अधिकारको सन्दर्भमा संविधानले लिएका नीतिहरूको कार्यान्वयनका लागि पनि आवश्यक छ । किसानलाई अधिकार प्रचलनमा सहजता प्रदान गर्नको लागि उनीहरूको अधिकारको प्रत्याभूतिको व्यवस्था स्थानीय तह, प्रदेश र सङ्घबाट प्राप्त गर्न सकिने स्पष्ट कानुन व्यवस्था गरिनु उपयुक्त हुन निष्कर्षमा पुग्न सकिन्छ ।

संविधानले किसानको हकलाई मौलिक हकको मान्यता दिएको छ । स्वास्थ्य, शिक्षा, आवास, खाद्य-अधिकार, खाद्य-सम्प्रभुता, खाद्य-सुरक्षा तथा मानवीय मर्यादासहितको जीवनयापन गर्न पाउने हकका अतिरिक्त कृषि कार्यका लागि जमिनमा पहुँच, विउबिजन तथा परम्परागत ज्ञानको संरक्षण तथा त्यसबाट लाभ लिने कुरालाई पनि मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ । संविधानतः प्रत्याभूत यी मौलिक हकसँग सम्बन्धित निर्देशक सिद्धान्त र राज्यका नीतिहरूमा पनि कृषि क्षेत्रको विकास, गरिबी निवारणलाई विशेष प्राथमिकतामा राखिएको छ । साथै, आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ लगायतका मानव अधिकारसम्बन्धी सन्धि-सम्झौताअन्तर्गत राज्यले भोकबाट मुक्ति तथा पर्याप्त खाद्य-अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने दायित्वलाई स्वीकार गरेको छ । कानुनको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार समिति समेतले उक्त दायित्वको परिपालनाका लागि कृषि क्षेत्रको विकास तथा सुधारलाई पनि औंल्याएको पाइन्छ । संविधान एवम् अन्तर्राष्ट्रिय मानव अधिकार कानुनमा आधारित भएर नेपालको सर्वोच्च अदालतले पनि किसानका अधिकारका कतिपय पक्षहरूलाई संवैधानिक तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनी प्रत्याभूतिहरूको आलोकमा व्याख्या गर्दै राज्यलाई जिम्मेवार बनाउदै आएको छ । यस विषयमा राष्ट्रिय मानव अधिकार आयोगले पनि आफ्नो जिम्मेवारी महसुस गर्दै कार्य आरम्भ गरेको छ । सरकारले अधिकारको रूपमा नभए पनि कल्याणकारी अवधारणाको आधारमा विभिन्न गतिविधिहरू सञ्चालन गर्दै आएको देखिन्छ । राजनीतिक दलहरूको पनि किसानको अधिकारको सन्दर्भमा सकारात्मक चासो रहेको निष्कर्षमा पुग्न सकिन्छ ।

विपन्नता तथा भूमिहिन अवस्थाका किसानको भलाइ तथा कल्याणका लागि केही हदसम्म उपयोगी कानुनी व्यवस्थाहरू प्रचलनमा नभएका होइनन् । तर, ती व्यवस्थाहरू वर्तमान संविधानअन्तर्गतका प्रत्याभूतिको सन्दर्भमा पर्याप्त छैनन् । कानुनी प्रावधानहरू कल्याणकारी अवधारणाबाट प्रेरित भएकाले अधिकारका रूपमा व्यावहारिक कार्यान्वयनमा आउन नसकेको देखिन्छ । नागरिकले दावी गर्न सक्ने तथा अधिकारको उल्लङ्घन भएमा

सम्बन्धित निकायलाई जिम्मेवार बनाउन सक्ने ठोस संयन्त्र एवम् नियमनकारी निकायको अभाव देखिन्छ । कृषि विकास गर्ने तथा किसानको पहिचान र सम्मानलाई प्रवर्द्धन गर्ने तर्फका नीति, योजना तथा कार्यक्रमहरु लागू गरिएको भए तापनि तिनलाई कानुनमा ढाल्ने र व्यावहारिक रूपमा राज्यले जिम्मेवारपूर्ण ढङ्गले कार्यान्वयन गर्ने वातावरण सृजना गर्न बाँकी नै छ । किसानको हकहितको संरक्षणको सन्दर्भमा कानुनी अपर्याप्तताको स्थिति प्रमुख समस्याको रूपमा रहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ भैरहेका कानुनी प्रावधानहरूलाई एकत्रित गर्ने किसानको हकहितको परिप्रेक्ष्यबाट तिनलाई कार्यान्वयनमा लानका लागि आवश्यक उपाय अवलम्बन गर्नेतर्फ ध्यान नजाँदा किसानले पर्याप्त लाभ उठाउन सकेको अवस्था छैन । कतिपय न्यायिक निर्णयहरूको कार्यान्वयन हुन सकेको छैन भने राष्ट्रिय मानव अधिकार आयोगको कार्यादेश पनि किसान वर्गको हितमा पर्याप्त उपयोग गर्नुपर्ने अवस्था देखिएको छ । किसानको अधिकार संरक्षणको सन्दर्भमा केही हदसम्म संसदीय निगरानीको प्रयास भए पनि संसदीय समितिका सिफारिसहरु कार्यान्वयनतर्फ पनि सरकारका निकायहरूको खासै ध्यान जान सकेको छैन ।

यस अवस्थामा कृषि क्षेत्रको दिगो विकास गर्दै किसानका अधिकारहरूको संरक्षण र प्रवर्द्धनका लागि गरिएका संवैधानिक प्रत्याभूति तथा अन्तर्राष्ट्रिय कानुनी दायित्वलाई यथोचित रूपमा व्यावहारिक कार्यान्वयनमा ल्याउने विधायिकी कानुनको रिक्ततालाई सम्बोधन गरी किसान वर्गको जीवनस्तर उकास्न ढिला भइसकेको देखिन्छ । कृषिमा संलग्न सबै नागरिकले सम्मानजनक तरिकाले जीवनयापन गर्न सक्ने अवस्थाको सृजना गर्न विद्यमान कानुनमा संशोधनका अतिरिक्त किसानको सम्मान र पहिचान, खाद्य-अधिकार तथा खाद्य-सम्प्रभुता, बिउबिजन छनौट तथा संरक्षणको अधिकार, परम्परागत ज्ञानको संरक्षण, प्राकृतिक स्रोत माथिको पहुँच, सामुदायिक स्वामित्वको मान्यता, क्षतिपूर्ति तथा हर्जनाको अधिकार, सिँचाइ सुविधा तथा कृषि पूर्वाधारमा पहुँच, कृषि मजदुरहरूको हकहित संरक्षण, जबर्जस्ती विस्थापनबाट संरक्षणजस्ता विषयहरूमा रहेको कानुनी रिक्ततालाई संवोधन गर्ने गरी नयाँ कानुन बन्नु आवश्यक छ । आर्थिक सामाजिक अधिकारको विपन्न किसान, साना किसान तथा गरिबीको अवस्थामा रहेका जनताले उपभोग गर्न सक्ने वातावरण सृजना गर्न राज्यका तर्फबाट यथोचित प्रयास भए नभएको, निजी क्षेत्र तथा राष्ट्रिय, अन्तर्राष्ट्रिय व्यापारिक समुदायको क्रियाकलापबाट पर्न गएको असरसमेतका सन्दर्भमा अनुगमन गरी सरकारलाई जबाफदेही वनाउन राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय किसान आयोग तथा संसदीय समितिहरूको भूमिकामा अभिवृद्धि हुनुपर्ने देखिन्छ ।

नयाँ कानुनका आवश्यकतालाई देखाएर राज्यले विद्यमान कानुन कार्यान्वयनको दायित्वबाट पन्छिन् मिल्दैन । तसर्थ, विवेचना गरिएका कानुनी प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गरी किसानहरूको अवस्थामा सुधार ल्याउन लागिपर्नु त्यत्तिकै आवश्यक छ । यस

सन्दर्भमा ठोस सुझाव तथा निष्कर्ष टिप्पणी निम्न छन् :

## १०.२. सुझाव/सिफारिसहरू

माथि उल्लिखित निष्कर्षका आधारमा किसानहरूको अधिकार संरक्षणसम्बन्धी कानुन निर्माणको सन्दर्भमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय कार्यपालिका तथा सङ्घीय व्यवस्थापिका, प्रदेश व्यवस्थापिका र स्थानीय व्यवस्थापिकालाई नेपालको संविधानको धारा २५, ३६, ४२, ४४, ५१ र २९० मा गरिएका व्यवस्थाहरु, सर्वोच्च अदालतबाट जारी भएका आदेशहरु, राष्ट्रिय मानव अधिकार आयोगका सिफारिसहरु र विशेषतः संयुक्त राष्ट्रसङ्घीय संयन्त्रबाट प्राप्त सुझावहरूसमेतलाई ध्यान दिई तपसिलमा उल्लेख गरिएका विषयहरूलाई समेत समावेश गराई किसानको अधिकारसम्बन्धी एकीकृत नयाँ कानुन उच्च प्राथमिकताका साथ तर्जुमा गरी कार्यान्वयन गर्न निम्नबमोजिम सिफारिस हुन उपयुक्त देखिन्छ :

१. तर्जुमा गरिने कानुनहरूमा किसानको पहिचान र सम्मानको सुनिश्चितता गर्न,

२. भूमिहिन तथा सुकुम्बासी किसानले सरकारी र सार्वजनिक जग्गाको उच्चतम प्रयोग गरी कृषि उत्पादन वृद्धि गर्न पाउने व्यवस्था गर्न,

३. किसानले आँफै खाद्यान्न उत्पादन गरेर आत्मनिर्भर हुने, किसानले उत्पादन गरेको खाद्यान्नको भण्डारण र सुरक्षण, नागरिकको खाद्य-सुरक्षाका लागि उत्पादन, बजार व्यवस्थापन र अन्नको सुरक्षा गरी किसानसहित सबै नागरिकलाई खाद्यान्नमा सहज पहुँचको सुनिश्चिततासम्बन्धी व्यवस्था गर्न,

४. किसानको भूमिमा पहुँच, परम्परागत रूपमा प्रयोग र अवलम्बन गरिएको स्थानीय बिउबिजन र कृषि प्रजातिको छनौट र संरक्षणको हकको प्रचलन गर्न-गराउन,

५. वैज्ञानिक भूमि सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषकको हकहितको संरक्षण र सम्बर्धन, कृषिको उत्पादन र उत्पादकत्व वृद्धि, कृषकका लागि कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्थासम्बन्धी व्यवस्था गर्न,

६. खेतीयोग्य जमिनलाई बाँझो राख्न नपाउने, खाद्य-सम्प्रभुताको हकको प्रत्याभूति, उत्पादनमा भाग लिन चाहने कृषकहरूका लागि आवश्यक जमिनमा पहुँच तथा नियन्त्रण,

७. कमैया, हलिया, हरूवा, चरूवा, दर्ता वा बेदर्तावाला मोही तथा उत्पादक किसानको स्वामित्व, कृषकको परम्परागत प्रविधि, ज्ञान, सीपको संरक्षणको अधिकारको सुनिश्चिततासम्बन्धी व्यवस्था

८. कृषि प्रविधि, उपकरण तथा सूचनाको पहुँचको अधिकार, नीतिगत निर्णयहरूमा

सहभागिताको अधिकार, बौद्धिक सम्पत्तिको अधिकारको संरक्षणसम्बन्धी व्यवस्था गर्न,

९. बाली तथा जातको अधिकार, परम्परागत ज्ञानको अधिकार, संरक्षित जातको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति प्राप्त गर्ने अधिकार, कृषि सहकारी संस्थालाई अन्य वित्तीय सहकारीभन्दा अलग्गै विशेष सहुलियत, किसान परिचयपत्र सम्पूर्ण कृषकहरूलाई उपलब्ध गराई विशेष सहुलियत हुने लगायतका प्रावधानहरूको व्यवस्था गर्न,

१०. निर्यातयोग्य बाली वस्तुहरूको उत्पादन स्थल किटान गरी अर्न्तराष्ट्रिय मापदण्डबमोजिमको उत्पादन, प्रशोधन, प्याकेजिङ तथा प्रमाणीकरणको सरल र सहुलियते व्यवस्थासम्बन्धी व्यवस्था,

११. कृषकले उत्पादन गरेका पशुजन्य पदार्थको बजारीकरणको सुनिश्चितता, आकस्मिक भेटेनरी सेवा, नेपाली कृषकले उत्पादन गरेको पशुजन्य पदार्थको विश्वव्यापी निर्यातका लागि सजिलो प्रक्रिया हुने व्यवस्था समावेश गर्न,

१२. किसानसँग सम्बन्धित रहेका विद्यमान कानुनहरु नेपालको संविधानका कतिपय प्रावधानहरु प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा विपन्नतामा रहेका जनता तथा किसानको हकहित प्रतिकूल रहेका हुँदा त्यस्ता कानुनको पहिचान गरी अधिकारमुखी दृष्टिकोणबाट पुनरावलोकन गर्न,

१३. किसानको हकहितका सन्दर्भमा व्यवस्था गरिएका विद्यमान कानुन कार्यान्वयन पक्षमा सुधारको आवश्यकता देखिँदा त्यस्ता कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि प्रभावकारी उपायहरूको अवलम्बन गर्न, गराउन,

१४. संविधान र अन्तर्राष्ट्रिय दायित्वअनुरूप किसानका हकहितको संसरक्षणतर्फ सङ्घीयताको सन्दर्भमा सबै तहका सरकारलाई जबाफदेही बनाउन तथा राष्ट्रिय किसान अयोगको भूमिका प्रभावकारी बनाउन,

१५. नीतिगत सुधारका प्रयास तथा कानुनको तर्जुमालगायतका प्रक्रियामा किसानको सुसूचित तथा अर्थपूर्ण सहभागितालाई सुनिश्चित गर्न ।

## केन्द्रीय कार्यालय

हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२
इमेल : nhrc@nhrcnepal.org
फोन : ०१-५०१००१५, १६, १७, १८
वेवसाइट : www.nhrcnepal.org
फ्याक्स : ०१-५५४७९७३, ५५४७९७५
हटलाइन : ५० १० ०००

## क्षेत्रीय कार्यालयहरु

विराटनगर, चाँदनीचोक
फोन : ०२१-४६१९३१, ४६१०९३
फ्याक्स : ०२१-४६११००

जनकपुर, देवीचोक
फोन : ०४१-५२७८११, ५२७८१२
फ्याक्स : ०४१-५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन : ०६१-४६२८११, ४६३८२२
फ्याक्स : ०६१-४६५०४२

नेपालगञ्ज, शान्तिनगर
फोन : ०८२-५२६७०७, ५२६७०८
फ्याक्स : ०८१-५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन : ०९१-५२५६२१, ५२५६२२
फ्याक्स : ०९१-५२५६२३

## उपक्षेत्रीय कार्यालयहरु

खोटाङ्, दिक्तेल, फोन : ०३६-४२०२८४
रुपन्देही, बुटवल, फोन : ०७१-४१०१७५, ४१०१७६
जुम्ला, खलङ्गा, फोन : ०८७-५२०२२२
सानेपा, ललितपुर, फोन : ०१-५५३०३६२